‘भ्रष्टाचारी नभई पार्टी नचल्ने सिद्धान्त कहाँ छ ?’ -भैरवप्रसाद लम्साल

नेपाल

आइतबार • २५ भदौ २०७४ • मूल्य रु. २५

nepal.ekantipur.com

राष्ट्रिय सा...

संवेदनहीन संसद्

आमसरोकारका मुद्दाबाट विमुख

यी प्राज्ञ, जो दोहोरो सुविधा लिन्छन्

पश्चिम मधेसमा राजपाको विकल्प खोजी

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
चिन्ता हैन निश्चिन्तता छ
किनकि जगदम्बा ई छ
यसले दिन्छ भूकम्प प्रतिरोधक निर्माण र जीवनभरको निश्चिन्तता ।
PRISMA - O&M/16
NS QUALITY AWARD 2015
M/S JAGDAMBA STEELS P. LTD
SIMARA, BARA
NS QUALITY AWARD-2015
NEPAL BUREAU OF STANDARDS AND METROLOGY
KATHMANDU, NEPAL
*भूकम्प प्रतिरोधक घर, भवन तथा संरचना निर्माणका लागि गुणस्तरिय निर्माण सामाग्री र नियम अनुसार निर्माण प्रविधि कार्यान्वयन आवश्यक पर्दछ ।
JAGDAMBA E
JAGDAMBA E Fe 500
NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।
facebook.com/jagdambasteels
• अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
• अन्तर्राष्ट्रिय गुणस्तर
किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
चिसो चिसो
COOL COOL
नवरत्न
आयुर्वेदिक तेल

भित्र

आइतबार, २५ भदौ २०७४ (वर्ष १८, अंक ६)
NEPAL National Weekly, 10 Sept 2017 (Vol. 18, No.6)

नेपाल
www.nepal.ekantipur.com

अनुत्तरदायी संसद्

आवरण २८

१५ राजनीति
पश्चिम मधेसमा राजपाको विकल्प !

२० विसंगति
प्राज्ञका दुवै हातमा लड्डु

२४ संवाद


'व्यवस्था सञ्चालन गर्ने मान्छेहरू नै रद्दी'
– भैरवप्रसाद लम्साल



४० वैदेशिक लगानी
अमैत्री लगानी बोर्ड

५४ झल्याकझुलुक
आफ्नैमाथि आक्रोश
पूजाको ध्यान कता ?

४२ नयाँ पुस्ता
पढ्ने, कमाउने, सिक्ने

दृष्टिकोण : हस्त गुरुङ १८
अभिमत : केशव दाहाल ३६
परदेशबाट : विश्वास हमाल ३८

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक अंश (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल
साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने
कपी डेस्क : ईश्वरी ज्ञवाली, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १८ भदौ २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

गैरजिम्मेवार टिप्पणी

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणले उनीप्रति नेपाली जनतामा रहेको धेरथोर सम्मानमा पनि पूर्णविराम लागेको छ *(रुटिन-रुट दिल्ली, १८ भदौ)*। त्यसो त यसअघि पनि उनले मन्त्रीहरूलाई बैंकक शयर गराएर होस् वा जम्बो मन्त्रिपरिषद् निर्माण गरेर, प्रधानमन्त्री पदको गरिमा घटाउने काम गरेकै थिए। यसपटक त उनी खुलेरै भारतभक्तिमा उत्रिएजस्तो लाग्यो। आफ्नो स्वार्थका लागि यतिसम्म नतमस्तक हुनु उनका लागि लाभदायक होला तर मुलुकका लागि छैन।

छिमेकी राष्ट्र हुनाले नेपालको राजनीतिक अस्थिरता देखेर त्यसप्रति तिक्तता जाहेर गर्नु असल छिमेकीको कर्तव्य हो। तर, संसद्‌बाट विफल भइसकेको संविधान संशोधनको प्रसंगलाई लिएर देउवाले गरेको टिप्पणीले उनको देशप्रति हुनुपर्ने जिम्मेवारीमाथि प्रश्नचिह्न खडा गरेको छ। संविधान संशोधनजस्तो मुलुकको आन्तरिक मामिलालाई विदेशमा गएर किन उछाल्नु पर्‍यो ?

● **लक्ष्मण भण्डारी**
देवघाट-२, तनहुँ

- भ्रमणमा जानुअगाडि नेपालले के मुद्दा उठाउने भनेर सार्वजनिक रूपमा भएको चर्चामा भारतले जिम्मा लिएका आयोजनाहरूको प्रगति साह्रै सुस्त भएकाले मुख्यतः तिनैबारेमा कुरा उठाउनुपर्ने सुझाव प्रधानमन्त्री शेरबहादुर देउवालाई दिइएको थियो। तर, भ्रमणका दौरान ती योजना कार्यान्वयन भइरहेको भन्दै देउवा र उनका समकक्षी नरेन्द्र मोदीले सन्तोष व्यक्त गरेका छन्। यस्तो झूट किन ? वास्तविकता के हो ? जवाफ चाहियो।

● **विरही बाबु**
गुवाहाटी, आसाम, भारत

किन उत्तर कोरिया ?

विवादास्पद मुलुक उत्तर कोरियाको भ्रमण गरेर पूर्वप्रधानमन्त्री एवं एमाले नेता माधवकुमार नेपालले के सन्देश दिन खोजेका हुन् *(एउटा विवादित भ्रमण, १८ भदौ)* ? उत्तर कोरियाली नेता किम जोङ उनले अमेरिका, जापान र दक्षिण कोरियालाई आणविक आक्रमणद्वारा ध्वस्त बनाउने धम्की दिइरहेका बखत त्यही मुलुकको भ्रमण गर्नु ठीक होइन। कतै अमेरिका र छिमेकी मुलुक भारतलाई तर्साउन नेपालले उत्तर कोरियाको भ्रमण गरेर शान्त कूटनीतिक तलाउमा ढुंगा हान्न खोजेका त होइनन् ?

● **मिलन तुलाधर**
इन्द्रचोक, काठमाडौं

विभाजनले पनि उपलब्धि !

नेपालका प्रमुख राजनीतिक दलहरू भारत र चीनतर्फ लहसिए पनि परिणाम सुखद आउनु सौभाग्य नै हो *(दिल्ली, देउवा र राजपा, १८ भदौ)*। दलहरू विभाजित हुँदा मुलुकको आन्तरिक राजनीतिमा समस्या देखिन्छ। तर, संविधान संशोधनको प्रयास असफल भए पनि प्रदेश-२ को स्थानीय निर्वाचनमा राजपाले भाग लिने निर्णय गर्नु र प्रदेश तथा संघीय संसद्‌को निर्वाचन हुने वातावरण निर्माण हुनु मुलुकका लागि ठूलै उपलब्धि हो। कहिलेकाहीं विभाजनले पनि सुखद परिणाम दिंदो रहेछ।

● **रञ्जन मण्डल**
चन्द्रनिगाहपुर, रौतहट

भ्रष्टाचारको परिणाम

चीनको तिब्बतसँग जोडिने अन्तर्राष्ट्रिय मार्गको यस्तो हालत देख्दा दुःख लाग्यो *(लाजमार्ग, १८ भदौ)*। राजमार्गको हालत यस्तो हुनुका पछाडि मूल कारण भ्रष्टाचार हो भन्ने थाहा पाउँदा त झनै दिक्क लागेर आयो।

कर्णालीमा बल्लतल्ल यातायातको सुविधा पुग्दा स्थानीयवासीले थोरै भए पनि राहत महसुस गरेका थिए। तर, सडक बन्न नपाउँदैको यस्तो बेहाल अवस्थाले स्थानीय जनताको मन झन् कति रोएको होला! भौगोलिक अवस्था अनुसारको बाटो नबदाउँदा सामान्य वर्षा हुँदा पनि आमनागरिकले चर्को पीडा भोग्नुपर्छ। कतिपयको त ज्यानैसमेत जान्छ।

सडक बनाउँदा नेतादेखि ठेकेदारसम्मको मिलेमतो हुन्छ र दीर्घकालीन व्यवस्थाबिनै निर्माण गरिन्छ। जनताको आँखामा छारो हाल्ने नियतले सडक बन्ने हुँदा जहिल्यै वर्षायाममा सडकको हालत यस्तै हुन्छ, यात्रुहरू गाडी धकेल्न विवश हुन्छन्। त्यसैले सडक विस्तार गर्न मात्र होइन, शक्तिशाली र दिगो राजमार्ग निर्माण गर्ने पहल हुनु जरुरी छ।

● **मिलन चौलागाई**
बनेपा, काभ्रे

खण्डहरको डर

मुलुकको कुल जमिनको कित्ताकाट एकै वर्षमा दोब्बर हुनु कृषि भूमि खुम्चिँदै होइन, सखापै हुने बाटोमा गएजस्तो लाग्यो *(खतरामा खेतबारी, १८ भदौ)*। विसं ०७१ सम्म २ करोड ८१ लाख कित्ता रहेको जमिन ०७२ मा आइपुग्दा ४ करोड १० लाख कित्तामा विभाजित हुनु डरलाग्दो तथ्यांक हो। खेतीयोग्य जमिन यसरी घडेरीमा परिणत गर्दै कित्ताकाट गर्दै जाने हो भने भविष्यमा मुलुक खण्डहर जमिनमा परिणत नहोला र ?

● **फणीन्द्र न्यौपाने**
मणिग्राम, रुपन्देही

षड्यन्त्रको गन्ध

३० वर्षे सेवा अवधिपछि अनिवार्य अवकाश पाउने प्रावधानले प्रहरी संगठनभित्र भाँडभैलो ल्याएको साँचो हो *(सेवा अवधि हटाउने तरखर, १८ भदौ)*। किनभने, यही प्रावधानकै कारण माथिल्लो तहमा म्याराथन बढुवा हुने तर तल्लो तहमा लामो समय एउटै पदमा थन्किनुपर्ने विडम्बना छ। एआईजीको अनुभवबिनै आईजी बन्नुपर्ने अवस्था त्यसै कारण सिर्जना भएको हो।

● **भरत थापा**
महाराजगन्ज, काठमाडौँ

निखिलकै जीवनी वेश

पुरानै कथाको सिंढी चढेर बलिउड-हलिउडको शिखर चुम्ने सपना नदेखेकै जाति *(निखिल नियति, १८ भदौ)*। नेपाली परिवेश अनुकूलका फिल्म बनाउन छाडेपछि नेपाली दर्शक कहाँबाट पाउने ? बरू, आफ्नै जीवनीलाई फिल्ममा उतार्न सके सामाजिक जागरणमा टेवा पुग्नुका साथै समाजमा जनचेतनाको पनि काम गर्ने थियो कि !

● **पेमा थुलुङ**
धरान, सुनसरी

विदेशबाट

हिउँचितुवा जोगाउन बिमा

भारत र चीनसँग सीमा जोडिएका पूर्वी नेपालका उच्च हिमालमा दुर्लभ मानिने हिउँचितुवाहरू बासस्थान अभाव, सिकारीहरूको अतिक्रमणजस्ता समस्यासँगै बाँच्नका लागि संघर्षरत छन् । हाम्रो जैविकीको एउटा महत्त्वपूर्ण सहयोगी यस जनावरलाई बचाउन भइरहेका प्रयासले भने केही आशा दिएको छ । पर्यावरणीय चक्रको अग्रपंक्तिमा रहने हिउँचितुवाको उपस्थितिले उच्च हिमाली भेगको वनस्पति र जीवहरूको स्वास्थ्यबारे संकेत गरेको हुन्छ । विज्ञहरूका अनुमान अनुसार विश्वभर रहेका ३ हजार ५ सयदेखि सात हजारमध्ये ३ सय ५० देखि पाँच सय

हिउँचितुवा नेपालमा छन् ।

हिउँचितुवाको बासस्थान रहेका १२ मुलुकहरूले हालै किर्गिस्तानमा आयोजित विश्व हिउँचितुवा मञ्चको सम्मेलनमा संरक्षणका लागि केही उल्लेख्य कदम चालेका छन् । सम्मेलनले सन् २०२० भित्रमा उनीहरूका लागि २० सुरक्षित बासस्थान तयार पार्ने भएका छन् । नेपालमा त्यस्ता चार संरक्षित बासस्थल पहिलेदेखि नै छन् । अहिलेसम्म त्यस भेगका धेरैले हिउँचितुवालाई गाई, याक, चौंरीजस्ता आर्थिक महत्त्वका जनावरलाई हानि गर्ने रूपमा लिएर तिनलाई मार्ने काम गरे । तर, सन् २००७ मा विश्व वन्यजन्तु कोषले ल्याएको बिमा कार्यक्रमले त्यस भेगका मानिसहरूलाई क्षतिपूर्ति दिन थाल्यो । सँगसँगै त्यसको पर्यावरणीय महत्त्वबारे पनि जनचेतना चलायो । क्यामेरा ट्र्यापिङहरूले पनि पछिल्लो समय नेपालमा हिउँचितुवाको संख्या बढिरहेको देखाउँछ । जापानको *निकेई एसियन रिभ्युका* लागि दीपक अधिकारीले लेखेका छन्, 'बिमा कार्यक्रमको त्यसमा योगदान छ ।' ◆

सुर-बेसुर



"भ्रष्टाचारलगायतका अन्य अपराध ठहर भई कैद भुक्तान गरेको तीन वर्षपछि प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव लड्न पाउने व्यवस्थाका लागि केही सांसदले गरेको प्रयास पाप पखाल्ने संशोधन हो । चुनाव लड्ने, मन्त्री, प्रधानमन्त्री हुने, भ्रष्टाचार गर्ने, पाप पखाल्ने, सत्ताको दुरुपयोग गरेर पुनः भ्रष्टाचार गर्ने दाउ हो यो । भ्रष्टाचारीलाई चोख्याएर राज्यको ढुकुटी दोहन गर्न कांग्रेस, एमाले र माओवादी मिलेका छन् ।"

चित्रबहादुर केसी
अध्यक्ष, राष्ट्रिय जनमोर्चा
कान्तिपुर

तस्बिरमा इतिहास



हाते बल..

५२ वर्षअघि भलिबल खेल्दै लमजुङको जनकल्याण उच्च माविका विद्यार्थीहरू ।

सोझै





सताका चर्चित



घनश्याम कँडेल
लेखक

धृतराष्ट्र खण्डकाव्यका लागि मदन पुरस्कार घोषणा गरिएकाले ।

नवराज पराजुली
कवि

सगरमाथाको गहिराइ कवितासंग्रहका लागि पद्मश्री पुरस्कार घोषणा गरिएकाले ।

स्पष्टीकरण लिने कि दिने ?

आकाशमा बडेमानको सूर्य हुँदाहुँदै एमाले नेता माधव नेपालले पैसाको ढ्याकजत्रो पार्टीको निर्वाचन चिह्न अंकित टोपी लगाएर प्रचार-प्रसारमा जाने मूर्खता गरेछन् । यसै विषयमा पूर्वप्रधानमन्त्री नेपाललाई प्रमुख निर्वाचन आयुक्तले स्पष्टीकरण मागे रे ! अरे आयुक्तज्यू, चुनाव चिह्न नै टोपी पाएका नेता टोपी लगाएर प्रचार-प्रसारमा जालान् अनि के उनलाई टोपी नलगाई तालु देखाउँदै जानू भन्ने ? कमिज चिह्न पाएका उम्मेदवारलाई भुँडी देखाउँदै प्रचार-प्रसारमा जानू भन्ने ? यतिसम्म त ठीक होला । तर, के पाइन्ट चिह्न भएका उम्मेदवारलाई अन्डरवेयर मात्र लगाएर जानू भन्ने त ? ल, तपाईंले भनेको मानेर पाइन्ट चिह्न भएका उम्मेदवार नांगै प्रचार-प्रसारमा जालान् पनि । यसो भयो भने चुनावी क्षेत्रमा भागदौड मच्चिँदैन ? घटना-दुर्घटना हुन सक्दैन ? त्यसको जिम्मेवारी कसले लिने ? अनि, जनताले नेतालाई किन नांगै चुनाव प्रचार-प्रसारमा पठाएको भनेर तपाईंसँग स्पष्टीकरण माग्लान् । त्यो बेला के भनेर प्रस्टीकरण दिनुहुन्छ आयुक्तज्यू ? बेलैमा सोचौं है, स्पष्टीकरण माग्ने कि स्पष्टीकरण दिने ? तपाईंकै हातमा छ ।

■ **सूर्जे नेवाः**



हे परमेश्वर ! ठेगान लाइदेऊ

मैले घर, गाडी र बैंक ब्यालेन्स त्यही पसलबाट कमाएर जोडेको थिएँ । हप्ताकै सयौं ब्याट्री बिक्थे, दर्जनौं इन्भर्टर, सोलार प्यानल बिक्थे । इमर्जेन्सी लाइट, स-साना बत्ती त कति बिक्थे कति, हिसाबै हुन्नथ्यो । यति राम्ररी चलेको व्यवसाय कुनै कुलमान भन्ने जान्नेकारको हिरोगिरीले चौपट पारिदियो । खै केके जाति हिसाब लगाएछ, बिजुली चोरेर खानेलाई पोल्दिएछ र हुंदाखाँदाको लोडसेडिङ हटाइदियो । जुन दिनदेखि मान्छेका घर झलमल्ल भए, मेरो झुपडीमा त्यही दिनदेखि अँध्यारो छायो । पसलमा मुसो पनि नछिरेपछि उराठ लाग्न थाल्यो । मेरी बूढी बेलाबेलामा 'तेस्का घरमा अख्तियार पसोस्' भनेर निद्रामा बर्बराउँथी । आखिर पाप धुरीबाट करायो । अख्तियारले कुलमानको सम्पत्ति छानबिन गर्ने भएछ । करिब-करिब यिनको हिरोगिरीको 'दी एन्ड' हुने भो । चूँडामणि-सुडामणिजस्ता झिनामसिना मुद्दादेखि वाक्क भएको अख्तियारले पनि गतिलो काम पाउने भयो । हे परमेश्वर ! अर्काको व्यवसाय बिगार्ने अपराधीलाई ठेगान लाइदेऊ, म हजुरको मन्दिरमा गज्जपको इन्भर्टर जडान गरिदिनेछु ।

■ **छ्ल्याहा गुरु**

कपी पेस्ट मन्त्री

हाम्रा बिजुलीमन्त्रीको दिमाग बिजुलीभन्दा तेज चल्छ । हजुर, ऊर्जायुक्त पनि उत्तिकै । यसैले त ऊर्जामन्त्री । कुनै बेलाका माओवादी लडाकू । राजतन्त्रको जरो निमोठ्ने अभियानमा हिँडेका । नाम हो, महेन्द्रबहादुर शाही । पूर्वन्यायाधीश सुशीला कार्कीमाथि महाभियोग लगाउने दौडधूपमा निकै अगाडि देखिएका । पुरस्कारमा मन्त्री नै पड्काएका । यिनै ऊर्जाशील मन्त्रीले अब १० दिनभित्र विद्युत् महसुल बक्यौता नतिर्ने 'जोकोहीलाई नछाड्ने' भन्दै पाखुरा सुर्किएका छन् । तोकिएको समयमा बिजुली बालेको पैसा नतिरे राष्ट्रपति कार्यालयदेखि मन्त्री क्वार्टर, मन्त्रालय, कम्पनी र घरमालिकको पनि लाइन काट्ने बताइसकेका छन् यी मन्त्रीले । यसका लागि उनले मातहतका कर्मचारीलाई निर्देशनसमेत दिए रे ! उनले पत्रकारहरूलाई बाइट नै दिएछन्, 'कर्मचारीहरूले सक्नुभएन भने म आफैं मैदानमा गएर काट्छु ।' कमरेड मन्त्रीज्यू ! मैदानमा गएर बिजुली काट्ने प्रहसन त कुनै बेला एमाले मन्त्री गोकर्ण विष्टले गरेका होइनन् र ? तपाईं त कस्तो 'कपी पेस्ट' मन्त्री !

■ **वाटरगेट उपाध्याय**

गम्भीर पश्चात्ताप

दुवै हातमा लड्डु पार्ने काइदा सिक्ने हो भने सरकारी स्कुलका अस्थायी शिक्षककहाँ गए हुन्छ । बिनापरीक्षा पहुँचका भरमा सरकारी विद्यालयको

फस्ट फोबिया

पहिलो चरणको स्थानीय चुनावताका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' भन्थे, 'माओवादीलाई पहिलो पार्टी बनाउँछु ।' पहिलो पार्टी बन्ने सपना देखेको माओवादी केन्द्र तेस्रोमा खुम्चियो । दोस्रो चरणको चुनावमा पनि उनले त्यही भाषण नक्कल गरे, 'अबको पहिलो दल माओवादी नै हो ।' फेरि पनि तेस्रो नै भयो । तेस्रो चरणको चुनावका निम्ति जनकपुरतिर डेराडन्डा सारेका प्रचण्डले मधेसी मसला चाय पिएर भनेछन्, 'प्रदेश-२ मा पहिलो पार्टी बन्छौं ।' त्यसको कारण उनी मधेसलाई असाध्यै माया गर्छन् रे ! अझ उनको त 'लभ अफेयर' चलेको चल्यै छ । उनले आफ्नो भाषणमा व्यापक भूलसुधार गरेका छन् । तर, फस्ट फोबिया अझै उत्रेको छैन । अब पनि पहिलो पार्टी त हुनैपर्‍यो । कमसेकम प्रदेश- २ को । प्रदेशदेखि केन्द्रीय चुनावसम्म त्यही फस्ट फोबियाले सताइरहने अनि थर्ड डिभिजन नै आइरहने ग्रहदशाका निम्ति कतै फेरि भैंसी पूजा गर्नुपर्ने त होइन ?

■ **लाल कुमाल**

शिक्षक बनेका भाग्यमानीहरूको मिहिनेत र प्रतिभाको सविस्तार वर्णन गर्न अक्सफोर्डकै विज्ञ झिकाउनु पर्छ । जुवाडे जेठाको ज्ञानले भन्छ- यी शिक्षकको प्रतिभाले गर्दा अभिभावकहरू अचेल सरकारी विद्यालय देख्नेबित्तिकै नाक खुम्च्याउँछन् र छोराछोरी बोर्डिङतिर पठाउँछन् । यिनै शिक्षकको योग्यताले विश्व श्रम बजारले सस्ता कामदार पाएको छ । त्यसैले, अब राष्ट्रलाई महान् गुन लगाएका अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट ४० अंकमै स्थायी गर्ने, फेल भए मनग्ये धनराशि (गोल्डेन ह्यान्डसेक) दिएर बिदा गर्ने निधो गरेछ सरकारले । क्याबात् ! शिक्षामन्त्री गोपालमान श्रेष्ठ । तपाईंको कार्यकालमा योभन्दा महत्त्वपूर्ण निर्णय अरू के होला ? जुवाडे जेठोलाई अस्थायी शिक्षक नभएकामा गम्भीर पश्चात्ताप छ ।

■ **जुवाडे जेठो**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

भ्रष्टाधिकारको रक्षा गरौं

संविधानसभाका दुवै निर्वाचनमा कानुनद्वारा नै रोक लगाएर भ्रष्टाचारी, बलात्कारी, मानव तस्कर, हत्यारालगायतका अदालतले दोषी प्रमाणित गरी सजाय पाएका वा फरार रहेका थुप्रै अपराधकर्मी महानुभावलाई चुनाव लड्नबाट वञ्चित गरियो । संविधान निर्माणमा उहाँहरूलाई संलग्न गराउन नसक्दा हाम्रो संविधान अझैसम्म सर्वस्वीकार्य हुन सकेको छैन । त्यस्तो लोकतन्त्रविरोधी प्रतिगामी कानुनका कारण एकातिर अपराधकर्मीज्यूहरूको मानव अधिकार हनन भएको छ भने अर्कोतिर त्यस्ता योग्य व्यक्तित्वहरू सरकारमा आउन नपाएकाले मुलुकले विकासको गति लिन सकेको छैन ।

अतः हाम्रो संसद्‌को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका १९ जना माननीय सांसदज्यूहरूले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संशोधन गर्न पेस गरिएको विधेयकमा त्यस्ता बन्देजहरू फुकुवा गरी भ्रष्टाचारलगायत जुनसुकै अपराध गरेको भए पनि सजाय भुक्तान गरिसकेका महानुभावले चुनावमा उठ्न पाउनुपर्छ भनेर संशोधन प्रस्ताव दर्ता गराउनुभएको छ । यो असाध्यै स्वागतयोग्य कदम हो । यो संशोधन प्रस्ताव मुलुकको विगत, वर्तमान र भविष्यसमेतलाई बिचार गर्दा अति नै आवश्यक र उचित छ ।

देशको वर्तमान परिवेशमा माननीयज्यूहरूले पेस गर्नुभएको संशोधनको आवश्यकता र औचित्य झनै पुष्टि हुँदै गएको छ । किनभने, ठूलठूला भ्रष्टाचारका शृंखलाहरू एकपछि अर्को सतहमा आइरहेका छन् । यसको आकार लाखौं-करोडौंबाट बढेर अर्बौंतिर उक्लिएको छ र दण्डहीनता पनि पराकाष्टामा पुगेको छ । भ्रष्टाचार राज्यको अभिन्न अंग भइसकेको छ । कुनै पनि खान पाउने पदमा पुगेका सबै व्यक्ति भ्रष्टाचारी हुने निश्चितजस्तै भएको छ । निकट भविष्यमा राजनीतिक दलहरूले चुनावमा उठाउनका लागि निरपराध उम्मेदवार भेट्टाउनै नसक्ने अवस्था आउन लागेको छ । अतः आगामी चुनावमा दलहरूलाई उम्मेदवारको अभाव हुने लाजमर्दो अवस्था सिर्जना नहोस् भन्नाका लागि पनि निवर्तमान अपराधीहरूले चुनावमा उठ्न पाउने व्यवस्था गर्न सांसदज्यूहरूले कम्मर कस्नुभएको हो ।

सजाय भुक्तान गरेपछि चुनाव लड्न पाउने कुराले मात्रै आपराधिक व्यक्तित्वहरूको अधिकारको रक्षा गर्दैन, चुनावमा हारे भने के गर्ने ? तसर्थ, महिला, दलित, मधेसी, आदिवासी, सीमान्तकृत, दुब्ला, ख्याउटाहरूको सट्टा बैंकर, ब्रोकर, व्यापारी, कालाबजारी, हत्यारा, बलात्कारी, राजस्वमारा, ठग, भ्रष्टाचारीलगायतका बाहुबलीहरूलाई संसद्‌मा आरक्षणको व्यवस्था हुने गरी कानुन पारित गराउनु झनै आवश्यक छ, माननीयज्यूहरू ! हजुरहरूलाई कुनै अप्ठ्यारो अनुभव हुँदैन भने आपराधिक कर्ममा संलग्न कसैलाई पनि सजाय नै दिन नहुने कानन ल्याउनुस् न, यो थप लोकतान्त्रिक कदम हुनेछ ।

माननीयज्यूहरू ! मुलुकमा अपराधीहरूले सजाय पाएनन् भनेर दाह्रा किट्दाकिट्दै मूर्ख नागरिकका धेरै बंगारा भाँचिए, बाँकी त जोगाइदिनुस् । अलिअलि बचेखुचेका सज्जनलाई पनि चुनाव लड्नै नपाउने बनाइदिनुस् । अपराधीहरूलाई देश जिम्मा लगाइदिनुस् । त्यसका लागि सजाय भुक्तान गरेकाले चुनाव लड्न पाउने मात्र होइन, अपराधीलाई मात्रै चुनावमा उठ्न पाउने नयाँ कानुन संशोधनसहित पारित गराउनुस् । चुनाव लड्न पाउने योग्यतामध्ये प्रमुख योग्यता नै कम्तीमा तीनपटक कुनै पनि आपराधिक कार्यमा संलग्न भएको हुनुपर्ने बनाइदिनुस् ।

यस्तो ऐतिहासिक कर्ममा कांग्रेसका सांसदहरूले मात्र किन जस पाउने ? अरू पार्टीका सांसदहरू पनि संलग्न हुनुस् । ताकि, यो संशोधनको लाभ सबै दलले बराबरी लिन पाऊन् । आदरणीय माननीय सांसदज्यूहरूले यति एउटा ऐतिहासिक काम जसरी पनि सम्पन्न गरिदिनुस् । श्री पशुपतिनाथले तपाईं सबैको कल्याण गर्नेछन् ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Management; omnipresent in business. How is the world evolving in Management techniques? What makes a good Manager?
Find all you need to know about Management.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT THE BRAND
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

हत्यालाई आत्महत्या

राजदरबारको जनसम्पर्क कार्यालयमा रोभिङ अफिसरका रूपमा कार्यरत थिएँ। हाम्रो काम स्वदेशको वस्तुस्थितिबारे राजामा जाहेर गर्नु र उनले गरेका काम बाहिर प्रचार गर्नु हुन्थ्यो। विसं २०१९ को पुसतिर राजा महेन्द्रद्वारा आफ्नो कार्यकक्षमा बोलावट भयो। दरबारमा परेको एउटा बिन्तीपत्र दिँदै राजाबाट निर्देशन भयो, 'स्थलगत भ्रमण गरी सत्यतथ्य जाहेर गर।'

कैलाली जिल्ला सदरमुकाम धनगढीका उप्रेती थरका एक प्रतिष्ठित जमिनदारले आफ्नी जेठी श्रीमतीको हत्या गरेकामा आत्महत्या भनेर घटना गुपचुप पारिएको रहेछ। यति मात्र होइन, आत्महत्या होइन, हत्या हो भनेका आधारमा ती जमिनदारका भाइलाई थुनामा राखिएको रहेछ। थुनामा रहेका तिनै भाइले 'नियतवश गरेको हत्यालाई आत्महत्या भनेर दबाउँदा न्याय नै मर्ने भएकाले निसाफ पाऊँ' भनेर घटना विवरण उल्लेख गरी बिन्तीपत्र हालेका रहेछन्।

त्यतिबेला तराईका आफ्नै भूभागमा जान पनि भारतीय बाटो भएर जानुपर्ने बाध्यता थियो। म पनि त्यही बाध्यता छिचोल्दै धनगढी पुगेँ। त्यहाँ तिनै जमिनदारको घरमा बास बसेँ। मलाई पाहुनाघरमा राखियो र भोलिपल्ट जमिनदारले मसँग भेटघाट गरे। तर, यत्ति मात्र भने, 'दशा लाग्यो। के गर्ने ?'

कैलाली जिल्ला प्रहरी कार्यालयमा गएर सरजमिन मुचुल्काको मिसिल अध्ययन गरेँ। बिहान ७ बजेतिर जमिनदार आफैँ थानामा पुगेर प्रहरी निरीक्षकसहित पाँच जना प्रहरी लिएर गाउँ फर्किएपछि मात्रै गाउँमा जमिनदारकी श्रीमतीले आत्महत्या गरेको हल्ला फैलिएको रहेछ। लाससँगै चार मानाजति मट्टीतेल अटाउने पित्तलको भाँडो र कपडा केही मात्रामा जलेको अवस्थामा भएको मुचुल्कामा उल्लेख थियो। त्यसमा मृतकले मट्टीतेल जीउमा खन्याएर आत्महत्या गरेको र मृतकलाई मार्नेसम्मको रिसइबी कसैको थिएन भन्ने बेहोरा पनि लेखिएको थियो। एक जना गाउँलेको 'जमिनदार साहेबमाथि हाम्रो शंका छैन' भन्ने भनाइ पनि मुचुल्कामा समेटिएको थियो। तर, लासको पोस्टमार्टम भने गरिएको रहेनछ।

जमिनदारको घरसँगै जोडिएका धान कुट्ने, गहुँ पिस्ने, तोरी पेल्ने र काठ चिर्ने मिलमा काम गर्ने झन्डै ३५/३६ जना कामदारलाई नबोलाईकन केही गाउँलेलाई भेला गरी सरजमिन गरिएको र आत्महत्या गरेको रिपोर्ट तयार पारिएको रहेछ। रोचक पक्ष के थियो भने राती बन्दुकको आवाज आएको र बन्दुकका दुई खोका फेला परेकामा ती खोका जमिनदारको लाइसेन्सवाला बन्दुकको भएको पनि मुचुल्कामा उल्लेख रहेछ। तर, त्यो बन्दुकले कुकुर मारेको उल्लेख गरिएको थियो। जमिनदारकी बहिनी र भजनी माल अड्डाका हाकिम नायब सुब्बाले यसबारेमा जमिनदारलाई प्रश्न गरेको र उनले बन्दुकले बहुलाहा कुकुर मारेको बताएका रहेछन्। तर, ती नासु र त्यहाँका बडाहाकिम पनि जमिनदारकै पक्षमा रहेछन्।

सरजमिन मुचुल्का पढेपछि मेरो मनमा अनेक तर्कना उठे। जीउमा मट्टीतेल खन्याएर आगो लगाउँदा पोलेर चिच्याउनुपर्ने, पोलेर मानिसको मृत्यु हुँदा कपडा थोरै मात्रै जलेको अवस्थामा नरहनुपर्ने र दुई गोली हानेर बहुलाहा कुकुर मारेको हो भने मरेकै अवस्थामा भए पनि कुकुर फेला पर्नुपर्नेजस्ता आशंका जन्मियो। त्यसपछि मैले गाउँलेहरूलाई भेटेर त्यस घटनाका बारेमा सोधखोज गरेँ। घटनास्थल, जमिनदारका नोकर-चाकर र छिमेकीलाई भेटेर त्यस घटनासँग सम्बन्धित विभिन्न कुरा कोट्याउने प्रयास गरेँ। सोधपुछ, सरजमिन मुचुल्का र घटनास्थलको प्रकृति हेर्दा त्यो आत्महत्या नभएर हत्या नै भएको निष्कर्षमा पुगेँ।

खासमा त्यो कान्छी श्रीमतीको उक्साहटमा लागेर जमिनदारले आफैँले गोली हानी हत्या गरेको घटना रहेछ। जेठी श्रीमती कुनै कामदारसँग लहसिएको र त्यसले जमिनदारको इज्जतमै दाग लाग्ने कान्छी श्रीमतीले कान फुकेपछि आवेशमा आएका जमिनदारले राती २ बजेको समयमा दुई गोली हानी श्रीमतीको हत्या गरेका रहेछन्। हत्यालाई आत्महत्यामा बदल्न श्रीमतीको लासमा मट्टीतेल छर्केर आगो लगाई निभाएको र आत्महत्या गरेको झूटो विवरण तयार गरिएको रहेछ।

सबै कुराको सत्यतथ्य जानकारी र पोख्त प्रमाण आदि जुटाएपछि १८ बुँदामा त्यो आत्महत्या नभएर हत्या भएको विवरण तयार गरेको थिएँ। त्यहीबीचमा राजा महेन्द्र कैलालीका थारु-किसानको अनुरोधमा बाघको सिकार गर्न शुक्लाफाँट पुगेका थिए। बाघले त्यहाँका किसानलाई हैरान पारेको बिन्तीपत्र राजामा जाहेर भएपछि राजा बाघको सिकार गर्न त्यहाँ पुगेका थिए। राजाको त्यही सवारी क्याम्पमा पुगेर मैले उनलाई भेटेँ र आफूले तयार गरेको अनुसन्धान-प्रतिवेदन जाहेर गरेँ। केही समय मैले पनि त्यही क्याम्पमा बसेर काम गरेँ। राजाले 'न्यायसम्बन्धी बिन्तीपत्र जाहेर गर्ने' आफूसँगै लिएर गएका सर्वोच्च अदालतका न्यायाधीश पशुपतिप्रसाद कोइरालालाई उक्त प्रतिवेदन दिए। न्यायाधीशले तत्काल बिन्तीपत्रका साथ मैले दिएको अनुसन्धान रिपोर्ट पढेर सोही सुझावबमोजिम महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाए, 'कानुनबमोजिम आवश्यक कारबाही गरी नतिजा जाहेर गर्नू।'

तत्कालीन महान्यायाधिवक्ता शम्भुप्रसाद ज्ञवालीले उक्त मुद्दा दायर गर्न लगाएपछि घटनाले अर्कै मोड लियो। इलाका अदालतले आत्महत्या नभएर हत्या नै भएको निवेदन राजामा जाहेर गर्‍यो। उक्त जाहेरीपछि जमिनदार कारबाहीका भागी भए। असली कसूरदारलाई कारबाही भयो र निरपराध व्यक्ति थुनामुक्त भए। राजा महेन्द्र पनि यो घटनाबाट प्रभावित भएछन्। मलाई पुरस्कारस्वरूप विशेष जाहेरी विभागको जिम्मेवारी दिइयो।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो, जानकारी, परामर्श सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म ।
www.kmg.com.np

पश्चिम मधेसमा अर्को दल !

प्रदेश–५ मा निर्वाचन बहिष्कार तर प्रदेश–२ मा स्वीकारको राजपा रणनीतिका कारण असन्तुष्ट हृदयेश त्रिपाठी अर्को राजनीतिक कोर्स लिने तयारीमा

हृदयेश त्रिपाठी

तस्बिर : किरण पाण्डे

सीताराम बराल

नवलपरासी सदरमुकाम परासीमा ३ असारमा राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)द्वारा आयोजित आमसभामा सम्बोधन गरेका अध्यक्ष मण्डलका नेताहरू राजेन्द्र महतो, राजकिशोर यादव र अनिल झाले प्रदेश-५ को निर्वाचन फिर्ता नहुने हो भने प्रदेश-२ मा घोषित निर्वाचन पनि हुन नदिने उद्घोष गरे।

घोषणा गरे अनुसार राजपाले प्रदेश-५ को निर्वाचन त बहिष्कार गर्‍यो । तर, नयाँ सीमांकनसहित संविधान संशोधन गर्नुपर्ने माग पूरा नहुँदै राजपा प्रदेश-२ को स्थानीय तह निर्वाचनमा सहभागी हुने निर्णयमा पुगेको छ। ६-७ भदौको राजपाको पदाधिकारी बैठकले प्रदेश-२ मा बाँकी स्थानीय तह निर्वाचन मात्र होइन, मंसिरका लागि घोषित प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पनि प्रतिस्पर्धा गर्ने निर्णय गरेको छ। महन्थ ठाकुर नेतृत्वको तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) लगायत मधेसकेन्द्रित ६ राजनीतिक दल मिली बनेको राजपा पदाधिकारी बैठकको यो निर्णयसँगै राजपा प्रदेश-२ को स्थानीय तह निर्वाचनमा होमिएको छ।

एकाएक प्रदेश-२ को निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णयले यो प्रदेशबाहेकका नेता-कार्यकर्तामा असन्तुष्टि चुलिएको छ। प्रदेश-२ को निर्वाचनमा विजय हासिल गर्न जति कठिन छ, राजपा नेतृत्वका लागि अन्य प्रदेशका नेता-कार्यकर्ताको असन्तुष्टिको व्यवस्थापन गर्न झन् कठिन बनेको छ। खास गरी प्रदेश-२ पछि मधेसवादी राजनीतिको अखडा मानिएको प्रदेश-५ अन्तर्गत नवलपरासी, रुपन्देही र कपिलवस्तुका नेता-कार्यकर्ता पार्टीसँग असन्तुष्ट देखिन्छन्। उनीहरूका भनाइमा, पार्टी नेतृत्वले प्रदेश-२ लाई मात्र मधेस मानेकाले त्यसबाहेकका प्रदेशका मधेसी नेता-कार्यकर्ताले विकल्प खोज्नुपर्ने बेला आएको छ।

कारण : दोहोरो मापदण्ड

दोस्रो संविधानसभा निर्वाचनमा राजपामा आबद्ध दलले प्रत्यक्षतर्फ जति सिट जितेका थिए, त्यसको आधा सिट तमलोपा एक्लैले प्रदेश-५ बाट जितेको थियो । प्रदेश-२ मा राजपाका पूर्वघटक दलहरू सद्भावना, तराई मधेस सद्भावना पार्टी र तमलोपाले एक-एक गरी जम्मा तीन सिट मात्र जितेका थिए भने प्रदेश-५ बाट तमलोपा एक्लै तीन सिट जित्न सफल भएको थियो । यसको एउटा कारण थियो, हृदयेश त्रिपाठी (नवलपरासी), सर्वेन्द्रनाथ शुक्ल (रुपन्देही) र बृजेशकुमार

गुप्ता (कपिलवस्तु)जस्ता नेताहरू प्रदेश-५ का हुनु । यद्यपि, दोस्रो निर्वाचनमा त्रिपाठी आफैँ पराजित भए । ०४८ यताका हरेक निर्वाचनमा विजय हासिल गर्दै आएका त्रिपाठीका लागि यो पहिलो पराजय थियो ।

राजपाको निर्वाचनसम्बन्धी निर्णयले प्रदेश-५ को मधेसी समाज झनै विभेदमा परेको बताउने राजपाका नेता सर्वेन्द्रनाथ शुक्ल भन्छन्, "प्रदेश-५ अन्तर्गतका तराई-मधेसका जिल्लामा हामीले राम्रो परिणाम ल्याउन सक्ने स्थिति थियो, यदि नेतृत्वले निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णय गरिदिएको भए ।" तर, बहिष्कारको निर्णयका कारण कतै साँच्चिकै बहिष्कार र कतै स्वतन्त्र उम्मेदवार उठाउनु परेकाले स्थानीय निकायको निर्वाचनमा राजपाले आधिकारिक प्रतिनिधि पठाउन सकेन, पार्टीको वास्तविक शक्तिको परीक्षण हुन नसकेको शुक्ल बताउँछन् ।

प्रदेश-२ को निर्वाचनमा भाग लिने निर्णय गरेका राजपाका नेताहरूले भने दुई चरणका निर्वाचनसम्म सीमांकनसहितको संशोधन विधेयक निर्णयार्थ व्यवस्थापिका-संसद्मा पेस नगरिएका कारण यसअघिका निर्वाचन बहिष्कार गरिएको तर्क दिने गरेका छन् । तर, प्रदेश-५ का नेताहरूचाहिँ यो कुरा मान्न तयार छैनन् । उनीहरूका भनाइमा, प्रदेश-१, ५ र ७ मा दुई चरणमा भएका निर्वाचन बहिष्कार तर तेस्रो चरणको निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णयको मुख्य कारणचाहिँ अध्यक्ष मण्डलका सबै नेता प्रदेश-२ का हुनु हो । राजपाका असन्तुष्ट नेता हृदयेश त्रिपाठी भन्छन्, "आफ्नो प्रदेशमा कांग्रेस, एमाले, माओवादीजस्ता ठूला दलले जिते भने आफ्नो दारीमा आगो लाग्छ भन्ने ठान्यो हाम्रो अध्यक्ष मण्डलले । मधेसका माग पूरा नभए पनि प्रदेश-२ मा निर्वाचन लड्ने निर्णय गर्नुको भित्री कारण यही हो ।"

त्रिपाठीले भनेजस्तै, मधेसकेन्द्रित ६ दल मिलेर बनेको राजपाको अध्यक्ष मण्डलका ६ नेतामध्ये तीन जना महन्थ ठाकुर, राजेन्द्र महतो र महेन्द्र राय यादव सर्लाहीका हुन् । बाँकी तीनमध्ये शरद्सिंह भण्डारी महोत्तरीका हुन् भने राजकिशोर यादव सिरहा र अनिल झा रौतहटका । स्थानीय निर्वाचन परिणामको असर प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पर्ने भएकाले बाँकी दुई तह (प्रदेश र प्रतिनिधिसभा) निर्वाचनको परिणामको माहोल बनाउन पनि राजपा नेतृत्वले प्रदेश-२ को निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णय गरेको बुझ्न कठिन छैन ।

स्थानीय तह निर्वाचनमा प्रदेश-२ मा मात्र प्रतिस्पर्धा गर्ने निर्णयले बाँकी प्रदेशका नेता-कार्यकर्तामा के सन्देश प्रवाहित हुन पुगेको छ भने, राजपाका लागि अब प्रदेश-२ बाहेक अन्य प्रदेशहरू कम महत्त्वका हुन् । नेतृत्वले कम महत्त्व दिएकाले पनि उनीहरूले अब प्रदेश-५ मा मधेसवादी राजनीतिको भविष्य कमजोर देख्न थालेका छन् । तराई-मधेसका मामिलाका जानकार तुलानारायण साह भन्छन्, "मधेसकेन्द्रित दलहरूको यस्तो निर्णय र गतिविधिले मधेसको राजनीति प्रदेश-२ मा मात्र केन्द्रित हुने देखिँदैछ । अब प्रदेश-५ को मधेसी राजनीतिले अर्कै कोर्स लिने सम्भावना छ ।"



तस्बिर : अंगद ढकाल

"राजपाको नेतृत्वले हृदयेश त्रिपाठीको असन्तुष्टिको सम्बोधन गर्ने कोसिस थालेको छ ।"

राजकिशोर यादव
नेता, राजपा

विकल्प खोज्दै त्रिपाठी

पहिलो संविधानसभाकालमै मधेसकेन्द्रित दलहरू जब 'एक मधेस एक प्रदेश'को नाराबाट 'कम्तीमा दुई प्रदेश'मा ओर्ले, मधेसी राजनीति मानसिक रूपमा पूर्वी मधेस र पश्चिमी मधेसमा विभाजित हुन पुग्यो । मधेसवादी राजनीतिमा पूर्वी मधेसका नेताहरू हाबी रहेको अवस्थामा मधेसवादी दलहरूले 'एक मधेस'को साटो 'दुई प्रदेश'लाई स्वीकारेपछि पश्चिमी मधेसका नेता हृदयेश त्रिपाठी त्यो भूगोलको मनोविज्ञान समेटिने गरी छुट्टै राजनीतिक दल निर्माण गर्नुपर्ने ठहरमा पुगिसकेका थिए । भलै, उनले यो विचारलाई सार्वजनिक रूपमा प्रकट गरेनन् ।

तर, वैशाख पहिलो साता मधेसकेन्द्रित ६ दलको एकतामार्फत राजपा निर्माण भएपछि नेतृत्वको संरचना जसरी तयार पारियो, त्यसले जसरी प्रदेश-२ को स्थानीय तह निर्वाचनमा मात्र भाग लिने निर्णय गर्‍यो, त्रिपाठी राजपासँग मानसिक रूपमा मात्र टाढिन पुगेनन्, आफ्नो योजनालाई कार्यरूप दिने तयारीमा समेत लागे । दोस्रो चरणको निर्वाचनपछि नेपालगन्ज र भैरहवामा पश्चिम क्षेत्रका नेता-कार्यकर्ताको भेला त्यसैको उपज हो । त्रिपाठी भन्छन्, "मधेसलाई हेर्ने सवालमा राजपा नेतृत्वमा दोहोरो मापदण्ड देखिँदैछ । यही कारण आगामी दिनमा प्रदेश-५ मात्र होइन, प्रदेश-१ का नेता-कार्यकर्ताले समेत राजपामा रहने-नरहने निष्कर्ष निकाल्ने समय नजिकिँदैछ ।"

राजपाका नेताहरू

त्रिपाठीको भित्री असन्तुष्टिचाहिँ राजपा निर्माण गरिँदा अध्यक्ष मण्डलमा नराखिनु हो । हुन पनि, पूर्वघटक दलको नेतृत्व गरेकैले त्रिपाठी भन्दा कनिष्ठ अनिल झा अध्यक्ष मण्डलमा राखिए। ०६३ को मधेस आन्दोलनपछि मात्र मधेसी राजनीतिमा आएका महन्थ ठाकुर, शरद्सिंह भण्डारी, राजकिशोर यादव, महेन्द्र यादवहरू अध्यक्ष मण्डलमा परे। तर, सद्भावनाकालदेखि नै मधेसी राजनीति गर्दै आएका त्रिपाठी अटाएनन्। यसैलाई आधार बनाएर त्रिपाठीले असन्तुष्टि पोख्न थाले । तर, उनको असन्तुष्टिको सम्बोधन नेतृत्वले गर्न चाहेन ।

अध्यक्ष मण्डलका राजकिशोर यादवका भनाइमा, नेतृत्वले त्रिपाठीको असन्तुष्टिको सम्बोधन गर्ने कोसिस थालेको छ । ठाकुरले प्रदेश-२ को स्थानीय तह निर्वाचनअघि नै त्रिपाठीलाई अध्यक्ष मण्डलमा सामेल गर्ने वचन दिएका छन्। तर, त्यो वचन पालन गर्न ठाकुरलाई किन कठिन छ भने अध्यक्ष मण्डलमा प्रवेशलगत्तै राजपामा त्रिपाठी शक्तिशाली र ठाकुरमाथि पनि हाबी हुने भय अरू नेतालाई छ। त्यसैले आफूलाई समायोजन गरिने कुरामा त्रिपाठी त्यति आशावादी छैनन्। र, आफ्नो राजनीतिक विकल्पबारे सोच्न थालिसकेका छन् ।

स्रोतका भनाइमा, त्यसमध्ये पहिलो विकल्प पश्चिम मधेसको प्रतिनिधित्व गर्ने छुट्टै मधेसवादी दलको निर्माण हो । दोस्रो विकल्प, मधेसवादी वा तीन ठूला दलमध्ये एक राजनीतिक दलमा प्रवेश हो । तराई मधेस राष्ट्रिय अभियानका संयोजक जयप्रकाश गुप्ताका भनाइमा सबै मधेसकेन्द्रित दलको नेतृत्व पूर्वी मधेसका नेताहरूले गरेको अवस्थामा त्रिपाठीले पश्चिम मधेसको मनोविज्ञानको प्रतिनिधित्व हुने गरी नयाँ दल निर्माण गरे भने त्यस क्षेत्रका राजपाका अधिकांश नेता-कार्यकर्ता मात्र होइन, संघीय समाजवादी फोरम र नेपाल लोकतान्त्रिक फोरमका नेता-कार्यकर्ता पनि त्रिपाठीतिरै आकर्षित हुन सक्छन् । नयाँ दल गठन गर्दा मधेसमा ठूलो संख्यामा रहेका मुस्लिम र थारू समुदायलाई समेत समेट्न सकिने विश्वास त्रिपाठीलाई छ ।

> “
>
>
>
> प्रदेश-५ अन्तर्गतका तराई-मधेसका जिल्लामा हामीले राम्रो परिणाम ल्याउन सक्ने स्थिति थियो, यदि नेतृत्वले निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णय गरिदिएको भए ।
>
> **सर्वेन्द्रनाथ शुक्ल**
> नेता, राजपा
>
> ”

तर, त्रिपाठीको इतिहासले बताउँदैन कि आफैं नेतृत्व गर्ने गरी उनले छुट्टै दल निर्माण गर्नेछन् । सद्भावना पार्टीमा हुँदा होस् वा ०५५/५६ ताका सद्भावना विभाजन गरी रामेश्वर राय यादवको नेतृत्वमा संसद्मा नयाँ दल निर्माण गर्दा उनले आफूलाई ‘सेकेन्डम्यान’मै सीमित गर्न चाहे । ०६४ मा तमलोपा गठन गरिँदा पनि उनी त्यही भूमिकामै सीमित रहे । शुक्लका भनाइमा, अहिले पनि त्रिपाठीको चाहना राजपाको मुख्य नेतृत्वका लागि होइन, अध्यक्ष मण्डलमा पर्ने मात्र हो ।

जानकारहरूका भनाइमा, पूर्वी मधेसमा जस्तै दलबदल गर्ने प्रवृत्ति तीव्र रहेको पश्चिम मधेसमा नयाँ दल गठन गर्न सहज त होला तर त्यो दललाई स्थापित गर्न साँच्चिकै कठिन छ भन्ने त्रिपाठीले राम्रैसँग बुझेका छन्। त्यसैले, नयाँ दल गठनको जोखिम लिनुभन्दा स्थापित कुनै दलमा प्रवेशको विकल्प रोज्न सक्ने अनुमान धेरैको छ।

अहिले पनि मधेसवादी राजनीतिको केन्द्र पूर्वमा पर्सादेखि-सप्तरीसम्मको क्षेत्र हो भने पश्चिममा नवलपरासी, रुपन्देही, कपिलवस्तु र आंशिक रूपमा बाँके । उत्तिकै के पनि सत्य हो भने पूर्वी मधेसमा मधेसी राजनीतिको मियो उपेन्द्र यादव र महन्थ ठाकुर हुन् भने पश्चिममा त्रिपाठी नै हुन्। तर, त्रिपाठीको मन यतिबेला यति भाँचिएको छ कि, जुनबेला जस्तोसुकै अप्रत्याशित निर्णय गर्ने स्थितिमा पुगेका छन् ।

राजपामा नरहेको स्थितिमा त्रिपाठीको पहिलो रोजाइ सम्भवतः उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम हुने उनी निकटस्थहरू बताउँछन् । तर, त्रिपाठीबाट यादवले आफ्नो नेतृत्वलाई चुनौती देखेनन् भने मात्र फोरममा स्वागत गर्नेछन्। यादव शंकालु बनेको स्थितिमा त्रिपाठीको छनोट कांग्रेस वा माओवादी केन्द्र हुन सक्नेछ । निर्वाचन जित्ने विकल्प रोज्ने हो भने उनको छनोट कांग्रेस हुनेछ भने पार्टीभित्र सम्मानजनक स्थानका लागि माओवादी केन्द्र । यद्यपि, पार्टी नेतृत्वमा समायोजनलाई त्रिपाठीले त्यति ठूलो विषय बनाएका छैनन्। भन्छन्, “आफैंले बनाएको पार्टी (राजपा)को नेतृत्वमा एडजस्ट गर्न त साथीहरूले यति गाह्रो मानिरहेका छन् भने अर्को पार्टीमा जाँदा नेतृत्वमा एडजस्टमेन्टको विषयलाई इस्यु बनाउने पक्षमा म छैन ।” ◆

हस्त गुरुङ

राष्ट्रघात भर्सेज राष्ट्रवाद

प्रधानमन्त्री शेरबहादुर देउवाले भारत भ्रमणमा गरेको आठ बुँदे समझदारी विवादमा पऱ्यो । भ्रमणअघि सातवटा 'एजेन्डा'मा गृहकार्य र छलफल गराए पनि ४६ बुँदे संयुक्त विज्ञप्ति जारी गरेर उनले देशको राजनीतिक र कूटनीतिक वृत्तलाई चकित पारिदिए । तर, ती बुँदाहरू उनी आफैंले पढे कि पढेनन् ? कति बुझे ? उनका कूटनीतिक सारथिहरूसँग सप्तकोसी उच्च बाँधको विषयमा तथ्यगत जानकारी नरहेको अवस्थामा गूढ भाषामा लेखिएको त्यो विषय बुझ्ने मौका पाए कि पाएनन् ? तापनि, सप्तकोसी उच्च बाँधबारे पहिले भइसकेको सहमति कार्यान्वयन गर्ने भनेर सहमति दिए । त्यसबाहेक, नेपालको संविधानको विषयवस्तुमा तेस्रो पक्षलाई पनि सन्तुष्ट पार्ने वचन दिए । भ्रमण सफल भयो । किनभने, उनी सकुशल फर्किए, कुर्सी सुरक्षित पारे ।

संविधान संशोधन होस् भनेर मधेसवादी दलहरूले आन्दोलन गर्नु उचित थियो । तर, 'संशोधन नगरी संविधान लागू नगर' भनेर भारतले औपचारिक तथा अनौपचारिक रूपमा नेपाललाई दबाब दिनु अनुचित थियो । त्यसैले विरोध भयो । नेपालको प्रधानमन्त्रीले दिल्लीको मञ्चबाटै भारतको प्रस्तावलाई सार्वजनिक स्वीकृति दिनु जिब्रो लर्बरिएको मात्र होइन, हाम्रो संविधान-निर्माणमा भारतीय हस्तक्षेपलाई खुला निमन्त्रणा दिएको हो । नेपालको संविधानलाई द्विपक्षीय मामिला बनाउन खोजेको पनि हो ।

माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा सप्तकोसी उच्च बाँध बनाउने विषयमा भारतसँग सहमति भएको कुरा अहिले खुलेको छ । यस्तो गम्भीर विषयलाई परराष्ट्र मन्त्रालयले नौ वर्षसम्म लुकाएर राख्नु ठूलो चिन्ताको विषय भएको छ । नदी तथा बाँध विशेषज्ञहरूले महाकालका रूपमा अर्थ्याइरहेको सप्तकोसी उच्च बाँध निर्माणको सहमतिलाई राष्ट्रवादी भन्ने एमालेले छिपाएर राख्नु झनै आश्चर्यको विषय भएको छ ।

निरन्तर पछुवा

अंग्रेजको समयदेखि नै भारतले नेपालमाथि राजनीतिक र कूटनीतिक हस्तक्षेप गर्दै आएको हो । सन् १८१५ को सुगौली सन्धिपछि भारतप्रति नेपाल सशंकित रहँदै आए पनि भारतीय प्रस्तावप्रति भने निरन्तर सहमति जनाउँदै आएको छ । भारत स्वतन्त्र भएपछि, नयाँ परिवेशमा नेपाल भारतबीच कूटनीतिक सम्बन्ध स्थापित भयो तर नेपाललाई चेपुवामा राखिराख्ने अंग्रेजको नीतिलाई स्वतन्त्र भारतले पनि कायमै राखिरह्यो । नेपाली शासकहरूले पनि भारतलाई हस्तक्षेप गर्ने अवसर र निमन्त्रणा दिइरहे ।

राजा त्रिभुवन भागेर दिल्ली पुगेपछि भारतले नेपालको राजनीतिमा प्रत्यक्ष हात हाल्ने पहिलो मौका पायो । पण्डित जवाहरलाल नेहरुको संयोजकत्वमा नेपाली कांग्रेस, राणा र राजाबीच दिल्ली सम्झौता भयो । नेपालको आन्तरिक मामिलामा छिमेकीलाई मध्यस्थकर्ताका रूपमा भित्र्याउने मूल ढोका यही सम्झौताले खोलिदियो । त्यसैले भारतसँग गरिने सहमति, समझदारी, सम्झौता वा सन्धिका बुँदा तथा वचनबद्धतामा नेपाली नागरिकले गहिरो चासो राख्छन् । तीमध्ये कतिपय विषय वा बुँदा राजनीतिक मुद्दा बनेर राष्ट्रघात र राष्ट्रवादको राजनीति चल्छ । यो राष्ट्रघात र राष्ट्रवादबीचको द्वन्द्वको ज्वालामुखी उठ्ने र बिलाउने क्रम चलेको सात दशक भइसक्यो ।

तर, भारतसँग गरिएका सन्धि-सम्झौताको राजनीतिक विरोधको इतिहास हेर्ने हो भने ठूलठूला मुद्दा पनि शीतका थोपाझैं एकैछिनमा बिलाएर जाने गरेका छन् ।

दिल्ली सम्झौताले राजा त्रिभुवनलाई राजगद्दीमा फर्कायो । राणा र नेपाली कांग्रेसलाई शासन दिलायो । नेपालबाट राणा शासनको अन्त्य गर्ने आधारशिला राख्यो । तर, यही सम्झौतालाई राष्ट्रघाती भएको आरोप पनि लाग्यो । कुनै स्वतन्त्र देशको आन्तरिक राजनीतिक मामिलामा बाह्य हस्तक्षेप निम्त्याउने दिल्ली-सम्झौता राष्ट्रविरोधी कदम नै थियो । त्यसमाथि, त्यो सम्झौतामार्फत गद्दीमा फर्किएका राजा त्रिभुवनले देशको शासकीय क्षेत्रमा भारतीय सहभागितालाई आमन्त्रण दिएर दरबारको सचिव तथा देशको प्रशासन र न्यायपालिकामा समेत भारतीय नागरिकलाई स-सम्मान भित्र्याए । यसको विरोध हुनु स्वाभाविकै थियो । दिल्ली-सम्झौताविरोधी अभियान सफल नभए पनि वामपन्थी शक्तिले राष्ट्रवादी छवि बनाउने मौका पाए । यसपछि नेपालमा राष्ट्रघात र राष्ट्रवादको राजनीतिक द्वन्द्वले आकार लिन सुरु गऱ्यो । सत्तामा रहेको राणा समूहले दिल्ली-सम्झौताको विरोध गरे पनि राजनीतिक छुवाछूतका कारण वामपन्थी र राणाहरूबीच मेल हुन सकेन । वामपन्थीहरूले मुद्दा उठाए पनि गम्भीरताका साथ अघि बढाएनन् । राजा, राणा, नेपाली कांग्रेस र भारत सरकारको संयुक्त बलमा सम्पन्न भएको त्यो सम्झौतालाई डिगाउन शैशवावस्थामा रहेको नेपाली कम्युनिस्टहरूलाई सहज थिएन ।

दिल्ली सम्झौतालाई राष्ट्रघाती भनेर आरोप लगाए पनि राणाहरूलाई बल दिएको आक्षेप लाग्ने भयले वामपन्थीहरू पन्छिए । कम्युनिस्टको रंग लाग्छ भन्ने डरले राणाहरू पनि पछि हटे । यी दुई समूहबीच संयुक्त आवाज निस्किएन । यसरी पहिलो राष्ट्रवादी अभियान फुस्स भएर गयो । दिल्ली-सम्झौताविरोधी अभियान तुहिएपछि राजा, नेपाली कांग्रेस र राणाहरू दिल्लीकेन्द्रित राजनीतिक धारामा प्रवाहित हुन थाले ।

भड्खालोतिर

दिल्ली-सम्झौता छिमेकी हस्तक्षेपको एउटा खहरे मात्र थियो । राजा, राणा र कांग्रेसलाई लटपट्याउन त्यही खहरे पर्याप्त भयो । यसलगत्तै नेपाल सन् १९५० को नेपाल-भारत मैत्री सन्धिको भड्खालोमा पर्न गयो । प्रधानमन्त्री मोहनशमशेर राणाले त्यस सन्धिमा हस्ताक्षर गरिदिएपछि नेपालसँग अंग्रेज सरकारले जुन व्यवहार गर्थ्यो, त्यही व्यवहार गर्न भारत सरकारले पनि अनुमति पायो । यो सन्धिको विरोध भए पनि यसमा सहमति दिने राजा त्रिभुवन र हस्ताक्षर गर्ने मोहनशमशेर अछूतै रहे । यिनै राजा त्रिभुवनलाई राष्ट्रवादी नेपालीहरूले एक समय राष्ट्रपिता मानिदिए ।

आजको राष्ट्रवादको कसीमा घोटेर हेर्ने हो भने राजा त्रिभुवन र मोहनशमशेरलाई राष्ट्रघाती पात्रका रूपमा चित्रित गर्न सकिन्छ । छिमेकी हस्तक्षेप भित्र्याउने पथप्रदर्शक पनि यिनै दुई हुन् । यसपछि सत्तामा जो पुग्यो, उसैले मनलाग्दी सन्धि तथा सम्झौताहरू गरेर सत्तासाधना गर्न थाले । देशलाई भड्खालोतिर लैजाने परम्परालाई निरन्तरता दिइरहे ।

विसं २०११ मा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले कोसी सम्झौतामा हस्ताक्षर गर्नेबित्तिकै राष्ट्रघात भएको भनेर विवाद उठ्यो । नेपाली कांग्रेसले कोसी सम्झौताले राष्ट्रघात होइन, राष्ट्रहित गर्नेछ भनेर प्रतिवाद गर्‍यो । तर, कोसी ब्यारेजले थुनेको पानीबाट उत्पन्न बाढीको प्रकोपले पूर्वी तराईका जिल्लामा डुबान, कटान र बालुभरणको समस्या उत्पन्न गरेको ६ दशक नाघिसकेको छ । सुनसरी, इनरुवासम्म सिँचाइ सुविधा पुर्‍याइदिने सर्त भए पनि भारतले आजसम्म नहर जाने डोबसमेत खनिदिएको छैन । हरेक वर्षको वर्षायाममा राष्ट्रघाती भनेर कोसी सम्झौताको विरोध हुन्छ । तर, हिउँद लाग्नासाथ सामसुम हुन्छ ।

०१६ मा गण्डक सम्झौता हुँदा पनि राष्ट्रघातको आरोप लाग्यो, विवाद थपियो । यसमा बीपी कोइराला मुछिए । यो सम्झौता पनि राष्ट्रहितकै लागि गरिएको भनेर प्रतिवाद भयो । तर, गण्डक सम्झौताका कारण सुस्तालगायतका १७ गाउँले डुबान, कटान र उठिबासको समस्या भोगेको पनि ६० वर्ष छुन लाग्यो । नेपालको १६ हजार बिघा जमिनमा सिँचाइ हुने नहर निर्माण गरिने सर्त भए पनि अहिलेसम्म १० हजार बिघाको लागि पैनी (कुलो) मात्र बनेको छ । त्यसमा पानी चलेको छैन । वर्षातमा यही पैनीबाट खेतमा बाढी पस्छ । यो मामिला पनि बाढी रहन्जेल उर्लन्छ, बाढी सकिएपछि बिलाएर जान्छ ।

ढाँटको खेती

नेपाली राजनीतिमा देशलाई झुक्याएर सन्धि-सम्झौता गर्ने अभ्यास छ । सन् १९६२ मा चीन र भारतबीच युद्ध हुँदा नेपालको कालापानी क्षेत्रमा आएर बसेको भारतीय सैनिक चौकीलाई यथावत् राख्न सन् १९६५ (०२२) मा राजा महेन्द्रले भारतसँग गोप्य सम्झौता गरे, यो कार्य पनि राष्ट्रघाती भनेर विरोध भयो । राजा महेन्द्रको राष्ट्रवादलाई कालापानीमा बसेको भारतीय सैनिक छाउनीले अहिले पनि गिज्याइरहेकै छ । यस विषयमा नेपाल र भारत सरकारले कुनै प्रतिक्रिया नै दिएनन् । राजा वीरेन्द्र र ज्ञानेन्द्रले पनि बोलेनन् ।

०४६ को जनआन्दोलनताका नेपालको आन्तरिक मामिला सुल्झाउन भारतले मध्यस्थता गर्ने दोस्रो मौका पायो । यो अवसर नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले नै दिएका थिए । त्यसबेला भारतले लामो समयसम्म नाकाबन्दी पनि गरिदियो । तर, उसबेला राष्ट्रवाद जागेन ।

प्रजातन्त्रको पुनःस्थापनापछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला दिल्ली भ्रमणमा जाँदा महाकाली नदीको पानीको बहुउपयोगको विषयमा टनकपुर सन्धि गरेर आए । तर, संसद्लाई समझदारी गरेको बताए । सर्वोच्च अदालतमा मुद्दा पर्‍यो, अदालतले त्यसलाई सन्धि भनेर प्रस्ट्याइदियो । तत्कालीन संविधान अनुसार प्राकृतिक स्रोतबारेको सन्धिलाई संसद्को दुईतिहाइ मतले अनुमोदन गर्नुपर्ने भयो । एमालेको उत्सर्गपूर्ण सहयोगमा संसद्को दुईतिहाइ मतले टनकपुरलाई पनि जोडेर एकीकृत महाकाली सन्धिको अनुमोदन गरिदियो । ०५२ मा शेरबहादुर देउवाले महाकाली सन्धिमा हस्ताक्षर गरे । यसबेला पनि राष्ट्रवाद जाग्दै जागेन । तर, यसै सन्धिले स्वीकृति दिएको पञ्चेश्वर परियोजना कार्यान्वयन भएपछिचाहिँ राष्ट्रवाद बौरिने सम्भावना छ । फोहोर गरिसकेपछि दैलो देख्ने नेपाली राजनीतिको लुच्चो चरित्र फेरि देख्न पाइनेछ ।

नेकपा माओवादीले गरेको १० वर्षे हिंसात्मक विद्रोहको मामिला सुल्झाउन भारतले तेस्रोपटक मध्यस्थता गर्ने अवसर पायो । माओवादी, नेपाली कांग्रेस र वामपन्थी शक्तिबीच १२ बुँदे समझदारी अर्थात् दोस्रो दिल्ली सम्झौता भयो । यसलाई हस्तक्षेप मानिएन, भारतको उपकार मानियो । गणतन्त्रपछि माओवादीको पहलमा भारतसँग माथिल्लो कर्णाली र अरुण तेस्रो तथा माथिल्लो मर्स्याङ्दी आदिको सम्झौता हुँदा पनि राष्ट्रवाद जागेन ।

> **आजको राष्ट्रवादको कसीमा घोटेर हेर्ने हो भने राजा त्रिभुवन र मोहनशमशेरलाई राष्ट्रघाती पात्रका रूपमा चित्रित गर्न सकिन्छ । छिमेकी हस्तक्षेप भित्र्याउने पथप्रदर्शक पनि यिनै दुई हुन् ।**

यही मौसमी राष्ट्रवादले नेपाललाई गाँज्दै लैजाने क्रममा मधेसवादी दलहरूले पनि मधेसी राष्ट्रवाद सिर्जना गरिदिए । आन्दोलन गरे । तर, सीमा क्षेत्रमा भारतले बनाएका संरचनाले मधेसकै जनधन र बस्ती डुबाउँदा अनि क्षति पुर्‍याउँदा मधेसी राष्ट्रवाद पनि लुप्त भयो ।

राजा, राणा, कांग्रेस, एमाले, माओवादी तथा मधेसवादी दलहरूले देशमा चलाएका राष्ट्रघात र राष्ट्रवादका खेती देखेका र भोगेका नेपालीहरूलाई राष्ट्रवादी र राष्ट्रघाती छुट्याउनै मुस्किल पर्ने भएको छ । यही अवस्था लम्बिँदै जाने हो भने राष्ट्रघात र राष्ट्रवादको राजनीतिले नेपाल र नेपालीलाई अझै ठूलो अचानोमा पार्नेछ । मधेस, पहाड जहाँ बसे पनि यहीँका नागरिकले त्यो बितन्डा भोग्नुपर्नेछ । त्यसैले सम्पूर्ण नेपालीहरू एकजुट भएर स्वार्थी राजनीतिका विरुद्ध उभिनुपर्ने बेला आएको छ । त्यसो गरिएन भने अर्को महाभड्खालोमा पर्ने पनि हामी नै हुनेछौँ । ◆

दोहोरो सुवि

माधवप्रसाद घिमिरे
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
राष्ट्रकवि भत्ता



तुलसी दिवस
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन

बालकृष्ण पोखरेल
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन

चूडामणि बन्धु
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन

सत्यमोहन जोशी
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
नेपाल सरकारको पेन्सन



तीर्थबहादुर श्रेष्ठ
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
नेपाल सरकारको पेन्सन

राजकुमार बानियाँ

कविताका अग्ला टाकुरा नै मानिन्छन्, कविवर माधवप्रसाद घिमिरे, ९८ । उनलाई विसं ०६० मा सूर्यबहादुर थापा नेतृत्वको सरकारले १५ हजार रुपियाँ मासिक वृत्तिसहित 'राष्ट्रकवि'को उपाधि दियो । केपी ओली सरकारले त्यसमा १० हजार रुपियाँ थपिदियो । त्यसअघि पञ्चायतकालमै उनलाई नेपाल प्रज्ञा-प्रतिष्ठानको आजीवन सदस्यबापत मासिक भत्ता उपलब्ध गराइएको थियो । प्रज्ञा-प्रतिष्ठानका संस्थापक सदस्य घिमिरे त्यसका ४७ आजीवन सदस्यमध्ये चौथो नम्बरमा आउँछन् । लामो समयदेखि आजीवन भत्ता र राष्ट्रकविको मासिक वृत्ति दुवै लिएको उनी सगर्व सुनाउँछन् ।

घिमिरेकै हाराहारीका संस्कृतिविद् हुन्, सत्यमोहन जोशी, ९७ । नेपाल सरकारबाटै आधिकारिक रूपमा 'शताब्दी पुरुष'को दर्जा पाएका जोशी पनि प्रज्ञा-प्रतिष्ठानका २७औँ आजीवन सदस्यको महिनावारी भत्ता र नेपाल सरकारको पेन्सन पाउँछन् । दोहोरो सुविधाबारे हेक्का भए पनि उनी 'अहिलेसम्म कसैले मिल्दैन नभनेको' भनेर सामान्य प्रतिक्रिया दिन्छन् ।

प्रज्ञा-प्रतिष्ठानकै ३९औँ आजीवन प्राज्ञ हुन्, अशेष मल्ल, ६४ । ०५७ मै आजीवन प्राज्ञ भएका मल्लले हालसालै त्रिभुवन विश्वविद्यालयको सेवाबाट अवकाश लिए । उनले त्रिविको पेन्सन पनि पाउँछन्, प्रतिष्ठानको आजीवन भत्ता पनि । दुवै रकम जनताले तिरेको कर नै हो । फरक कति छ भने आजीवन भत्ता आफ्नो जीवनकालमा मात्रै र पेन्सन परिवारले समेत पाउने व्यवस्था छ ।

स्रष्टाहरूलाई आफ्नो काम र कृतिबाट जीवन गुजारा चलाउन मुस्किलै छ । तिनलाई आत्मसम्मानसहित बाँच्न सक्ने गरी वृत्ति दिनु राम्रो पनि हो । तर, नेपाल प्रज्ञा-प्रतिष्ठानका आजीवन प्राज्ञको सूची हेर्दा धेरैजसो स्थायी सरकारी नोकरीबाट अवकाश पाएका 'पेन्सन होल्डर' नै देखिन्छन् । संवैधानिक निकायका पदाधिकारी, सांसद र राजदूतहरूका बारेमा धेरै होहल्ला हुने गरे पनि प्राज्ञहरूले भने चुपचाप राज्य र प्रज्ञा-प्रतिष्ठान दुवैबाट वर्षौंदेखि ढुक्कले सुविधा लिइरहेका छन् ।

प्रज्ञा-प्रतिष्ठानको वेबसाइट *नेपालएकेडेमीडटओआरजीडटएनपी*का अनुसार

धामा प्राज्ञहरू



उत्तम नेपाली
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
नेपाल सरकारको पेन्सन

अशेष मल्ल
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन



ध्रुवचन्द्र गौतम
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन

योगेन्द्रप्रसाद यादव
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन

तोया गुरूङ
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
नेपाल बैंक लिमिटेड पेन्सन

शशी शाह
प्रज्ञा-प्रतिष्ठान आजीवन भत्ता
त्रिवि पेन्सन

४७ मध्ये २५ जना आजीवन सदस्यको निधन भइसकेको छ। तर, अन्तिम पटक थपिएका चार जनाको नियुक्तिमा भने विवाद छ।

आजीवन सदस्य कवि तोया गुरुङ नेपाल बैंकको पेन्सन थाप्छिन्। बालकृष्ण पोखरेल, चूडामणि बन्धु, तुलसी दिवस, ध्रुवचन्द्र गौतम, शशी शाह, योगेन्द्रप्रसाद यादव र अशेष मल्ल त्रिवि सेवाबाट अवकाशप्राप्त प्राध्यापक हुन् भने तीर्थबहादुर श्रेष्ठ र उत्तम नेपाली नेपाल सरकारका कर्मचारी।

यीबाहेक दोहोरो सुविधा लिएको नदेखिएका आजीवन प्राज्ञमा श्यामदास वैष्णव, मदनमणि दीक्षित, बैरागी काइला, ज्ञानमणि नेपाल, तुलसीप्रसाद भट्टराई, पूर्णविराम (बलराम भट्टराई) छन्। पूर्णविरामका सम्बन्धमा विवाद भने छ। उनले हिमाल सिमेन्ट कम्पनीबाट सुविधासहित एकमुष्ट उपदान लिएका थिए। उपदान पेन्सन हो कि होइन भन्ने प्रश्न कतिपयको छ।

"दोहोरो सुविधा लिन नपाउने भएपछि जुन रकम धेरै आउँछ, त्यही खानुपर्ने हो," साहित्यिक अन्वेषक शिव रेग्मी भन्छन्, "यहाँ त प्राज्ञ भन्नेहरूले नै लुकीलुकी खाइरहेका छन्। प्राज्ञहरू नै बेइमान भएपछि के लाग्छ?"

प्रज्ञा-प्रतिष्ठानका पूर्वप्रशासन प्रमुख ज्योतिकुमार काफ्लेका अनुसार प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्यको मासिक तलब सम्बन्धित बैंक खातामा पठाउने चलन छ। उनीहरूले नियमित कार्यालय जानु पर्दैन। उनीहरूले मासिक भत्ताबाहेक घरभाडा या गाडी सुविधा भने पाउँदैनन्। सुविधाको निर्णय प्राज्ञसभाले गर्छ।

०१४ मा स्थापना भएको नेपाल प्रज्ञा-प्रतिष्ठानमा सुरुमा अमर चित्रकार, बालकृष्ण सम, भवानी भिक्षु, माधवप्रसाद घिमिरे, यज्ञप्रसाद शर्मा, लैनसिंह बाङ्देल, विजयबहादुर मल्ल, सिद्धिचरण श्रेष्ठ, चूडानाथ भट्टराय, सूर्यविक्रम ज्ञवाली र यज्ञराज शर्मा गरी ११ जना आजीवन सदस्य भए। तीमध्ये घिमिरेबाहेकका प्राज्ञको निधन भइसकेको छ।

त्यसपछि ०५१ मा नयराज पन्त र केदारमान व्यथित थपिए भने ०५२ मा ईश्वर बराल, ईश्वर बल्लभसहित १५ जना आए। लगत्तै ०५७ मा शशी शाह, रमेश विकललगायत १० जना आजीवन सदस्य भए। ०६९ मा त दलीय भागबन्डामै चार जना थपिए, दुई जना लोकतान्त्रिक र दुई जना वामपन्थी खेमाका। अन्तिमपटक ०७२ मा भित्रिएका चार आजीवन सदस्य पनि दलीय विभाजनबाट अछूतो रहेनन्।

यी चार अभागी

नेपाल प्रज्ञा-प्रतिष्ठानमा अन्तिमपटक प्रमुख दलहरूको भागबन्डामा मोदनाथ प्रश्रित, वासुदेव त्रिपाठी, निनु चापागाईं र मञ्जु काँचुली ०७२ को प्राज्ञसभाबाट आजीवन सदस्य त भए तर भत्ता भने पाइसकेका छैनन् । चापागाईं भन्छन्, "सुरुमा विवाद भयो । पछि प्रक्रियामा गयो, गयो भनियो । मुख्यसचिवको अवरोध, पटक-पटक सरकार फेरबदल आदिका कारण दुई वर्ष बित्दा पनि सुविधा पाएका छैनौं ।" उनीहरूले भत्ता पाएको खण्डमा दोहोरो सुविधा लिनेको सूचीमा त्रिपाठी थपिन्छन् । उनले त्रिभुवन विश्वविद्यालयबाट पेन्सन लिँदै आएका छन् ।

खास विवाद भने प्रज्ञा-प्रतिष्ठान भन्दा पनि 'जनआन्दोलन-२ को भावना अनुसार' १० वैशाख ०६६ मा थपिएका नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र ललितकला प्रज्ञा-प्रतिष्ठानका कारण निम्तियो । दुवै प्रतिष्ठानले एकैचोटि ११-११ जना प्राज्ञलाई आजीवन भत्ता दिने सिफारिस गरिदिए । चारवर्षे कार्यकाल पूरा गरेका प्राज्ञहरूलाई आजीवन सदस्य बनाउने मापदण्डमा नेपाल प्रज्ञा-प्रतिष्ठानका पनि ११ जना थपिँदा राज्यकोषमा भार पर्ने भनी संस्कृति मन्त्रालय र अर्थ मन्त्रालय पन्छिए ।

कतिसम्म भने संगीत तथा नाट्य एकेडेमीको प्राज्ञसभाले पारित गरेर संस्कृति मन्त्रालय पठाएको आजीवन सदस्यतासम्बन्धी 'सुधारिएको' नियमावली लागू हुँदा संगीत तथा नाट्यका २४, ललितकलाका २४ र नेपाल प्रज्ञा प्रतिष्ठानका ३० प्राज्ञ आजीवन भत्ताका हकदार हुने अवस्था आइलाग्यो । सरकारले पेन्सनको विकल्प खोजिरहेका बेला राज्यलाई दीर्घकालीन आर्थिक भार पर्ने, ऐनविपरीत र अन्य प्रतिष्ठानहरूसँग नमिल्दो नजिर स्थापित हुने सरकारी अधिकारीहरूले औँल्याए ।

मापदण्डमा मनपरी

प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्यको मापदण्डसमेत पटक-पटक परिवर्तन हुँदै आएको छ । सुरुमा उनी नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानका संस्थापक सदस्य आजीवनमा बदलिए । पछि १२ वर्षसम्म प्राज्ञ परिषद् सदस्य भएकाको मापदण्ड बन्यो । प्रज्ञा-प्रतिष्ठानको संशोधित नियमावली, २०५१ मा प्रतिष्ठानको परिषद् सदस्य भई विशिष्ट योगदान पुऱ्याएकालाई आजीवन भत्ता दिन सकिने उल्लेख भयो । फेरि एक कार्यकाल पूरा गरेका प्राज्ञ भन्ने प्रावधान आयो ।

राष्ट्रिय जीवनको खास क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका विद्वान्लाई नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञासभाको सिफारिस र मन्त्रिपरिषद्को निर्णयबाट आजीवन भत्ता उपलब्ध गराउने परम्परा छ । प्रज्ञा-प्रतिष्ठान ऐनमा प्राज्ञसभाले एक कार्यकालमा एकपटक मात्रै आजीवन सदस्यबारे निर्णय गर्न पाउँछ । आजीवन सदस्यहरूले बहालवाला प्राज्ञले पाउने मासिक पारिश्रमिक सुविधाको एकतिहाइ भत्ता अर्थात् झन्डै ३० हजार रुपियाँ नियमित बुझ्छन् ।

आफूलाई नैतिकताको पहरेदार ठान्ने अनि नेताहरूका घरदैलो चहारेर शक्तिको आडमा दोहोरो भत्ता खाने ?

● **पुरुषोत्तम सुवेदी**
साहित्यकार

आजीवन प्राज्ञबारे विवादको शृंखला लामो छ । विडम्बना के भने तत्कालीन उपकुलपति मदनमणि दीक्षित आजीवन भत्ता विवादास्पद हुने र विद्वान्ले जीविकाका लागि जनताको करको आशा गर्नु शोभनीय नहुने भन्दै विपक्षमा उभिएका थिए । त्यसको दुई वर्षपछि अर्थात् ०५७ मा आफैं आजीवन सदस्य भएर भत्ता लिन थाले ।

अहिलेसम्म दुवैतिरको सुविधा लिइरहेको छु । नियमले मिल्दैन भन्न कोही आएको छैन ।

● **सत्यमोहन जोशी**
संस्कृतिविद्

गणतन्त्रको घोषणासँगै नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को विधेयक मस्यौदामा आजीवन सदस्यको पद र भत्ता खारेजी गर्ने लेखियो । प्रज्ञा-प्रतिष्ठानका आजीवन सदस्यहरूले नरेन्द्रराज प्रसाईं र इन्दिरा प्रसाईंलाई गुहारे । उनीहरूको संस्था नइ प्रकाशनको निवेदनमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेको नेतृत्वमा सांसद सुनिल प्रजापतिले व्यवस्थापिका संसद्मा प्रतिष्ठानको ऐन संशोधनको पहल लिए । अन्ततः आजीवन सदस्यको पद र भत्ता दिने पुरानै व्यवस्थाले निरन्तरता पायो । "आफूलाई नैतिकताको पहरेदार ठान्ने अनि नेताहरूका घरदैलो चहारेर शक्तिको आडमा दोहोरो भत्ता खाने ?" साहित्यकार पुरुषोत्तम सुवेदी प्रश्न उठाउँछन्, "अब सरकारी पेन्सन र आजीवन भत्तामध्ये एउटा रोज्नुपर्‍यो ।"

दुवै हातमा लड्डु

मन्त्रिपरिषद्ले ८ माघ ०७२ मा सार्वजनिक पद धारण गरेका व्यक्तिले दोहोरो सुविधा लिन नपाउने निर्णय गरिसकेको छ । ०६१ कै दोहोरो सुविधा लिन नपाइने मन्त्रीस्तरीय निर्णय कार्यान्वयन नभएपछि ओली नेतृत्वको सरकारले पारिश्रमिक तथा निवृत्तिभरणसम्बन्धी नयाँ नियम ल्याएको थियो । एकपटक सार्वजनिक पद धारण गरेको व्यक्ति अवकाश भएर पुनः सरकारी सेवा-सुविधा पाउने गरी कतै नियुक्त भए पेन्सन या नयाँ नियुक्ति भएवापतको तलब रोज्नुपर्ने भएपछि पूर्वसचिव गोविन्दप्रसाद कुसुम, कृष्णहरि बास्कोटालगायत १९ जनाले दोहोरो पारिश्रमिक तथा सुविधा त्यागेको घोषणा गरेका थिए ।

दोहोरो सुविधा सम्बन्धमा छुट्टै कानुन बनेको छैन । तर, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ ले भने दोहोरो सुविधा लिन रोकेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४ को दफा २३ मा पनि सामान्य इमानदारी र नैतिक आचरणको प्रश्न उठेमा एक चौथाइ सदस्यले लिखित निवेदन दिए छानबिन गरी कुलपतिको सिफारिसमा मन्त्रिपरिषद्ले बर्खास्त गर्ने व्यवस्था छ । "प्राज्ञजस्ता व्यक्तिले राज्यलाई गुमराहमा पारी दोहोरो सुविधा लिन मिल्दैन र दिन पनि मिल्दैन," अधिवक्ता स्वागत नेपाल भन्छन्, "कानुनको पालना अन्य नागरिकसरह प्राज्ञले पनि गर्नैपर्छ, प्राज्ञिक मर्यादा बिर्सनेलाई कानुनले छुट दिएको छैन ।" ◆

KANTIPUR DIGITAL CORP

KMG

GLOBAL COLLEGE OF MANAGEMENT | PRESENTS

ekantipur

onlinexpo

STUDY FAIR 2017

Nepal's first online exhibition

IN ASSOCIATION WITH UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY HERALD COLLEGE KATHMANDU

Find all the colleges, consultancies and educational institutions to further your career, right here!

expo.ekantipur.com

TITLE SPONSOR: GLOBAL COLLEGE OF MANAGEMENT

IN ASSOCIATION WITH: UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY: HERALD COLLEGE KATHMANDU

SPONSORS: LANDMARK EDUCATION; EEVS EXPERT EDUCATION & VISA SERVICES; Kangaroo EDUCATION FOUNDATION; KIEC; PHOENIX COLLEGE OF MANAGEMENT BBA MBA; Mate's education; hub int'l education; GLOBAL REACH education matters

PARTNER: NIC ASIA एन आई सी एशिया बैंक लि.; VMAG; Einstein International Inc.; Sparrow; EVEREST GLOBAL EDUCATION; Nesfield INTERNATIONAL COLLEGE

ekantipur

It's time for the next.

'भ्रष्टाचारीलाई चुनाव लड्न दिने का

सार्वजनिक बहस र चर्चाबाट टाढै बस्न रूचाउने सर्वोच्च अदालतका पूर्वन्यायाधीश **भैरवप्रसाद लम्साल**, ७७, लाई यतिखेर खपिनसक्नु भएको छ । कारण, भ्रष्टाचारमा सजाय काटेको तीन वर्षपछि चुनावमा उम्मेदवार बन्न पाउने कानुन संसद्‌मा प्रस्ताव गरिएको छ । यस्तै भ्रष्टाचारमैत्री वातावरण, अदालतको भूमिका, संवैधानिक निकायका पदाधिकारीको नियुक्तिलगायतप्रति उनको असन्तोष छ । सम्पत्ति न्यायिक जाँचबुझ आयोगको अध्यक्ष भएर उनले ०५८ मा सार्वजनिक पदमा रहेका ३० हजार ५ सय ९९ जनाको सम्पत्ति छानबिन गरी ६ सय २ जनालाई भ्रष्टाचारमा कारबाही गर्न सिफारिस गरेका थिए । तिनै लम्सालसँग **रामबहादुर रावल**को संवादः

भ्रष्टाचारमा दोषी ठहर भएका व्यक्तिले पनि चुनाव लड्न पाउनुपर्छ भन्ने बहस तपाईंलाई कस्तो लागिरहेको छ ?

यो सभ्य समाजमा हुने बहस नै होइन । नैतिक, चरित्रवान् व्यक्तिहरूलाई अघि बढाउनका लागि बहस हुनुपर्नेमा उल्टो भइरहेको छ।

भ्रष्टाचारमा सजाय भोगेर कानुनले तोकेको अवधिपछि चुनाव लड्न पाउनुपर्छ भन्नु गलत हो र ?

प्रधानमन्त्री, मन्त्री, राष्ट्रपतिदेखि सांसद, संवैधानिक पदाधिकारीले संविधान छोएर शपथ खाएका हुन्छन्, संविधान अनुसारको क्रिया गर्छु भनेर । तर, त्यस अनुसारको आचरण नगरी शक्ति र पहुँचको दुरुपयोग गर्छन् भने त्यो सामान्य अपराध होइन। त्यसमा अदालतले कसुरदार ठहऱ्याइसकेपछि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको मानिन्छ । ठूलो अपराधी हुन्छ त्यो त । घृणित काम गरेको हुन्छ उसले । यस्तो घृणित काम गर्नेलाई फेरि त्यही कुर्सीमा पुऱ्याउने तानाबाना बुन्ने काम भइरहेको छ अहिले ।

त्यसो भए त यो कुरा संविधान-कानुनले नै रोक्नुपर्ने हो नि ?

विसं ०१२, ०१९, ०१५, ०४७ देखि हालसम्मका कुनै पनि संविधानले त्यस्तो सजाय पाएको व्यक्ति चुनावमा उठ्न पाउने भनेको छैन । बरू किटानीसाथ निर्वाचनमा उम्मेदवार बन्न अयोग्य हुने व्यवस्था गरेका छन्। हालको संविधानको धारा ८७ (१०)ग मा यो उल्लेख छ। त्यस्तो सजाय पाइसकेको व्यक्तिलाई राष्ट्रपतिले पनि माफ गर्न सक्दैनन् । राष्ट्रपतिले गर्न सक्ने भनेको सजायमा माफी-मिनाहा हो तर दोषीले गरेको अपराध माफ हुन सक्दैन । उसको निधारमा लागेको अपराधको दाग कसैले मेटाउन सक्दैन। संविधानको धारा २७६ मा यो स्पष्ट लेखिएको छ। अहिले जे कुरा गर्न खोजिँदैछ, त्यो सरासर संविधानविपरीत छ।

कानुन संशोधन गरिहालेमा के हुन्छ ?

अदालतबाट भ्रष्टाचार ठहर भइसकेपछि त्यसलाई नैतिक पतन भएको अपराध गरेको मानिन्छ। त्यस्तो व्यक्तिले सरकारी जागिर वा संवैधानिक नियुक्ति पाउँदैन। स्थानीय, प्रदेश वा केन्द्र कुनै तहमा पनि निर्वाचन लड्न पाउँदैन। यही सिद्धान्तलाई अवलम्बन गरी पञ्चायतकालमा समेत बन्देज गरिएको थियो। अहिले झन् फुकाउने ? अहिले निर्वाचन कानुनमा त्यो कुरा राख्ने हो भने दुईतिहाइ बहुमत पुऱ्याएर संविधान संशोधन गरिनुपर्छ । नत्र, संविधानसँग बाझिएको कुरा स्वतः अमान्य हुन्छ। हिम्मत छ भने पहिला संविधान



तस्विरहरू : भास्वर ओझा

नुन बनाउनु राजनीतिक भ्रष्टाचार हो'

संशोधन गरेर देखाए हुन्छ । होइन भने असंवैधानिक काम गर्न पाइँदैन ।

एकचोटिको भ्रष्टाचारी सधैँको भ्रष्टाचारी हो त ?

भइहाल्यो नि त्यो त । उसले त सचेत रूपमा, मनसायपूर्वक शपथ तोडेको हो । जानीजानी राष्ट्रलाई घात गरेको हो । जनताको विश्वासमा लात हानेको हो ।

कतिपय अस्वाभाविक जीवन व्यतीत गरिरहेकाहरू खुलेआम हिँडिरहेका छन् । एकाधलाई मात्रै जेल हालेर निषेध गर्नु उचित हुन्छ त ?

अरू भ्रष्टाचारीलाई पनि जेल हालून् न त ! जेल हाल्ने ठाउँमा यिनै त छन्, जो कानुन बनाइरहेका छन् । अहिले राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा पनि राजनीतिक भ्रष्टाचार र श्वेत अपराधलाई मुख्य अपराध मानिएको छ । भ्रष्टाचार गर्नेहरू सुकिला पोसाक लगाउँछन् । त्यस्ता मान्छे शिक्षित हुन्छन् । शक्तिशाली हुन्छन् । कानुनका छिद्र तिनैलाई थाहा छन् । ती दूषित मनसाय भएका हुन्छन् । शक्तिको दुरुपयोग गर्छन् । स्वेच्छाचारी निर्णय गर्छन् । शपथविपरीत काम गर्छन् । त्यस्तोमा अहिले एउटा मात्र उदाहरण छैन । सबभन्दा भयावह र घातक त राजनीतिक भ्रष्टाचार नै भएको छ ।

राजनीतिक संरक्षणले मात्र यस्तो भएको हो ?

लोडसेडिङ कसले संरक्षण गरेको रहेछ ? यिनीहरूले नै होइन ? राष्ट्र र समाजलाई कति घात गरिरहेका रहेछन् ? त्यस्तै खानेपानी, शिक्षा, स्वास्थ्यको अवस्था हेर्नुस् । हामी यस्तै हालतमा बस्नुपर्ने हो र ? सँगै जन्मेका थाई एयरवेज र हाम्रो नेपाल वायु सेवा निगमको अवस्थालाई तुलना गर्नुहोस् । म ०२६ सालमा पढ्न जाँदा नेपाल वायु सेवाको जहाज चढेर लन्डन गएको थिएँ । आज निगमको यो हालत कसले गऱ्यो ? कसले पुऱ्यायो ? यिनै भ्रष्टाचारीहरूले होइन ? राजनीतिक तहको संरक्षणमा हुर्किरहेको भ्रष्टाचारले नै हाम्रो शिक्षा, स्वास्थ्य, खानेपानी, गाँस, बास, जागिर र मानव अधिकारमा समेत आघात पुऱ्याइरहेको छ । यो समाजमा जति पनि अनैतिक, असंगत कार्यहरू भएका छन्, त्यसको प्रमुख संरक्षक राजनीतिक भ्रष्टाचार हो । यसैको मातहतमा अन्य अपराध मौलाएका छन् ।

अदालतले सफाइ दिने हो भने पहिला कायम भएको सिद्धान्तलाई खण्डन गर्न सक्नुपर्थ्यो । पुरानो नजिर काट्ने हो भने पनि समान हैसियतको इजलासबाट काट्न मिल्दैन । पूर्ण इजलासमा पठाउनुपर्थ्यो । त्यहाँ गडबड भएको छ । विरोधाभासपूर्ण निर्णय भइरहेका छन् ।

एउटा राम्रो मान्छे ठाउँमा पुग्दा यिनलाई कति छटपटी हुने रहेछ भन्ने कुरा प्रधानन्यायाधीशमाथि नै बिनाआधार महाभियोग लगाएबाटै स्पष्ट हुन्छ ।

हामीकहाँ त भ्रष्टाचारी ठहर भए पनि एक-डेढ वर्षभन्दा बढी जेल बस्नै नपर्ने । किन होला ?

त्यहाँ पनि चलखेल छ । एक त कानुन बनाउँदा नै चलखेल, अर्को-समान किसिमको मुद्दामा अदालतबाट केहीले सजाय पाए, उस्तै मुद्दामा केहीलाई उन्मुक्ति दिइएको छ । अदालतले त्यस्तो गर्न पाउँदैन ।

अदालतमा पनि विचलन देखियो, उसो भए ?

अदालतले सफाइ दिने हो भने पहिला कायम भएको सिद्धान्तलाई खण्डन गर्न सक्नुपर्थ्यो । पुरानो नजिर काट्ने हो भने पनि समान हैसियतको इजलासबाट काट्न मिल्दैन । पूर्ण इजलासमा पठाउनुपर्थ्यो । त्यहाँ गडबड भएको छ । विरोधाभासपूर्ण निर्णय भइरहेका छन् । यस्तो त गर्नुभएन नि !

कुन इजलासमा परे भ्रष्टाचार ठहर हुन्छ र कुन इजलासबाट सफाइ पाउँछ भन्नेसमेत पहिल्यै अनुमान गर्ने अवस्था छ । यसलाई के भन्ने ?

त्यही नै भ्रष्टाचार हो । दूषित मनसायबाट इजलास छान्ने प्रवृत्ति भ्रष्टाचार हो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले सार्वजनिक रूपमा भनिसक्नुभयो कि केही व्यक्तिका मुद्दा आफ्नो कार्यकालमा छिन्नै दिएनन् भनेर । यत्रो उच्च ओहोदाको व्यक्तिले यति गम्भीर कुराको खुलासा गर्दा पनि कुनै छानबिन गरिएन । छानबिन गर्ने हो भने यसभन्दा ठूलो प्रमाण अरू के हुन्थ्यो ? उल्टै उनलाई मुद्दा हेर्न नसक्ने अवस्थामा पुऱ्याएर आफ्नो स्वार्थपूर्ति गरे नेताहरूले । यही हो राजनीतिक भ्रष्टाचार ।

राजनीतिक भ्रष्टाचारका निम्ति अदालतलाई समेत प्रयोग गरियो भन्न खोज्नुभएको ?

अदालत मात्रै किन ? स्वयं अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत प्रयोग गरियो । नभए लोकमानसिंह कार्कीलाई जनताको व्यापक विरोधका बीच त्यहाँ नियुक्ति गर्नुपर्ने कारण नै थिएन । पछि महाभियोग लगाउन खोज्दा पनि प्रक्रिया अघि बढाइएन । अदालतबाट मुद्दा नै नछिन्न तत्कालीन प्रधानमन्त्रीले दबाब दिएको कुरा सार्वजनिक भयो ।

यो सबै परिदृश्यले हामी कतातिर उन्मुख भएजस्तो लाग्छ ?

हामीकहाँ पैसा खर्च गरी संवैधानिक पद प्राप्त गर्ने, ब्रिफकेस आदान-प्रदान गरी ठूलठूला पदमा नियुक्त हुने परिपाटी बस्यो । यो सत्य कुरा हो । कहिलेदेखि यो कुरा बिग्रियो भन्ने पनि स्पष्ट छ । त्यो मान्छे हुँदै हुँदैन भन्दा पनि त्यसै (लोकमानसिंह कार्की)लाई नियुक्त गर्नुको उद्देश्य के हो ? पहिलेदेखि नै त्यहाँ चलखेल भएको छ । कुनै उद्देश्यका लागि त्यहाँ लगिएको भन्ने स्पष्टै छ । आफ्नो निहित उद्देश्य परिपूर्ति गर्न त्यहाँ लगियो, त्यही व्यक्तिद्वारा काम गराइयो । त्यसलाई हटाउने कुरा गर्दा होइन, केही समय राखिदिनूस् भनियो ।

यत्रो ठूलो कानुनी संरचनामा एक व्यक्ति कुनै पदमा हुँदा वा तिनलाई रोक्दैमा के फरक पर्छ र ?

भ्रष्टाचारले देशलाई, समाजलाई कंगाल बनाउँछ र मुठ्ठीभरका व्यक्तिहरूको हातमा जान्छ, शक्ति, स्रोत, न्याय सबै कुरा । गरिब झन् गरिब बन्दै जान्छन् । यस्तो नैतिक पतन भएका व्यक्तिले सुशासन गर्लान् भन्ने विश्वास जनतामा हुँदैन, छैन पनि । यो त भ्रष्टाचारी भइसकेको छ, त्यसले के न्याय दिन्छ भन्छन् जनताले । नयाँ युवा हुँदाहुँदै तिनै पुराना कलुषित मनसाय भएकाहरूलाई कुर्सीमा राख्नुपर्ने किन ?

पार्टीका महाधिवेशनहरू हेर्ने हो भने पनि भ्रष्टाचारी ठहर भएकाहरूलाई



टिकट दिने, तिनैले लोकप्रिय मतले जित्ने अवस्था देखियो । हाम्रो समाजले नै त्यस्तै प्रवृत्तिलाई प्रोत्साहित गर्न खोजेको हो कि ?

पार्टीका महाधिवेशनलाई समाजमा सामान्यीकरण गर्न मिल्दैन । पार्टीका महाधिवेशनमा प्रतिनिधि कसरी छानिए भन्ने कुरा अर्थपूर्ण हुन्छ। पार्टीमा लागेका प्रायः व्यक्तिका आ-आफ्ना ठेक्कापट्टा, पेसा, व्यवसाय, बिचौलियागिरी छन्। पैसाको छेलोखेलो हुन्छ। त्यसै गरी जितेर आउँछन् र त्यस्तै मान्छेलाई जिताउँछन्। अहिले त यस्तो अवस्था आयो कि कुनै पार्टीको मुख्य व्यक्तिको मुखमा पैसाको पोको फालेपछि जस्तासुकै दूषित काम पनि फत्ते हुन्छन्। नैतिकता नभएकाहरू जे पनि गर्न तयार हुने अवस्था छ। सिद्धान्तले जे जे नगर भन्यो, त्यही त्यही गर्ने भए। के तिनलाई थाहा छैन र आफूकहाँ पैसा लिएर आउने व्यक्ति दूषित हो भन्ने कुरा ? भ्रष्टाचारी ठहर भइसकेको, जनतामा बदनाम भइसकेको व्यक्ति भन्ने तिनीहरूलाई थाहा छैन र ?

सबै मिलीजुली सजाय घटाऔँ भन्नुको अर्थ हामी सबै भ्रष्ट छौँ, भोलि जोसुकै पर्न सक्छौँ, आजैदेखि सजिलो बाटो बनाऔँ भन्ने सोच त होइन ?

सबैले मिलेर भन्दा पनि आज एक जना व्यक्तिलाई हेरेर यो गर्न खोजिँदैछ । पार्टीभित्रको शक्ति सन्तुलनको परिणाम पनि होला । यो जनभावना त हुँदै होइन । पार्टीको उद्देश्य नै भ्रष्टाचारीलाई अगाडि बढाउने पनि होइन होला। वास्तवमा पार्टीले त्यस्तो व्यक्तिलाई लिनै हुन्नथ्यो। तर, नैतिक चरित्र भएकाहरूलाई हतोत्साहित गरेर भ्रष्टाचारीलाई नै अगाडि बढाउन खोजियो । भ्रष्टाचारी भए पनि तिनलाई टिकट दिने, नैतिक चरित्र भएकालाई किनारा लगाएर राख्नुको उद्देश्य के हो, प्रस्टै छ।

विधायिकी प्रक्रियामा सामेल एक कानुनविद्का तर्फबाट भ्रष्टाचारमा एकपटक सजाय पाइसकेपछि ऊ सधैँभर भ्रष्टाचारी हुँदैन, सुध्रिन पनि पाउँछ भन्ने पनि तर्क आएको छ नि ?

संसारको कुन फौजदारी कानुनको सिद्धान्त हो, त्यो पनि भन्नुपर्‍यो। कुन मुलुकमा त्यस्तो सिद्धान्त लागू भएको छ ? भारतमा छ ? अमेरिका, बेलायतमा छ ? भ्रष्टाचारीलाई रातो कार्पेट बिछ्याएर स्वागत गरेर कुर्सीमा राख्ने सिद्धान्त कुनचाहिँ किताबमा छ, कुन विद्वान्ले लेखेका छन् ? भ्रष्टाचारी नभई पार्टी नचल्ने सिद्धान्त कहाँ छ ? एकाध व्यक्तिले भनेर त्यो सिद्धान्त बन्छ ?

सच्चिने मौका पाउनुपर्‍यो भन्ने पनि मान्नु हुन्न ?

सच्चिने मौका पाएर नै त्यो उच्च पदसम्म पुगेका होइनन् तिनीहरू ? के त्यो पदमा पुग्दासम्म नाबालिग थिए ? यस्तो यस्तो कार्य गर्दिनँ भनेर शपथ खाएर त्यो पदमा पटक-पटक आसीन भएका होइनन् ? कुर्सीमा बस्नेबित्तिकै शपथ भुल्ने, शपथविपरीत कार्य गर्ने, देश, समाज र जनतालाई घात गर्ने तिनै भ्रष्टका कारण आज हाम्रो राष्ट्र कति पिछडिएको छ, एकपटक मनन् गर्नूस् त !

प्रसंग बदलौँ, तपाईंले देशभरिका सार्वजनिक पदमा बसेका व्यक्तिहरूका सम्पत्ति हेर्नुभयो, खातापाता पल्टाउनुभयो । खासमा हामीकहाँ भ्रष्टाचार कुन हदसम्म छ ?

भ्रष्टाचार त सबैतिर छ। कुनै पनि भ्रष्टाचार क्षम्य हुँदैन। प्रभावका हिसाबले भन्दा तल्लो तहमा हुने सानोतिनो घूस र आर्थिक लेनदेनले व्यक्ति मात्र प्रभावित हुन्छ। जसले घूस दियो, उसलाई मात्र क्षति हुन्छ। तर, सचिव, मन्त्री, मन्त्रिपरिषद् र राजनीतिक तहमा हुने भ्रष्टाचारले देशलाई घाटा पुग्छ। देश नै खाल्डामा फस्छ। समाजलाई नै डगमगाइदिन्छ। अहिले कानुनको बाटो बनाएर फेरि शक्तिमा पुग्न खोज्नेहरू त्यस्तै ठूला भ्रष्टाचारी हुन्, जसले देशलाई आजको स्थितिमा पुर्‍याउन भूमिका खेले। अहिले आयल निगमको जग्गा खरिदको कुरो आइरहेको छ। कर फर्स्योटका नाममा भएको भ्रष्टाचार नै हेरौँ। पञ्चायतकालमा गलैँचा काण्ड यस्तै ठूलो भ्रष्टाचारमध्येको थियो।

संसारको कुन फौजदारी कानुनको सिद्धान्त हो, त्यो पनि भन्नुपर्‍यो। भ्रष्टाचारीलाई रातो कार्पेट बिछ्याएर स्वागत गरेर कुर्सीमा राख्ने सिद्धान्त कुनचाहिँ किताबमा छ, कुन विद्वान्ले लेखेका छन् ? भ्रष्टाचारी नभई पार्टी नचल्ने सिद्धान्त कहाँ छ ?

संसद् र राजनीतिक तहबाट भ्रष्टाचारमैत्री जे-जस्ता गतिविधि भएका छन्, ती कतै हाम्रो व्यवस्थामा भएका खराबीका उपज पो हुन् कि ?

व्यवस्था आफैँमा खराब हुँदैन । व्यवस्थाभित्र दूषित मनसाय भएका मानिसहरूका कारण यस्तो भएको हो । व्यवस्था सञ्चालन गर्ने मान्छेहरू नै रद्दी परे हामीकहाँ।

सधैँ त्यस्तै व्यक्तिलाई माथि पुर्‍याउने व्यवस्थालाई खराब नभनेर के भन्ने त ?

सधैँ त्यस्तै पुगेका छैनन्। कृष्णप्रसाद भट्टराईका पालामा त्यस्तो भएन । नेतृत्व ठीक भएमा धेरै कुरा ठीक हुन्छ। इमानदार भनेको त्यस्तो हुनुपर्छ।

अहिले त अख्तियारले पनि अकूत सम्पत्ति आर्जनसम्बन्धी मुद्दा नै ल्याउन छाड्यो । किन यस्तो भएको ?

मान्छे कस्तो र कसरी नियुक्ति गरियो, त्यसैको प्रभाव हो यो त । नियुक्तिदेखि नै भ्रष्टाचार हुन्छ । अनि, त्यो निकायले कसरी भ्रष्टाचार नियन्त्रण गरोस् ?

भ्रष्टाचारीलाई हाम्रो समाजले पनि दण्डित गर्न नसकेको हो कि ?

हाम्रो विद्वत् वर्गले त भ्रष्टाचारीलाई भ्रष्टाचारी नै भनेको छ।

आमसमाजमा सम्पत्ति नैतिक हो वा होइन भनेर नहेर्ने, केवल दसैँमा बढी दक्षिणा दिने, अरू अवसरमा चन्दा दिनेको हाइहाइ गर्ने चलन त छ नि, होइन ?

गरिब र अशिक्षित बढी भएको मुलुकमा अज्ञानता, परिस्थिति र बाध्यतावश त्यस्ताहरूको पछि लाग्ने हुन्छन् । तर, तपाईं-हामीले भ्रष्टाचारीलाई नंग्याउन छाड्नु हुँदैन। समाज पनि बिस्तारै सचेत हुँदै जान्छ।

हाम्रो संस्कृति नै भ्रष्टाचारीमैत्री भएजस्तो लाग्दैन ?

हाम्रो संस्कृति त त्यस्तो होइन। तर, पाश्चात्य संस्कृति भित्रिएपछि जसरी पनि पैसा कमाउनुपर्ने, भोगविलास, तडकभडक गर्नुपर्ने भावनाबाट ग्रस्त भयौँ।

साह्रै निराशाजनक कुरा भयो। थिति बसाल्न के गर्नुपर्ला त ?

पहिला इमानदारीपूर्वक काम गर्ने, त्याग, तपस्या, बलिदानी गर्ने, सादा जीवनशैली अपनाउने भएका कारण नेताहरूप्रति जनताको श्रद्धा थियो। अहिले त्यस्ता नेता सयमा एक पनि पाउन गाह्रो छ। नैतिक शिक्षा तलैबाट दिनुपर्ने भएको छ। असल चरित्रलाई बढावा दिने संस्कृति स्थापित गर्नुपर्छ। जे भए पनि हामीले असल र इमानको पक्षमा र दूषित कुराको विपक्षमा बोल्न छाड्नु हुँदैन। ♦

KMG
KANTIPUR MEDIA GROUP

Radio Kantipur

रेडियो राष्ट्रको

We are Radio Kantipur, Radio Rastrako

Transforming ourselves to flourish the bond connected from heart to heart. We have become the change to embellish every new relationship. Now, we'd like to strengthen our bond, embracing the changing time and circumstances.

कर्तव्यविमुख

बाबुराम विश्वकर्मा

व्यवस्थापिका-संसद्मा अहिले लोकतन्त्रकै हुर्मत लिने गरी एउटा विधेयकमा लज्जाजनक संशोधन प्रस्ताव गरिएको छ। गृहमन्त्री जनार्दन शर्माले २६ असार ०७४ मा सदनमा दर्ता गरेको 'प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४' मा सत्तारुढ नेपाली कांग्रेसका १९ सांसदहरूले भ्रष्टाचारको कसुरमा जेल सजाय पाएको व्यक्तिले तीन वर्षपछि चुनाव लड्न पाउनुपर्ने माग गर्दै संशोधन प्रस्ताव गरेका हुन्।

संसद्को राज्य व्यवस्था समितिमा दफावार छलफलका लागि १५ भदौमा पठाइएको त्यो विधेयकको दफा १३ (ङ) मा 'भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा २० वर्षभन्दा बढी सजाय पाएको व्यक्ति निर्वाचनमा उम्मेवार हुन अयोग्य मानिने' व्यवस्था छ। यसको अर्थ प्रस्ट छ, फौजदारी अभियोगमा सजाय पाएका र नैतिक पतन हुने फौजदारी अभियोग साबित भएको अपराधी जनप्रतिनिधि हुन सक्दैन । यसअघि पनि संविधानसभाका दुइटै चुनावमा भ्रष्टाचारको मुद्दामा सजाय पाएका व्यक्तिलाई चुनाव लड्न वर्जित गरिएको थियो । तर, पुरानो व्यवस्था उल्टाएर भ्रष्टलाई चुनावमा सहभागी गराउने बाटो खोल्न सांसदहरू नै लागिपरेका छन् । अर्थात्, जननिर्वाचित प्रतिनिधिहरूको उपल्लो थलो संसद्ले भ्रष्टाचारीलाई सांसद बन्ने

चार वर्ष

जनप्रतिनिधिको सर्वोच्च संस्था जनसरोकारकै मामिलाप्रति बेसरोकार

अवसर दिने कि नदिने भन्ने बहसमा समय खर्च गरिरहेको छ।

४ मंसिर ०७० मा भएको निर्वाचनले संविधानसभासँगै जन्माएको थियो, यो संसद्लाई। सुरुमा संविधानसभा र व्यवस्थापिका दुवै भूमिकामा काम गऱ्यो। र, ३ असोज ०७२ मा नयाँ संविधान जारी भएपछि संविधानसभा विघटन भई ६ सय १ जनाको त्यही जम्बो संरचना व्यवस्थापिकामा रूपान्तरित भयो। संसारमा विरलै चुनिने संविधानसभाको शक्तिसमेत प्रयोग गरेको र मुलुकलाई नयाँ संविधान पनि दिएको यस संरचनाले अरूभन्दा प्रभावशाली र जनमुखी भूमिका खेल्नुपर्ने हो। तर, संविधानसभा र संसद्को चारवर्षे कार्यकालको काम हेर्दा संसद् सशक्त र जनमुखी होइन, निकम्मा र नेतामुखी बन्न पुगेको छ। संसद्ले गर्नुपर्ने काम गरेको छैन, नगर्नुपर्ने काममा समय खर्च गरेको छ।

प्रसंग प्रतिनिधिसभा सदस्यको निर्वाचनसम्बन्धी विधेयकमा सत्तारुढ सांसदले दर्ता गरेको लज्जाजनक संशोधनको मात्र होइन, प्रमुख विपक्षी दल नेकपा (एमाले) सांसदहरूले चिकित्सा शिक्षा विधेयकमा दर्ता गराएको संशोधनलाई हेर्दा पनि यो संसद्को ध्यान जनसरोकारका मुद्दामा कति संवेदनहीन छ भन्ने थाहा हुन्छ। सत्याग्रही प्राडा गोविन्द केसीसँग सरकारले गरेका सम्झौतामा त्यो विधेयक शिक्षाविद् केदारभक्त माथेमा कार्यदलको प्रतिवेदन अनुसार पारित गर्ने टुंगो गरिएको थियो। ९ साउन ०७३ मा संसद्मा दर्ता भएको त्यो विधेयकलाई एमाले सांसदहरूले जनताको होइन, मेडिकल माफिया र निजी मेडिकल कलेज सञ्चालकको स्वार्थ पूरा हुने गरी संशोधन दर्ता गराएका छन्।

सिंगो मुलुक मेडिकल शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारका लागि डा केसीको सत्याग्रहको पक्षमा उभिएका बेला संसद् र सांसदचाहिँ त्यसको विपक्षमा देखिनु कुनै संयोग होइन । पूर्वन्यायाधीश कृष्णजंग रायमाझी भन्छन्, "देशमा संसद् र सांसद नै नभएको जस्तो भयो । किनभने, सांसदलाई विवेक प्रयोग गर्न दिइएको छैन । तीन दलका ठूला नेताको इसारामा नाचेका छन् संसद् र सांसद ।"

सांसदहरू मुलुक र जनताका जल्दाबल्दा समस्यातिर पिठ्यूँ फर्काएर आफ्नै स्वार्थमा कुन हदसम्म लिप्त भएका छन् भन्ने कुराको उदाहरण पनि हो, चिकित्सा शिक्षा विधेयकलाई आफू अनुकूल पारित गर्न खोज्नु । किनभने, एमाले सांसदहरूको स्वार्थमा चिकित्सा शिक्षा ऐनमा मात्र होइन, मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयकमा पनि प्रकट भएको छ । एमालेका तत्कालीन स्वास्थ्यमन्त्री खगराज अधिकारीले त्यो विधेयक १८ असोज ०७२ मा संसद्मा दर्ता गराएका थिए । डा केसीको आन्दोलनले त्यो विधेयक फिर्ता गर्न सरकार राजी भएको थियो । त्यसैले अघिल्ला स्वास्थ्यमन्त्री गगन थापाले महिला, बालबालिका तथा समाज कल्याण समितिलाई विधेयक फिर्ता गर्न पत्राचार गरे । तैपनि, एमाले सांसद एवं समिति सभापति रन्जुकुमारी झाले लामो समय उक्त पत्र लुकाएर राखिन् र विधेयक अझै फिर्ता गरेकी छैनन् ।

सिद्धान्ततः संसद्का तीनवटा भूमिका हुन्छन्, कानुन बनाउने, सरकार निर्माण गर्ने र त्यसमाथि नियन्त्रण गर्ने । आमसरोकारका मुद्दामा चासो, सरकारले प्रवाह गर्ने सेवा र आयव्ययको निगरानी पनि संसद्कै काम हुन् । तर, जनताले आफ्ना लागि चुनेको सर्वोच्च जनप्रतिनिधि संस्था संसद् यी सबै काममा निम्छरो साबित भएको छ । संसद् सचिवालयका एक अधिकारी भन्छन्, "संसद्ले स्वतन्त्र रूपमा काम गर्न सकेन । हमेसा सरकारको रबर स्ट्याम्प भयो ।"

मूल कर्तव्यबाटै विमुख

व्यवस्थापिका-संसद्को सबैभन्दा महत्त्वपूर्ण काम हो, संविधानसभाका हैसियतले आफैंले जारी गरेको संविधान कार्यान्वयनमा सहजीकरण गर्नु । यसका लागि संसद्ले असन्तुष्ट पक्षले उठाएका विवादलाई समयमै सल्टाउन सकेन । अझ भन्दा यसका निम्ति प्रभावकारी पहल नै संसद्भित्रबाट गर्न खोजिएन । नयाँ संविधान जारी भएयता सत्तापक्ष संविधान संशोधनको असफल प्रयासमा लाग्यो भने प्रमुख विपक्षी संविधान संशोधनलाई असफल बनाउने रणनीतिमा जुट्यो । तराईकेन्द्रित दलहरूको समूह राष्ट्रिय जनता पार्टीचाहिँ संविधान संशोधनबिना कुनै पनि चुनावमा भाग नलिने अडानमा रह्यो । यही त्रिपक्षीय द्वन्द्वले संविधानलाई सहज रूपमा लागू हुन दिएन । संवैधानिक कानुनविज्ञ सूर्य ढुंगेल भन्छन्, "आफूले जारी गरेको संविधानको

संसद्का दुई

स्वच्छलाई हतारमा महाभियोग

निर्भीक र स्वच्छ छविकी प्रधानन्यायाधीश सुशीला कार्कीविरूद्ध महाभियोग दर्ता, चौतर्फी विरोधपछि फिर्ता । कार्कीलाई प्रधानन्यायाधीश हुन नदिन पनि चार महिनासम्म विभिन्न बहानामा रोकिएको थियो ।

स्वीकार्यता बढाउनु संसद्को सबैभन्दा प्राथमिक काम हो । तर, त्यो नगरी अरू नै काममा संसद्को समय बित्यो ।"

नयाँ संविधान कार्यान्वयनका लागि कम्तीमा तीन सयभन्दा बढी कानुन निर्माण जरुरी ठानिएको थियो । रूपान्तरित भइसकेपछि संसद्को प्राथमिक दायित्व थियो यो । संसद् सचिवालयको अभिलेख अनुसार नयाँ र पुराना गरी जम्मा ७१ वटा विधेयक मात्र पारित भएका छन् यस अवधिमा । तर, तत्काल आवश्यक पर्ने निर्वाचन कानुनसमेत संसद्ले दिन सकेको छैन । निर्वाचन आयोगले प्रदेश र संघको चुनाव गर्न आवश्यक कानुनको माग गरेको धेरैअघिदेखि हो । तर, निर्वाचनको मिति घोषणा भइसक्दा पनि संसद्ले निर्वाचन कानुन पारित गर्न सकेको छैन । राजनीतिक विश्लेषक नीलाम्बर आचार्य भन्छन्, "संसद्को आधारभूत काम हो कानुन बनाउने । आधारभूत काममै असफल भएपछि संसद्प्रतिको साख, चाख र महत्त्व बर्बाद भएको छ ।"

संघीयता कार्यान्वयनका लागि जरुरी कानुन दिन नसक्नु संसद्को अयोग्यताको अर्को प्रमाण हो । ३१ वैशाख र १४ असारको चुनावबाट गठित स्थानीय तह कानुनकै अभावमा प्रभावकारी हुन सकेका छैनन् । तर, १२ वैशाख ०७४ मा दर्ता भएको स्थानीय तहको शासन सञ्चालनसम्बन्धी विधेयक संसद्को विकास समितिमा थन्किएको छ । संसद् सचिवलायका उपसचिव डिल्लीराम रिजाल भन्छन्, "सार्वभौम संसद् सबैभन्दा बलियो हुनुपर्ने हो । तर, संसद् सरकारले चाहेका कानुन बनाउने काममा मात्र सीमित भएको छ । त्यसैले संसद्को भूमिका फितलो देखिएको हो ।"

संघीयता कार्यान्वयनका लागि नभई नहुने अर्को कानुन हो, प्राकृतिक स्रोत तथा वित्त आयोगसम्बन्धी कानुन । यसको अभावकै कारण संविधानमा व्यवस्था गरिएको प्राकृतिक स्रोत तथ वित्त आयोग बन्न सकेको छैन । यस आयोगसम्बन्धी विधेयक तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराले १६ जेठ ०७४ मा सदनमा दर्ता गरे पनि अहिलेसम्म संसद्को अर्थ समितिमा थन्किएको छ । त्यस्तै निर्वाचन आयोगका लागि तत्काल आवश्यक प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विधेयक पनि राज्य व्यवस्था समितिमै अड्किएको छ ।

संघीयता कार्यान्वयनका लागि यी चार वर्षमा संसद्ले प्रतिवर्ष झन्डै ८० भन्दा बढी नयाँ कानुन बनाउनु पर्थ्यो । तर, नयाँ र संशोधन गरी वर्षमा औसत १७ वटा कानुन मात्र दिन सकेको संसद् सचिवालयको अभिलेखमा देखिन्छ । यसमा सांसदहरूकै गैरजिम्मेवारीपन र नालायकीले काम गरेको छ । किनभने, सांसदहरू आफ्नो मूल जिम्मेवारी र मर्यादासमेत भुलेर अन्यत्रै दौडिएका छन् । जस्तो : जनताले चुनेका सांसदहरू सांसदकै हैसियतलाई प्रयोग गरी गैरसरकारी संस्था (एनजीओ) दर्ता गरी दाताबाट सहायता माग्ने, विदेश घुम्ने, परियोजना चलाउने

३ असोज ०७२ मा संविधान जारी गर्ने क्रममा तत्कालीन राष्ट्रपति रामवरण यादव

कृत्य

विवादितलाई नौ महिना

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्कीका ज्यादतिविरूद्ध सर्वत्र आवाज उठेपछि र सर्वोच्च अदालतले समेत उनको नियुक्तिको वैधता विवादमा पूर्वफैसला पुनरावलोकन गर्ने भएपछि संसद्मा एमाले, माओवादीलगायतका सांसदहरूले महाभियोग प्रस्ताव दर्ता गराए । तर, त्यसलाई संसद्ले तदारूकताका साथ छलफल नै अघि बढाएन । सर्वोच्च अदालतले कार्कीको योग्यतासम्बन्धी मुद्दामा उनलाई पदमुक्त गरेपछि संसद् त्यसै पन्छियो ।

संसद्को अनुभूति नै भएन



■ कृष्णजंग रायमाझी
पूर्वन्यायाधीश, सर्वोच्च अदालत

हरेक क्षेत्रमा विवाद उठ्दा संसद्ले त्यसको सही ढंगले समाधान दिनुपर्ने हो। किनभने, कानुन बनाउने सर्वोच्च निकाय संसद् नै हो । संविधानसभाले सारा विवाद मूल्यांकन गरेर मुलुकलाई नयाँ संविधानको दस्तावेज दिएको हो । त्यसपछि संविधानसभा स्वतः कामचलाउ संसद् भएको हो । संविधानसभाले आउँदो ७ माघसम्मका गाह्रो-अप्ठ्यारो फुकाउने जिम्मा संसद्लाई दिएको हो । त्यसपछि यसको आयु सकिन्छ ।

मुलुकलाई नेतृत्व दिनुपर्ने संसद् निष्कलंक हुनुपर्छ तर मुलुकमा संसद् भएको अनुभूति नै भएन । किनभने, संसद्ले जनसरोकारका मुद्दामा कामै गरेन । आमजनता, बुद्धिजीवी सबैतिरबाट सारा दबाब परेका कारण संसद्ले जसोतसो सामान्य भूमिका त निर्वाह गरिरहेको छ तर जुन रफ्तारमा काम गर्नुपर्ने हो, त्यसरी गर्न सकेको छैन । स्थानीय तहमा दुई चरणका निर्वाचन भए, तेस्रो चरणको बाँकी छ । केन्द्र र प्रदेशसभाको निर्वाचनको मिति घोषणा भएको छ । यो सकारात्मक कुरा हो । तर, यसलाई टुंगोमा पुर्‍याउनुपर्छ ।

हामीले सुनेका छौँ, निर्वाचन आयोगले अहिलेसम्म कानुन पाएको छैन । समय कम छ र पनि कानुन दिन सकेको छैन संसद्ले । सांसदहरू आफ्नै स्वार्थमा रुमल्लिइरहेका छन् । त्यसैले यो संसद् आफ्नो दायित्व निर्वाहप्रति सजग छैन । यसले दबाबका भरमा मात्र काम गर्ने होइन, स्वघोषित, स्वचालित भएर काम गर्नुपर्छ । यो हाम्रो दायित्व हो, यति समयभित्र यति काम गरिसक्नुपर्छ भनेर बुझ्नुपर्ने हो । जहिले पनि जनताले दबाब दिइरहनुपर्ने होइन ।

जनतालाई राम्रो छवि भएका व्यक्तिहरूलाई छनोट गरौँ भन्नुको तात्पर्य संसद् राम्रो र बलियो हुन्छ भन्ने हो। तर, अहिले त अदालतबाट दोषी प्रमाणित भइसकेको मान्छेलाई फेरि निर्वाचन लड्ने बाटो खोलिदिने 'लबिङ' भइरहेको छ । यसले हामी कति गैरजिम्मेवार छौँ भन्ने देखाउँछ । यसभन्दा ठूलो दुर्भाग्य के हुन सक्छ ? हरेक समाजमा अपराध हुन्छ, कम र बेसी होला। सभ्य समाजले अपराधलाई न्यूनीकरण गर्दै जानुपर्छ, बढ्न दिनु हुँदैन । तर, डरलाग्दो विषय के भने व्यक्तिले आपराधिक क्रिया गर्दै जाने अनि गलतको संरक्षणमा सम्पूर्ण दल र संसद् नै संलग्न हुने अवस्था आयो । आफ्नो दलभित्र नराम्रा मान्छे छन् भने दल स्वयंले गलत भन्न सक्नुपर्ने हो। नराम्रालाई निरुत्साहित गर्दै जानुपर्ने हो । अपराधीहरूको संरक्षण गर्दै जाँदा दल त्यसैमा मिसिँदै जान्छ । अहिले सबैभन्दा ठूलो खतरा यही हो । संसद् पनि दल र सरकारको छायाँ बन्दै गएको छ ।

सही र गलत कुरा संसद्मा सांसदहरूले हेर्ने, न्यायालयमा प्रधानन्यायाधीशले हेर्ने हो। तर, गलतलाई च्याप्दै जाने, ठाउँ दिँदै जाने हो भने त्यसमा दलकै संस्थागत संलग्नता ठानिन्छ । न्याय निरुपण गरिरहेको प्रधानन्यायाधीशलाई संसद्मा महाभियोग लगाइयो । त्यसले संसद्को गरिमालाई माथि उठाएन । सुशीला कार्की र लोकमानसिंह कार्कीलाई एउटै डालोमा राखेर हेर्ने प्रयास गरे दलहरूले ।

दुःखको कुरा के भने अहिलेको प्रवृत्तिले व्यवस्था बलियो बन्ने लक्षण छैन । एउटा व्यक्ति अपराधी हुन सक्छ तर संस्था त्यसमा सहभागी हुनु हुँदैन। अन्यत्रका संसद्/सरकारले सानातिना त्रुटि गरेका होलान् । त्रुटिरहित कोही नहुन सक्छ । तर, अहिले हाम्रोमा जेजस्तो भइरहेको छ र गरिरहेका छन्, त्यस्तो कसैले पनि गरेका छैनन् ।

भ्रष्टाचार र अनैतिक क्रिया भन्ने कुरा तलबाट माथि जाने होइन । डोको-नाम्लो बोक्ने श्रमिक बदमास होइन । बदमास त बौद्धिक भनिएका, पढेलेखेका र आफूलाई बाठो ठान्नेहरू नै हुन् । माथिबाट तल गएको भ्रष्टाचारले जरा गाडिसक्यो । स्थानीय तहमा पनि बदमासी पुगिसक्यो अब। किनभने, तिनले माथिकालाई रिझाउनु पर्छ। तल बदमासी नगरीकन रिझाउन सकिँदैन। अब यहीँबाट सुधार सुरु हुनुपर्‍यो । माथि जो छन्, उनीहरू सुध्रनुपर्‍यो र सुधार्नुपर्‍यो ।

संसद् आफैँले प्रतिनिधित्व गर्ने जनतासँग, उनीहरूका दिनानुदिनका समस्यासँग भिज्न सक्नुपर्ने हो । जुम्लाका जनताको दुःख, भावना कस्तो छ, त्यससँग घुलमिल हुनुपर्छ पहिला । अनि, के गर्नुपर्छ भन्ने ज्ञान बल्ल प्राप्त हुन्छ । यहाँ बसेर त्यहाँको दुःख देखिँदैन । भूकम्प, नाकाबन्दी, बाढी-पहिरोमा जनताको दुःख थाहा पाउनै सकेनन् नेताहरूले । तत्काल राहत पुग्न नसक्नुको परिणाम पनि यही हो ।

लोकतन्त्र भनेको हाम्रो दैनिक आचरण हो। लोकतन्त्र व्यवहारबाट ल्याउने हो । उठ्दा, हिँड्दा, बोल्दा लोकतन्त्रको आचरण देखिनुपर्छ। अनि मात्र लोकतन्त्र स्थापित र मर्यादित हुन्छ । बोली र व्यवहार

एकातिर छ, अनि लोकतन्त्र भनेर चिच्याएर मात्र हुन्छ ? दुर्भाग्य ! हाम्रो व्यवहार नै त्यस्तो भएन । संसद्ले ठीक बनाउनुपर्ने थियो तर त्यो नै यस्तो भयो कि शेरबहादुर देउवा, केपी ओली, प्रचण्डलगायत चार जना नेता बसेपछि जे पनि गर्न सक्ने भन्ने सन्देश प्रवाह भयो । चार जना नेताका लागि यो सर्वोच्च जनप्रतिनिधिमूलक संस्था बनाइएको थिएन, हरेक जनताका लागि बनाइएको थियो । तर, चार जना कोठामा बसेर निर्णय गरेपछि संसद्को भोट त्यही हुन्छ । हामीले कल्पना गरेको पद्धति यो होइन ।

मैले न्यायाधीश हुँदै भनेको थिएँ, न्यायपालिकामा भ्रष्टाचार छ भनेर । सुधार्ने कोसिस पनि गरियो तर सकिएन । अहिले सुशीला कार्कीले पनि सकिनन् । त्यसकारण दोषमुक्त हामी कोही पनि छैनौं । हामीले लड्नु-भिड्नु त पर्छ नै तर गाह्रो छ । हामी न्यायाधीश साथीहरूबीचमै भगडा पर्दथ्यो । वास्तवमा संसद् बलियो भए यो बेथिति कम हुन्थ्यो, रोक्न सकिन्थ्यो । संसद् मात्र किन ? चार-पाँच जना नेता मात्र ठीक भइदिए धेरै परिवर्तन भइसक्थ्यो ।

सभ्य समाजले अपराधलाई न्यूनीकरण गर्दै जानुपर्छ, बढ्न दिनु हुँदैन । तर, डर लाग्दो विषय के भने व्यक्तिले अपराधजन्य क्रिया गर्दै जाने अनि गलतको संरक्षणमा सम्पूर्ण दल र संसद् नै संलग्न हुने अवस्था आयो ।

प्रहरीमा त्यत्रो महाभारत भयो । नेता विशेषलाई रिझाउन नसकेको एक इमानदार प्रहरी अधिकृतलाई रोलक्रमबाट मिल्काइयो तर पनि संसद् चुप । सांसदहरूले सोच्नुपर्ने हो, मेरो भूमिका देशप्रति के हो भनेर । मलाई जनताले चुनेर पठाएका हुन्, नेताले होइन भनेर पनि सोच्न सकेका छैनन् ।

सही र गलतको संघर्षमा सहीकै पक्ष लिनुपर्छ । एउटा किसान सुधिएर सारा मुलुक सुधिन्न । प्रधानमन्त्री मात्र सुधिदिए धेरै सुधार हुन्छ । सांसदमा पनि पराभिमुखी चरित्र हावी भयो । दैनिक जीवनमा पनि अर्काको भर पर्नु घातक कुरा हो भन्ने ख्याल गरिएको छैन । देला र खाउँला भनेर भर गरेर बस्यो, भोलि दिएन भने के गर्ने ? यत्ति मात्र यिनीहरूले सोचिदिने हो भने आउँदो पुस्ताको भलो हुन्थ्यो ।

यो पूर्णकालीन संसद् होइन । यसलाई निश्चित कार्यभार दिइएको छ । तर, त्यो सीमित कार्यभार पनि पूरा गर्न सकेको छैन । जनताको घरदैलोमा जानुपर्ने सरकारका पदाधिकारीहरू आशीर्वाद थाप्न अन्यत्रै जान्छन् । भोट दिने र जिताउने जनता अनि एकपछि अर्को गरी धाउनेचाहिँ अन्यत्रै ? अचम्म, यसबारे संसद्मा कोही बोल्दैनन् । किनभने, सत्ता पक्ष-प्रतिपक्ष कोही चोखा छैनन् ।

भ्रष्टाचारमा जेल परेकालाई निर्वाचनमा उठाउन खोज्दैछन् । निर्वाचनमा किन उठ्ने त ? होला नहोला अलग कुरा, उठ्ने भनेको त प्रधानमन्त्री हुनलाई नै हो । अब त्यस्तो व्यक्तिलाई प्रधानमन्त्री बनाउने त ? प्रस्ताव ल्याउन पनि लाज मान्नुपर्ने हो ।

ठूला नेताहरूमा संकुचित सोच र चरित्र छ । आफूले जे गरे पनि हुन्छ भन्ने दरबारकै जस्तो मानसिकता छ । त्यसकारण संसद् बलियो नभईकन, नेताहरू नसुधीकन व्यवस्थाले आफैं काम गर्दैन । हाम्रो पुस्ताले त देश बनेको देख्न नपाउने भयो नै, भावी पुस्ताले सुन्दर देख्न पाऊन् ।

(कुराकानीमा आधारित)

काममा व्यस्त छन् । यसैको एउटा उदाहरण हो, सांसदहरूले दर्ता गरेको जनसंख्या तथा विकासका लागि राष्ट्रिय मञ्च नामक एनजीओ (हेर्नूस्, *नेपाल* आवरण: *१७ पुस ०७३*) । यसबाहेक अनावश्यक सभा गोष्ठीमा सांसदको सहभागिता, विदेश भ्रमण अनि दाताका रुचि अनुसारका एजेन्डामा संसद्मा छलफल त यस अवधिका सामान्य घटना बने ।

उल्टो काम

संसद्का प्रमुख दलका शीर्ष नेताको सहमतिमा तत्कालीन राष्ट्रपति डा रामवरण यादवले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखमा लोकमानसिंह कार्कीलाई नियुक्त गरे । त्यतिखेर जननिर्वाचित संसद् त थिएन । तर, निर्वाचित संसद् आइसकेपछि पनि उनको संसदीय सुनुवाइ गर्न आवश्यक ठानेन । संविधान जारी हुँदा पुनःनियुक्तिको व्यवस्था गरेर कार्कीका ज्यादतिपूर्ण क्रियाकलापमा पूर्णविराम लगाउन सकिन्थ्यो । त्यतातिर पनि संविधानसभा/संसद्ले ऊर्जा खर्चनतिर लागेन । जनआवाज सुन्ने सांसद र संसद् थियो भने तिनलाई जवाफदेही बनाउन नसक्ने कुनै कारण थिएन । कार्कीका ज्यादतिविरुद्ध सर्वत्र आवाज उठेपछि र सर्वोच्च अदालतले समेत उनको नियुक्तिको वैधता विवादमा पूर्वफैसला पुनरावलोकन गर्ने भएपछि संसद्मा एमाले, माओवादीलगायतका सांसदहरूले महाभियोग प्रस्ताव दर्ता गराए । तर, त्यसलाई संसद्ले तदारुकताका साथ छलफल नै अघि बढाएन । सर्वोच्च अदालतले कार्कीको योग्यतासम्बन्धी मुद्दामा उनलाई पदमुक्त गरेपछि संसद् त्यसै पन्छियो ।

कार्यसम्पादनमा अक्षम र जिम्मेवारीविमुख त यो संसद् भयो नै । कतिपय अवस्थामा यो नियतवश लोकतान्त्रिक व्यवस्था र शक्ति पृथकीकरणको मर्मविरुद्ध प्रस्तुत भयो । संसद्ले ठेगान लगाउन नसकेका लोकमानलाई पदमुक्त गर्ने र भ्रष्टाचार मुद्दा निरूपणलाई अभियानकै रूपमा अघि बढाउने सर्वोच्च अदालतकी तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्ध महाभियोग दर्ता गरी काम गर्नै नसक्ने अवस्था सिर्जना गऱ्यो । यी दुई प्रकरणमा संसद्को भूमिका उल्टो मात्र भएन, सार्वजनिक लज्जा र आलोचनाको विषय बन्यो ।

संसदीय सुनुवाइ संसद्को अर्को महत्त्वपूर्ण काम हो । तर, यस अवधिमा भएका संसदीय सुनुवाइ नाम मात्रका भए । प्रधानन्यायाधीश गोपाल पराजुलीका प्रमाणपत्र, जन्ममिति र फैसलासम्बन्धी विवादमा एउटा पनि प्रश्न

सोध्न नसकेको घटना होस् या विवादास्पद राजदूतहरूको नियुक्तिमा भएको आर्थिक चलखेल, यी दुवैमा संसदीय सुनुवाइ कर्मकाण्डमा सीमित भयो । संविधानविद् विपिन अधिकारी भन्छन्, "संसदीय सुनुवाइमा संसद्को कुनै सामर्थ्य देखिएन । फगत अक्षम सरकारको सिकार भयो संसद् । त्यसैले संसद् राष्ट्रिय सरोकारका मुद्दा, कानुन निर्माण र सरकारको नियन्त्रण तीनै काममा प्रभावशून्य भएको छ ।"

संसद्को यस कार्यकालमा अकल्पनीय त्रासद घटना नेपालीले झेल्नुपर्‍यो । १२ वैशाख ०७२ को भूकम्प, जसले मुलुकमा ठूलो जनधनको क्षति मात्रै गरेन, जनमानसमा गम्भीर मनोवैज्ञानिक त्रास पनि सिर्जना गर्‍यो । तर, संसद्ले ३० वैशाख ०७२ मा संकल्प प्रस्ताव पारित गर्नेबाहेक खासै उल्लेख भूमिका निर्वाह गर्न सकेन । भूकम्पपछि उद्धार, राहत र पुनःनिर्माणमा संसद्को जुन स्तरको सशक्त खबरदारी जरुरी थियो, त्यसमा संसद् चुक्यो । त्यसैको नतिजा हो, भूकम्पपछिको पुनःनिर्माणले गति लिन नसक्नु ।

नाकाबन्दीमा मौन

सरकार बनाउने र गिराउने मात्र होइन, सरकारलाई लगाम लगाउने जिम्मेवारीसमेत लोकतन्त्रमा संसद्कै हो । तर, भूकम्पले ध्वस्त भएको संरचनाको पुनःनिर्माण र भूकम्पपीडितलाई राहत उपलब्ध गराउन सरकार असफल साबित हुँदा पनि संसद्ले सरकारलाई जवाफदेही बनाउन सकेन । आमसरोकारका मुद्दामा सरकारी लाचारी संसद्कै फितलोपनको परिणाम हो । अचम्म त के छ भने भूकम्पको क्षति र त्रासदीले क्षतविक्षत भएका नेपालीमाथि दक्षिणी छिमेकी भारतले करिव पाँच महिनासम्म नाकाबन्दी गर्दा त्यसबारे संसद् पूर्णतः मौन बस्यो । नेपाली जनजीवनलाई कष्टकर बनाएको भारतीय नाकाबन्दीका बारेमा संसद्मा छलफलै नहुनु अनि त्यसलाई निकास दिन संसदीय पहल शून्य हुनु ठूलो दुर्भाग्यका रूपमा चित्रित गर्छन्, राजनीतिक विश्लेषक आचार्य । भन्छन्, "संसद्मा कुनै पनि मुद्दामा स्वतन्त्र बहस हुने सकेन । त्यसले संसद्को गरिमामा गम्भीर चोट पुर्‍यायो र आमचासोका मुद्दा छेउ लागे ।"

भूकम्प र नाकाबन्दी पुराना परिघटना भए पनि मधेसमा आएको भारी वर्षाका कारण तराईमा भएको जनधन र क्षति ताजा घटना हुन् । तर, त्यसमा पनि संसद् प्रभावकारी देखिएन । संविधान संशोधन रोक्न सदन चल्न नदिने मुख्य प्रतिपक्षी एमालेले जनसरोकारका अहम मुद्दामा चाहिँ एक दिन पनि सदनमा उभिएर सरकारलाई दबाब दिएको देखिएन ।

आफूले जारी गरेको संविधानको स्वीकार्यता बढाउनु संसद्को सबैभन्दा प्राथमिक काम हो । तर, त्यो नगरी अरू नै काममा संसद्को समय बित्यो ।

● सूर्य ढुंगेल
संवैधानिक कानुनविज्ञ



संसद्को आधारभूत काम हो, कानुन बनाउने । आधारभूत काममै असफल भएपछि संसद्प्रतिको साख, चाख र महत्त्व बर्बाद भएको छ ।

● नीलाम्बर आचार्य
राजनीतिक विश्लेषक

संसदीय सुनुवाइमा संसद्को कुनै सामर्थ्य देखिएन । संसद् राष्ट्रिय सरोकारका मुद्दा, कानुन निर्माण र सरकारको नियन्त्रण तीनै काममा प्रभावशून्य भएको छ ।

● विपिन अधिकारी
संविधानविद्

त्यसैले हालसालैको तराईको डुबान पनि केही सांसदको वक्तव्यमै सीमित भयो । संघीय समाजवादी फोरम नेपालका प्रमुख सचेतक शिवजी यादव भन्छन्, "कुनै सार्थक कामबिना नै चार वर्ष बित्यो । संसद्मा त्यत्तिकै टाइम पास भएजस्तो लाग्छ । केही नेताले संसद्लाई बन्धक बनाएका छन् ।"

संसद् र सांसदको भूमिका जनविरोधी र लज्जाजनक भए पनि संसद् र सांसद बेलगाम घोडा भएका छन् । जनस्तरबाट समेत संसद्को भूमिका प्रभावकारी नभएको लिखित र मौखिक गुनासो संसद् सचिवालयमा आउने गरेको संसद् सचिवालयका सहप्रवक्ता रिजाल बताउँछन् ।

आफ्नै सुविधामा ध्यान

जनहितकारी काम र राष्ट्रिय सरोकारमा सार्थक काम नगरे पनि संसद्ले आफ्नो सेवा-सुविधासम्बन्धी कानुन बनाउने कामचाहिँ फटाफट गर्‍यो । संसद्का पदाधिकारी र सदस्यको सेवा सुविधा बढाउने अनि पूर्वविशिष्ट पदाधिकारीहरूलाई कुस्त सेवा सुविधा दिने कानुन बनाउने मामिलामा सांसदहरूले निकै मिहिनेत गरे । त्यसैको परिणाम हो, चुनावसम्बन्धी कानुन चुनाव घोषणा भइसक्दा पनि नआउनु अनि संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी विधेयकचाहिँ एक वर्षअघि अर्थात् गत मंसिरमै पारित हुनु ।

स्मरणीय छ, अहिले वर्षमा संसद्को खर्च करिब दुई अर्ब रुपियाँका हाराहारीमा छ भने प्रतिसांसद मासिक खर्च ९० हजार रुपियाँ । प्रतिपदाधिकारी खर्च न्यूनतम १ लाख ५० हजार रुपियाँभन्दा बढी छ । ५ सय ९१ जना सांसदमध्ये सभामुख, उपसभामुख, संसदीय समितिका १२ सभापति, आठ जना सचेतक, २९ दलका नेता गरी ५१ जनाले पदाधिकारी सुविधा उपभोग गर्दै आएको संसद् सचिवालयले जनाएको छ ।

आफ्नो सेवा सुविधा त छँदैछ, सांसदका नाममा चल्दै आएको संसद् विकास कोषका लागि झन्डै ११ अर्ब रुपियाँमा हालीमुहाली पनि सांसदहरूले नै गर्दै आएका छन् । निर्वाचन क्षेत्र विकास र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा निर्वाचित सांसदले पाँच करोड रुपियाँ निर्वाचन क्षेत्रमा अनि सबै सांसदले प्रतिसांसद पाँच लाख रुपियाँ जहाँ मन लाग्यो, त्यहीँ खर्च गर्दै आएका छन् । पुरानो संसद् र निर्वाचन क्षेत्र दुवैको अस्तित्व सकिए पनि सांसद विकास कोषको अस्तित्वचाहिँ चालू आर्थिक वर्षमा पनि कायम छ ।

आफ्नो सुविधाबाहेक पूर्वपदाधिकारीलाई सेवासुविधा दिने काममा पनि संसद् र सांसदहरूको प्रयास जारी छ । ५ मंसिर ०७१ मा तत्कालीन उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले विशिष्ट व्यक्तिको सुरक्षासम्बन्धी विधेयक सदनमा दर्ता गरे । त्यसको चर्को विरोध भएपछि २३ मंसिरमै त्यसलाई फिर्ता गरियो । तर, विभिन्न नाउँमा राज्यको ढुकुटी दोहन गर्न कानुनतः ढोका खोल्ने प्रयास रोकिएको छैन । पूर्वविशिष्टलाई खुसी पार्ने प्रयास गौतमले फेरि २५ चैत ०७२ मा दोहोर्‍याए, त्यही विधेयक सदनमा पेस गरेर । फेरि विरोधपछि फिर्ता भयो । उनीपछिका गृहमन्त्री विमलेन्द्र निधिले पनि गौतमको प्रयासलाई निरन्तरता दिए । निधिले ११ चैत ०७३ मा पेस गरेको पूर्वपदाधिकारीलाई सुविधा प्रदान गर्नेसम्बन्धी विधेयक अहिले राज्य व्यवस्था समितिमा छ । व्यापक विरोधको सामना गरेको यो विधेयक सुटुक्क पारित भइहाले अचम्म नमाने हुन्छ ।

यी यस्ता दृष्टान्त हुन्, जसले आमजनता एकातिर बेथितिको सिकार भइरहेका छन् भने तिनै जनताले निर्वाचित गरेका जनप्रतिनिधिहरू व्यवस्थापिका-संसद्मा मुरली बजाएर बसिरहेका छन् । ◆

केशव दाहाल

पतनको बाटो नहिँडौं

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन विधेयकमा केही सांसदले भ्रष्टाचारी प्रमाणित भई सजाय भोगिसकेकाहरूलाई समेत चुनाव लड्न पाउने गरी संशोधन प्रस्ताव गरेका छन् । निर्वाचनलाई कसरी प्रभावकारी र स्वच्छ बनाउने भन्ने बहस भइरहँदा आएको यो संशोधन उदेकलाग्दो छ ।

खासमा हामी कस्तो निर्वाचन चाहिरहेका छौं ? निश्चय नै संविधान कार्यान्वयन र गतिशील लोकतन्त्रका लागि निर्वाचन सुखद अवस्था हो । तर, के निर्वाचनको शुद्धताबिना लोकतन्त्र प्रभावकारी हुन्छ ? के मतदान गर्न पाउनु मात्र जनताको सार्वभौम अधिकार हो ? निर्वाचनमा उम्मेदवारको चरित्रको अर्थ हुन्छ कि हुँदैन ? चुनावमा खुरूखुरू सहभागी हुनु र पाँच वर्ष तमासा हेर्नुबाहेक जनप्रतिनिधिबारे जनतालाई प्रश्न गर्ने अधिकार हुन्छ कि हुँदैन ?

निर्वाचन र लोकतन्त्र

भनिन्छ, निर्वाचनले लोकतन्त्रलाई बलियो बनाउँछ । तर, के जस्तोसुकै निर्वाचनले पनि लोकतन्त्रलाई 'कन्ट्रिब्युट' गर्छ ? भर्खरै हामीले दुई चरणमा स्थानीय निर्वाचन गर्‍यौं । यही अनुभवले भन्छ, दुवै चरण स्वस्थ र स्वच्छ थिएनन् । दुवै चरणमा आचारसंहिताको अपव्याख्या र उल्लंघन सामान्य हुन पुग्यो । ठूलाहरूको दम्भले मतदातालाई रनभुल्ल पार्‍यो । यसकारण पनि ती राम्रा निर्वाचन होइनन् किनभने त्यहाँ मुद्दा कम र 'मनि' ज्यादा क्रियाशील थियो । भन्ने गरिन्छ, जब लोकतन्त्र कमजोर हुन्छ, 'मनी' र 'मसल' नै प्रभावशाली हुन्छन् । जहाँ भ्रष्टहरू चुनाव लड्छन् र चरित्रहीनहरूले शासन चलाउँछन्, कहाँ रहन्छ लोकतन्त्र ?

दुवै चरणका स्थानीय तह निर्वाचनमा भएको खर्चले गम्भीर प्रश्न उठाउँछ, कहाँबाट आउँछ पार्टीहरूसँग यति धेरै पैसा ? सम्भवतः यहींनेर राजनीति र भ्रष्टाचारको साइनो छ । भ्रष्टाचारविरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्ट अनुसार हाम्रा दलहरू सबैभन्दा भ्रष्ट छन् । यो यस्तो निष्कर्ष हो, जसले यथावस्थामा लोकतन्त्रलाई कहिल्यै फल्न र फुल्न दिँदैन, दिइरहेको छैन । यस्तो अवस्थामा पनि हाकाहाकी भ्रष्टहरूले चुनाव लड्न पाउनुपर्छ भन्दै उनीहरूको पक्षमा पैरवी गर्नु दुर्भाग्यपूर्ण छ । कांग्रेसजस्तो लोकतन्त्रको 'ठूलो' कुरा गर्ने दलका सांसदहरूको विवेक किन यति कमजोर ?

लोकतन्त्रमा 'ब्यालेट'को कुरा सबैभन्दा चर्कोसँग गरिन्छ । तर, 'ब्यालेट डेमोक्रेसी' पुरानो जमानाको कुरा हो । यो लगभग तीन सय वर्ष पुरानो प्रयोग हो । पार्टी खुल्नु, निर्वाचन हुनु र जनताले भोट हाल्न पाउनु लोकतन्त्रको शास्त्रीय कथन हो । निश्चय नै जब्बर सामन्तवादी युगमा चुनाव हुनु मात्र पनि प्रगतिशील कुरा हुन्थ्यो । तर, आज चुनावले मात्र लोकतन्त्रको अर्थ र उपादेयता थाम्न सक्दैन । त्यसैले आज प्रश्न स्वाभाविक हुन्छ, कस्तो चुनाव गर्ने ? आज चुनावको शुद्धता र प्रभावकारिता मुख्य कुरा हो । राजनीतिक प्रक्रियामा जनताको गतिशील स्वामित्व र नियन्त्रण मुख्य कुरा हो । किनभने, आजको युग औपचारिक लोकतन्त्रको युग होइन । लोकतन्त्रको अर्थ निकै व्यापक छ । यो जनताको सार्वभौम अधिकार र त्यसको अविच्छिन्न प्रयोगको युग हो । यहाँनेर 'अविछिन्न' शब्दको गहिरो अर्थ छ । यही आशयसाथ ब्यालेटलाई आधुनिक लोकतन्त्रको अविच्छिन्न र महत्त्वपूर्ण साधन बनाइनुपर्छ ।

फेरि पनि प्रश्न उही हो कि, चुनावबाट अझ गहकिलो लोकतन्त्र कसरी निर्माण हुन्छ ? यो प्रश्न हाम्रा लागि ज्यादै महत्त्वपूर्ण छ । अतः निर्वाचन कानुनहरू बनाइरहँदा सांसदहरूले यस्ता प्रश्नमाथि विचार गर्नैपर्छ । तर, पछिल्लो निर्वाचन विधेयकमाथि भएको संशोधनको बहसले केही माननीयहरू उल्टो बाटो हिँडेको प्रस्टै हुन्छ । यो या त पदीय आडम्बर हो या संसदीय गरिमाको तीव्र स्खलन ।

हाम्रो राजनीतिक संस्थापनको चरित्रलाई विचार गर्दा निर्वाचनसम्बन्धी प्रचलित बहस र अभ्यासले मात्र निर्वाचनको गुणवत्ता सुरक्षित गर्दैन । त्यसैले सांसदहरूले निर्वाचन संस्कृति, प्रवृत्ति र शैलीको

समग्र समीक्षा र नयाँ संकल्प गर्नुपर्ने बेला आएको छ । किनभने, निर्वाचन र त्यसको गुणवत्ता यी दुई बिलकुलै भिन्न विषय हुन् । हामी गुणवत्ताको निर्वाचन चाहन्छौँ ।

प्रभावकारी निर्वाचन

संघ र प्रदेश निर्वाचनको तयारी भइरहँदा विचार गर्नुपर्ने एउटै प्रश्न छ, चुनावलाई कसरी रचनात्मक बनाउने, जनतालाई कसरी शक्तिशाली बनाउने ? ब्यालेटमा जनताको विवेकपूर्ण अभिमत र नियन्त्रण कसरी हुन्छ ? यसका लागि केही अनुभवहरू काम लाग्लान् । जस्तो : भारत, ग्रीस, अमेरिका, युक्रेन, स्पेन, कोलम्बिया, रसिया, क्यानडा, बंगलादेशमा जनतालाई अस्वीकारको अधिकार दिइएको छ । त्यहाँ विश्वास छ कि अस्वीकारको अधिकारले उम्मेदवारको शुद्धता जाँच गर्छ । यदि सबै उम्मेदवार खराब देखिए कसलाई छान्ने ? सबै उम्मेदवार भ्रष्ट र अपराधी मात्र छन् भने त्यस्तो निर्वाचनको के अर्थ ? कुनै मतदातालाई लाग्ला कि कसैले पनि उसको भावनाको प्रतिनिधित्व गर्दैन । यस्तो बेला उसले कसलाई भोट हाल्ने ?

हाम्रो लोकतान्त्रिक निर्वाचन प्रणालीले चाहिँ मतदान गर्न मात्रै भन्छ- प्रत्यक्ष र समानुपातिकमा । यसको अर्थ हो, कसैलाई छान्नैपर्छ । तर, उम्मेदवारहरू सबै नै भ्रष्ट छन् भने त्यस्तो बेला जनताले वैकल्पिक बाटो पाउनुपर्छ । सबै उम्मेदवार खराब छन्, त्यसैले 'म कसैलाई पनि छान्दिनँ' भन्ने विकल्प हुनुपर्छ । यसैलाई अस्वीकारको अधिकार भनिएको हो ।

चार वर्षअघि भारतको उच्च न्यायालयले अस्वीकारको अधिकारको कानुनी व्यवस्था गर्न सरकारलाई निर्देशन दियो । पाकिस्तानमा पनि त्यति नै बेलाको निर्वाचनपछि यस्तो अभ्यास सुरु भयो । स्पेनमा खाली मतपत्रलाई नै अस्वीकारको रूपमा बुझ्ने गरिन्छ । स्पेनिसहरू यस्तो मतलाई राजनीतिक शुद्धताको आवाज मान्छन् । सन् १९७८ मा अमेरिकाको नेभादामा 'नन आफ दी एवोभ'को विकल्पलाई अवलम्बन गरियो । सन् १९९९ मा क्यालिफोर्नियामा यससम्बन्धी कानुन बन्यो । यद्यपि, यस्तो विकल्पमा निकै कम मत आएको आँकडा छ । तर, मत थोरै आउँदैमा यसको महत्त्व कम हुँदैन । अतः हामीले पनि निर्वाचनलाई अझ धेरै लोकतान्त्रिक र प्रभावकारी बनाउन अस्वीकारको अधिकारको कानुनी प्रवर्द्धन गर्नु राम्रो हुन्छ । यो विषयलाई संसद्ले विचार गरोस् ।

नियन्त्रणको अधिकार

सहभागितामूलक लोकतन्त्रलाई चौथो पुस्ताको लोकतन्त्र भनिन्छ । यसको सबैभन्दा सुन्दर पक्ष राज्यसत्तामा जनताको निरन्तर निगरानी हो । सहभागितामूलक लोकतन्त्रमा विश्वास गर्नेहरू ठान्छन् कि, जनताको सार्वभौम अधिकार हस्तान्तरणीय हुँदैन । अतः निर्वाचित जनप्रतिनिधिमाथि जनताको निरन्तर निगरानी र नियन्त्रण सहभागितामूलक लोकतन्त्रको आधार हो ।

नेपालमा पनि नेताहरू सहभागितामूलक लोकतन्त्रको कुरा गर्छन् । त्यसो हो भने उम्मेदवार र निर्वाचित जनप्रतिनिधिमाथि जनताको नियन्त्रण कसरी कायम गर्ने ? विकल्प चाहियो । यसका लागि खराब जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार जनतालाई दिनुपर्छ । राजनीतिक भ्रष्टाचारलाई तह लगाउने यो राम्रो उपाय हुन सक्छ । यस्तो विकल्पले मतदाताको विश्वासलाई कायम राख्न र गल्ती नगर्न सदैव जनप्रतिनिधिहरूलाई दबाब पर्नेछ । अन्यथा जनताको अभिमतका नाममा खराबहरूले पाँच वर्ष निरन्तर शासन गर्नेछन् । यो हुनुहुँदैन । चुनावअघि र पछि दुवै बेलामा जनताले उम्मेदवारलाई प्रश्न गर्ने ठाउँ हुनुपर्छ । अनि मात्र, 'ब्यालेट'माथि जनताको सम्पूर्ण नियन्त्रण हुनेछ ।

निश्चय नै निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउने कुरा केही मसिनो, प्राविधिक र झन्झटिलो काम हो । तर, लोकतन्त्रलाई बलियो बनाउन केही झन्झट त गर्नैपर्छ ।

निश्चय नै निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउने कुरा केही मसिनो, प्राविधिक र झन्झटिलो काम हो । तर, लोकतन्त्रलाई बलियो बनाउन केही झन्झट त गर्नैपर्छ । यसका लागि निश्चित संख्यामा मतदाताले उजुरी गर्न सक्छन् । मतदाताहरूको हस्ताक्षर परीक्षण, अभियोगको पुष्टि र न्यायिक पुनरावेदनको व्यवस्था गर्न सकिन्छ । निर्वाचन आयोगलाई नै उजुरी छानबिन गर्ने अधिकार दिन सकिन्छ । अथवा, यस्ता मुद्दा हेर्ने अलग संरचना बनाउन सकिएला ।

सरकार र संसद्ले निर्वाचनको गुणवत्ता बढाउन रचनात्मक उपायहरू सोच्नुपर्‍यो । परम्परागत निर्वाचनमा सबैभन्दा धेरै मत ल्याउनेले जित्छ । त्यो बेला विजेता अल्पमतको विजेता हुन आउँछ । यसलाई कसरी सच्याउने ? केही देशमा सबैभन्दा धेरै मत ल्याउने दुईबीच दोस्रो चरणको प्रतिस्पर्धा गराउने चलन छ । जित्नका लागि ५१ प्रतिशतभन्दा धेरै मत ल्याउनुपर्ने यो अभ्यास प्रभावकारी हुन सक्छ । यसै गरी निर्वाचनलाई तडकभडकरहित, जनमुखी, कम खर्चिलो र प्रभावकारी बनाउनेतिर ध्यान जानुपर्छ । खर्च विवरण र निर्वाचन आचारसंहिताको पालना कडाइसाथ हुनुपर्छ । अन्यथा, निर्वाचन निकै विकृत बन्दै गइरहेको छ । यतिबेला दल तथा उम्मेदवारको आचरणको परीक्षण गर्ने कडा कानुन आवश्यक छ । केही देशमा निर्वाचनको 'अडिट' हुन्छ । हामी पनि गर्न सक्छौँ ।

प्रश्न आवधिक निर्वाचनको होइन । प्रश्न मतदाताहरूको निरन्तर नियन्त्रणको हो । हामी कस्तो निर्वाचन चाहन्छौँ ? जनतालाई निष्क्रिय मतदाता बनाउने कि सक्रिय हस्तक्षेपकर्ता ? अन्यथा, एक दिन ठूलठूला कुरा गर्ने र पाँच वर्ष जनताको भविष्य बर्बाद गर्ने छुट कसैलाई दिन सकिँदैन । यसका लागि केही राम्रा अभ्यास सुरु गर्ने सही बेला यही नै हो । किनभने, अहिलेका निर्वाचन ऐतिहासिक छन् । हामीसँग नयाँ संविधान छ र त्यसले नयाँ सुरुआतको संकल्प बोकेको छ । अब हुने निर्वाचन राज्य पुनःसंरचनाको उद्देश्यबाट प्रेरित छन् । यी निर्वाचनमार्फत जनता सम्पूर्ण रूपमा सार्वभौम हुन चाहन्छन् । जनता स्वच्छ र प्रभावकारी निर्वाचनको पक्षमा छन् । अतः पुराना निर्वाचनका अभ्यास, शैली र संस्कृतिलाई फेर्ने ठीक बेला यही नै हो ।

यति गर्न सके मात्र ब्यालेटको लोकप्रियता र शुद्धता पुष्टि हुन्छ । अनि मात्र, निर्वाचनले लोकतन्त्रलाई गतिशील बनाउँछ । अन्यथा, निर्वाचन एउटा घटना त होला तर त्यो सुखद उत्सव बन्ने छैन । नेताजीहरू, सोच्नका लागि अनेकौँ सुन्दर विकल्प छन् । कृपया पतनको उल्टो बाटोतिर नहिँड्नु होला । ◆

एनआरएनए : मन बहलाउने बाटो

विश्वास हमाल

नेपालमा छँदा विदेशी जीवनको कल्पनामा डुबिरहेका बेला गैरआवासीय नेपाली संघ (एनआरएनए)का बारेमा धेरै सुनिन्थ्यो अनि पढिन्थ्यो । काठमाडौँका पाँचतारे होटलमा सम्मेलन गर्ने, देशकै व्यापारी-नेतादेखि प्रधानमन्त्रीसँग भेटिरहँदा उनीहरूको 'पावर'को अन्दाज हुन्थ्यो । अनि, फेरि सुकिला-मुकिला कपडामा विदेशतिरको गफ र स्वदेशको चिन्ताका प्रसंग आमसञ्चारमाध्यममा नियमित रूपमा आइरहँदा देशका लागि केही ठूलै योगदान पुऱ्याउँछन् भन्ने लाग्थ्यो ।

समयसँगै बहकिँदा परदेशमा पढ्ने, काम गर्ने अनि बस्ने मौका मिल्यो । पूर्वी अफ्रिकाको केन्या होस् या तान्जानिया या युरोपको बेलायत अनि स्वीडेन या म विद्यार्थी भएर केही समय बसेको क्यानडा । संसारको जुन कुनामा पुगे पनि आफ्नो भविष्य खोज्दै हिँडेका मजस्ता धेरै नेपालीहरू भेटिन्थे, बिरानो देशमा । अनि, त्यही समुदायभित्र एउटा सानो समूह जहाँ पनि सक्रिय हुन्थ्यो, एनआरएनएमा आबद्ध भएर । नेपाली भएर विदेशमा बसिसकेपछि चाहेर होस् या नचाहेर यो पाँच दर्जनभन्दा बढी देशमा फैलिएको ठूलो संस्थासँग प्रत्यक्ष या अप्रत्यक्ष रूपमा ठोक्किन पुगिन्छ पनि ।

एउटा रमाइलो पक्ष के भने हामी नेपालीहरू जहाँ गए पनि संघसंस्था खोलिहाल्छौँ । जातजाति र जिल्लैपिच्छेका समाज अनि डाक्टर समूहदेखि वकिल, पत्रकार संघ । विदेशमा यति धेरै संघसंस्था हुँदा पनि सबैभन्दा ठूलो हो, एनआरएनए । अनुभव बटुल्न र विदेशमा नेपालसँग नजिकिने बहानमा म आफैँ पनि एनआरएनएका गतिविधि नजिकबाट नियाल्दै गएँ । पछि यसको वकालत पनि गर्दै हिँडेँ र अन्त्यमा फिनल्यान्ड शाखाको कार्यकारी सदस्य भएर काम पनि गरेँ ।

नेपालमा यो संस्थाको जति चमकधमक छ, विदेशतिर ठीक उल्टो रहेछ । उदाहरणका लागि लाखौँ नेपाली बस्ने बेलायतमा यो संस्थाका सदस्य १० प्रतिशत पनि छैनन् । अनि, त्यस्तै छ- विश्वका अरू शाखामा पनि । त्यो पनि सदस्यता लिनेहरू मुख्यतः समितिकै सदस्य, उनीहरूका नातागोता र साथीभाइ मात्र हुन्छन् । विदेशमा आफ्नै मिहिनेत र सुखदुःखमा जिन्दगी बिताउने अधिकांश नेपालीहरू यो संस्थाप्रति कि मतलब नै राख्दैनन् कि नकारात्मक मात्र सोच्दा रहेछन् । तर, यसको ठीक उल्टो एनआरएनएमा आबद्ध नेपालीहरूलाई लाग्दो रहेछ कि आफ्नो मातृभूमिका लागि उनीहरूले विदेशमा बसेर ठूलो योगदान दिइरहेका छन् । त्यो नसोचून् पनि कसरी ? जबकि, उनीहरूले विदेशको व्यस्त जीवनबाट समय निकाली, आफ्नै खल्तीबाट पैसा झिकेर स्वेच्छाले यो अभियानमा लागिपरेका छन् ।

नेपालमा दोहोरो नागरिकता, विदेशमा बसेका नेपालीलाई मताधिकार अनि वैदेशिक लगानीका बारेमा एनआरएनएले उठाएका मुद्दा सराहनीय छन् । त्यसका साथै नेपालमा भूकम्प, बाढी या अन्य प्राकृतिक प्रकोप आउँदा 'च्यारिटी'मार्फत आर्थिक सहयोग पनि गरेका छन् । तर, यो सबै गर्न एनआरएनएकै सदस्य हुनैपर्छ भन्ने छैन । प्रत्येक देशमा रहेका अन्य संस्थाले पनि यो सब गर्दै आएका छन् ।

विदेशमा बस्ने नेपाली समयसँगै मिहिनेत र भाग्यले सफल पनि भए । सफलताको एक बिन्दुमा पुगेपछि अब के गर्ने भन्ने शून्यता हुँदो रहेछ । त्यसैले थोरै नाम, थोरै शक्ति, थोरै पदका लागि यो संस्थामा लागेका धेरै भेटिन्छन् । साँच्चै भन्नुपर्दा आफ्नो पेसा अथवा व्यवसायबाहेक न केही अनुभव छ, न त ज्ञान तर पनि एनआरएनएमा एक किसिमको 'चार्म' छ । किनभने, यसमा लागेपछि नेपाल होस् या विदेश, कलाकारदेखि दूतावास अनि नेपालका उच्च पदाधिकारीसम्मको पहुँच बनाउन सकिन्छ । आफ्नै पैसाले भए पनि देश-विदेशका नेपालीसँग भेट गर्न पाइने, नेपालसँग पनि नजिकिने मौका, समाजसेवाजस्तो पनि देखिने, अनि मन बहलाउने बाटो यसभन्दा राम्रो अरू हुन सक्दैन ।

विदेशमा मुख्य रूपमा नेपालीलाई समस्या पर्ने भनेको नै भिसा, काम अनि अरू व्यावहारिक नै हो, जुन एनआरएनए अधिकारभित्र पनि पर्दैन । अनि, एनआरएनएले लगानी गरेर देश विकास गर्ने कुरा पनि एउटा भ्रम मात्र हो । किनभने, विदेशमा भएका लाखौँ नेपाली आफ्नो परिवार पाल्न र सामान्य जीवनमै संघर्षरत छन् । नेपाल फर्केर उद्योगधन्दा खोल्न उनीहरूको आर्थिक सामर्थ्यले नै दिँदैन ।

त्यसैले एनआरएनएका भेला होस् या सम्मेलन, एक किसिमले रमाइलो गर्ने, केही छिनको औपचारिकतापछि नयाँ ठाउँ घुम्ने, देश-विदेशका गफ गर्ने, मान्छे चिन्ने र मन बहलाउने ठाउँजस्तै हो । नेपाली-नेपालीबीच नेटवर्किङका लागि सायद यसभन्दा राम्रो माध्यम अरू हुन सक्दैन ।

अनि, नेपालमा चाडपर्व परेका बेलामा सोल्टी होटल या अन्नपूर्ण जस्तोमा सम्मेलन गर्ने ताकी विदेशबाट घर फर्केको मौकामा एक काज दुई पन्त होस् । देशका नाम चलेका मान्छे बोलाइएको त्यो रमाइलो माहोलमा देश विदेशका गफ, मान्छे चिन्ने अनि केही दिन मिडियामा छाउने र फेरि कर्मथलोतिर लाग्ने । केही अपवादबाहेक यस्तै हुँदोरहेछ एक सामान्य एनआरएनएमा नेपालीको सहभागिता ।

यी सबैका बाबजुद एनआरएनएले नेपाली दूतावास नभएको ठाउँमा अनौपचारिक दूतजस्तो काम पनि गरेको छ । नेपालमा सरकारको पैसा खाएर जिम्मेवार हुनुपर्ने नेता-कर्मचारीले त केही गरेका छैनन् भने विदेशको व्यस्त जिन्दगीबाट समय निकालेर आफ्नै खल्ती रित्याएर केही गरौँ भनी लागेकालाई दोष लगाउनु सान्दर्भिक नहोला ।

विदेशमा एनआरएनएजस्तो संस्था नभएको भए मजस्तै लाखौँ सामान्य नेपालीको अवस्था के हुन्थ्यो होला ? साँच्चिकै भन्नुपर्दा कसैलाई केही पनि फरक पर्दैनथ्यो । जस्तो छ, त्यस्तै नै रहन्थ्यो । ◆

बल्ल पायौं, अब नगुमाऔं निरन्तरताका लागि जुटौं

न्यूनतम लोडसेडिङका कारण हरेक घर तथा परिवारमा खुसी र उत्साहको माहोल छाएको छ । बिगत १० वर्षदेखि हामीलाई निरीह तुल्याइरहेको लोडसेडिङ फेरि कहिल्यै भोग्न नपरोस् यसका लागि प्रण गरौं ।

अध्यारोमा बिताएका समयबाट ज्ञान लिई, भविष्यमा फेरि यस्तो अवस्था कहिल्यै भोग्न नपरोस् । यसका लागि अग्रसर हौं ।

पिक आवरको समय साँझ ५:३० देखि ८:३० बजे मित्र हिटर, इलेक्ट्रिक आइरन, वासिङ मेसिन जस्ता अत्यधिक ऊर्जा खपत गर्ने उपकरणहरू नचलाऔं। आफ्ना उपकरणलाई अनावश्यक समयमा जडित अवस्थामा नराखी विद्युत बचत गरौं।

KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

असमन्वयकारी लगानी बोर्ड

प्रक्रियागत, प्रशासनिक र कानुनी उल्झनका कारण बाह्य लगानी भित्र्याउने कार्य कठिन

मनबहादुर बस्नेत

सन् २००८ मा भारतको सतलज जलविद्युत् निगमसँग नेपाल विद्युत् प्राधिकरणले अरुण तेस्रो जलविद्युत् परियोजना निर्माण गर्न दुईपक्षीय समझदारी पत्र (एमओयू)मा हस्ताक्षर गर्‍यो । सन् २०११ मा लगानी बोर्ड स्थापना भएपछि बोर्ड मातहत राखेर यो परियोजना अगाडि बढाइयो । त्यसपछि सन् २०१४ मा बोर्ड र निर्माण कम्पनीबीच परियोजना विकास सम्झौता (पीडीए) भयो । पीडीए भएपछि वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) गर्न मात्रै एक वर्ष लाग्यो भने हदबन्दीका कारण जग्गा प्राप्त गर्न थप एक वर्ष कुर्नुपर्‍यो । पहुँच मार्गमा पर्ने वन क्षेत्रको रूख कटान अनुमति दिन वन मन्त्रालयले अर्को एक वर्ष लगाइदियो । समझदारी-पत्रमा हस्ताक्षर भएको नौ वर्षपछि बल्लतल्ल यो परियोजना निर्माणको चरणमा पुगेको छ ।

लगानी बोर्ड स्थापना भएपछि ठूला विकासका परियोजना द्रुत गतिमा हुने अपेक्षा गरिए पनि कसरी प्रक्रियागत झन्झटमै परियोजना अल्झिरहेका छन् भन्ने अरुण तेस्रोको सुस्त यात्राले देखाउँछ । नौ सय मेगावाटको यो परियोजनाले पीडीए भएको तीन वर्षभन्दा बढी त प्रक्रियागत उल्झनमै बिताउनु पर्‍यो ।

लगानी बोर्डमा ऊर्जा, जलविद्युत्, सिमेन्ट उद्योग, फोहोरमैला व्यवस्थापनजस्ता क्षेत्रमा बाह्य लगानी गर्ने प्रस्ताव परेको छ । जसमध्ये अरुण तेस्रो र पश्चिम सेती जलविद्युत् परियोजनाको मात्रै पीडीए भएको छ भने १८ भदौमा चिनियाँ कम्पनी होङ्सी शिवम् सिमेन्ट र बोर्डबीच पीडीए हुँदैछ । बाँकी प्रारम्भिक प्रक्रियाकै चरणमा छन् । तामाकोसी तेस्रो, माथिल्लो मर्स्याङ्दी र पश्चिम सेती जलविद्युत् परियोजना, रासायनिक मल परियोजना, एकीकृत फोहोरमैला व्यवस्थापन परियोजना लगानी स्वीकृत भएर समेत अगाडि बढेका छैनन् । लगानी बोर्डबाट स्वीकृत भएका करिब एक दर्जन विदेशी लगानीका परियोजना छन् *(हेर्नूस्, प्रस्तावित परियोजना)* ।

अफ्रिकी मुलुक नाइजेरियाको डाँगोटे ग्रुपले नेपालमा सिमेन्टमा लगानी गर्न भदौ ०७१ मै बोर्डबाट स्वीकृति पाएको हो । त्यस्तै चिनियाँ कम्पनी ह्वाङसिङले पनि नेपालमा सिमेन्ट उद्योग खोल्न बोर्डबाट इजाजत पाएको छ । यी दुवै कम्पनीले सिमेन्ट उत्पादन गर्ने कच्चा पदार्थ चुनढुंगा उत्खननको लाइसेन्स लिन खानी विभागमा निवेदन दिए पनि पाउन सकेका छैनन् । ह्वाङसिङले ४० अर्ब र डाँगोटेले ५५ अर्ब रुपियाँ लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । विभागले समय-समयमा लाइसेन्सका लागि विज्ञापन गर्छ । यसको मतलब ठूलो परियोजना भए पनि विभागले खुलाएको समयमा मात्रै उनीहरूले निवेदन दिएर लाइसेन्स हात लगाउनुपर्छ या त पहिले नै लाइसेन्स लिएका कम्पनीसँग लाइसेन्स किन्नुपर्छ । बोर्डले यो प्रक्रियालाई छोट्याउने कुनै काम गरेको छैन, न त यसमा उसको सहयोगी वा सहजकर्ताको भूमिका छ । बोर्डका उपसचिव एवं प्रवक्ता उत्तमभक्त वाग्ले भन्छन्, "हामी अन्य निकायको अधिकारमा हस्तक्षेप गर्न सक्दैनौं, अनुरोधसम्म गर्ने हो ।" तर, वाग्लेले भनेजस्तो बोर्डले अनुरोधै पनि गरेको छैन, धेरै समयदेखि । जबकि, सुरुमा बोर्डका अधिकारीहरू लगानीकर्ताको फाइल बोकेर पनि सहजकर्ताको भूमिकामा देखिन्थे ।

अहिले त लगानी बोर्डको कार्यशैली यति धीमा बन्दै गएको छ कि परियोजनाबारे लगानीकर्ताले 'अपडेट'सम्म पाउँदैनन् । सिमेन्ट परियोजना स्वीकृत गराएका एक विदेशी कम्पनीका नेपालस्थित प्रतिनिधि भन्छन्, "हाम्रो काममा सहजकर्ता भइदिने त धेरै परको कुरा भयो, काम के कस्तो हुँदैछ भनेर सोधेकोसम्म पनि हामीलाई थाहा छैन ।"

लामो समयदेखि बोर्डमा कार्यरत एक जना अधिकारीका अनुसार दुई वर्षअघिसम्म हरेक शुक्रबार बोर्ड र लगानीकर्ताबीच नियमित छलफल चल्थ्यो । कुन परियोजना कहाँ पुग्यो र केही समस्या उत्पन्न भएमा कसरी समाधान गर्ने भन्ने विमर्श हुन्थ्यो । तर, अहिले यस्तो स्थितिमा बदलाव आएको छ । आफूले निर्माण गर्न लागेको परियोजनाबारे लगानीकर्ता महिनौंसम्म बेखबर बन्छन् । "हामीले सोधीखोजी गर्दा पनि कुनै खबर आउँदैन," बाह्य लगानी भित्र्याउन चाहेका एक जना लगानीकर्ता भन्छन्, "बोर्ड निष्क्रियजस्तै भएको छ ।"

प्रस्तावित परियोजना

● क्षमता ● प्रगति

जलविद्युत्

अरुण तेस्रो
- ९०० मेगावाट
- निर्माणको चरणमा

पश्चिम सेती
- ७५० मेगावाट
- प्रारम्भिक चरणमा

माथिल्लो कर्णाली
- ९०० मेगावाट
- पीडीए भइसकेको

तामाकोसी तेस्रो
- ६५० मेगावाट
- प्रारम्भिक चरणमा

माथिल्लो मर्स्याङ्दी
- ६०० मेगावाट
- प्रारम्भिक चरणमा

रसायनिक मल

- प्रतिवर्ष ५ लाख मेट्रिक टन
- प्रारम्भिक चरणमा

एकीकृत फोहोर व्यवस्थापन

- प्रारम्भिक चरणमा

सिमेन्ट

रिलायन्स

- दैनिक ७ हजार मेट्रिक टन
- व्यवस्थापन परिवर्तनपछि अनिश्चित

डाँगोटे समूह

- दैनिक ६ हजार मेट्रिक टन
- खानीको लाइसेन्स लिन आवेदन

ह्वाङसिङ

- दैनिक ३ हजार मेट्रिक टन
- पीडीएको चरणमा

होङ्सी शिवम्

- दैनिक ६ हजार मेट्रिक टन
- प्रारम्भिक चरणमा

कर्मचारीतन्त्र हाबी

लगानी बोर्डमा कर्मचारीतन्त्र हाबी बन्दै गएपछि यस्तो दुर्गति हुन थालेको हो। हुन पनि बोर्डको स्थापनाकालीन र अहिलेको संरचनामा आकाश-जमिनको फरक देखिन थालेको छ। ६ वर्षअघि स्थापना हुँदा बोर्डमा सहसचिव, उपसचिव र अधिकृत एक-एक गरी तीन जना मात्रै सरकारी कर्मचारी काजमा खटिएका थिए। बाँकी विशेषज्ञहरूको टिम थियो। कर्मचारीको पल्ला भारी हुँदा काम छिटोछरितो नहुने निष्कर्षसहित सरकारले बोर्डमा स्वतन्त्र व्यक्तिहरू राख्ने गरेको थियो। "कर्मचारीको प्रवृत्ति नै काम पार गर्नेभन्दा अल्झाउने बढी हुने भएपछि यस्तो संरचना खडा गरिएको थियो," बोर्डका एक जना अधिकारी भन्छन्, "तर, अब अर्कै भइसक्यो।"

ती अधिकारीले भनेजस्तै स्थापनाकालभन्दा अहिले कर्मचारीको संख्या पाँच गुणाले बढेको छ। अहिले १६ जनाको दरबन्दी छ, बोर्डमा। जसमा सहसचिव मात्रै दुई जना छन् भने प्रशासनिक र प्राविधिक गरी उपसचिव दुई जना। त्यस्तै अधिकृत, नायब सुब्बा पदसमेत थपिएको छ। यी सबै पदमा प्रशासनिक र प्राविधिक दरबन्दी छ। गत वर्ष दरबन्दी भारी मात्रामा थपिएको हो। "यो सबै हेर्दा लगानी बोर्ड अर्को समानान्तर सरकारी निकायजस्तै बन्दैछ," लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत राधेश पन्त भन्छन्।

रोचक पक्ष त के भने लगानी ऐन, २०६८ ले अन्य सरकारी निकायसरहको संरचना नै परिकल्पना गरेको छैन। ऐनले कार्यकारी प्रमुखको व्यवस्था गर्ने भने पनि अन्य सरकारी निकायजस्तै कर्मचारी हुनुपर्ने व्यवस्था गरेको छैन। ऐनको दफा १३ मा कार्यकारी प्रमुखको छनोट, पदावधि र पदमुक्तबारे व्यवस्था गरिएको छ भने दफा १५ मा सदस्यहरूको नियुक्ति गरिने बताइएको छ। त्यसबाहेक कुनै खास प्राविधिक पक्षबारे अध्ययन गरी बोर्डलाई सुझाव दिन विशेषज्ञ समिति वा कार्यदल बनाउन सकिन्छ। "कर्मचारीतन्त्रबारे ऐनमा व्यवस्था नै छैन," पन्त भन्छन्, "तर, अहिले कर्मचारीहरू हाबी हुन थालिसके। यसले अपेक्षा अनुसारको नतिजा दिँदैन।"

पूर्वाधार र ठूला परियोजनामा वैदेशिक लगानी भित्र्याउन बोर्डको गठन गरिएको हो। सिद्धान्ततः बोर्डले राष्ट्रिय हितमा हुने योजना बनाउने र लगानीकर्ता खोज्ने कार्य मात्र गर्दैन, लगानीकर्ताका अप्ठ्यारा फुकाउन मध्यस्थतासमेत गर्ने गर्छ। तर, व्यवहारमा भने त्यस्तो हुन सकिरहेको छैन। स्थापना भएको आधा दशक बितिसक्दासमेत एउटै परियोजना निर्माणको चरणमा नपुग्नुले यही देखाउँछ। बरू लगानीका लागि स्वीकृत भएका परियोजनासमेत बार्डले असहयोगी व्यवहार गरेको गुनासो गर्न थालेका छन्, जुन बाह्य लगानी भित्र्याएर मुलुकलाई समृद्ध बनाउने कार्यका लागि अशुभ संकेत हो।

नारा मात्र, एकद्वार प्रणालीको

ठूलो लगानीले मुलुकलाई ठूलै प्रतिफल दिने भएकाले सरकारले यस्ता लगानीकर्तालाई सहज वातावरण बनाइदिएर आकर्षित गर्न लगानी बोर्डको आवश्यकताबोध गरेको हो। तर, लगानी बोर्डले भने त्यस्तो आभास दिन सकेको छैन। १० अर्ब रुपियाँभन्दा माथिको पुँजी लगानी गर्नुपर्दा बोर्डमार्फत काम हुन्छ। सबैभन्दा पहिले लगानीकर्ताले आफूले लगानी गर्न खोजेको क्षेत्र र सम्भावित लागतसहित बोर्डमा प्रस्ताव गर्छ। बोर्ड बैठकले उक्त प्रस्तावको समीक्षा गरेर स्वीकृत वा अस्वीकृत गर्छ। स्वीकृत गरेमा त्यसपछि थुप्रै कानुनी प्रक्रियाहरू पार गर्नुपर्छ।

प्रक्रियाको चरणमा लगानीकर्ता थुप्रै सरकारी निकायमा धाउनुपर्छ। बोर्डका प्रवक्ता वाग्लेका अनुसार यसरी धाउनुपर्ने अड्डा कम्तीमा पनि दुई दर्जन हुन्छन्। ठूला परियोजना भएकाले भूमि, वन, कम्पनी कार्यालय, वातावरण, गाउँपालिका, नगरपालिकाजस्ता स्थानीय निकायमा प्रक्रिया पुर्‍याउनका लागि अनिवार्य जानुपर्ने हुन्छ। तर, यस्तो झन्झट नहोस् र सबै काम एकै तहबाट गर्न एकद्वार प्रणाली अपनाउने भनिएको छ। "भन्नलाई एकद्वार भनिएको छ तर काम भने त्यसरी भएको छैन," बोर्डको विकास एवं प्रवर्द्धन शाखाका वरिष्ठ प्रबन्धक रतिश बस्न्यात भन्छन्।

प्रशासनिक र प्रक्रियागत झन्झट नहोस् भनेरै सरोकारवाला विभिन्न मन्त्रालयहरूको प्रतिनिधित्व छ, बोर्डमा। प्रधानमन्त्रीले अध्यक्षता गर्ने बोर्डमा अर्थ, उद्योग र वनमन्त्री सदस्य हुन्छन्। तर, भूमिसुधार मन्त्रालयको प्रतिनिधित्व नै छैन भने ऊर्जामन्त्री आमन्त्रित सदस्य मात्रै हुने व्यवस्था छ।

जबकि, बोर्डमा सबैभन्दा बढी परियोजना ऊर्जा मन्त्रालयसँग सम्बन्धित जलविद्युत्का छन्। अनि, हरेक परियोजनामा जग्गा प्राप्तिका लागि भूमिसुधार मन्त्रालयमा पुगेर समस्या जन्मिन्छ। हदबन्दी फुकाउने कानुनले समेत ठूला परियोजनाका समस्या फुकाउन नसकेपछि यस्तो भएको हो। किनभने, यस्ता परियोजनामध्ये अधिकांशलाई धेरै जग्गा चाहिन्छ। हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८ अनुसार सिमेन्ट उद्योग स्थापनाका लागि पहाडी क्षेत्रमा पाँच सय रोपनी, तराई र भित्री मधेसमा ५० बिघा मात्र जग्गा राख्न पाइन्छ। विशेषतः सिमेन्ट खानीमा आधारित उद्योग भएकाले यो हदबन्दी पर्याप्त छैन र लगानीकर्ताहरूले यसमा सुधार चाहेका छन्। यसभन्दा माथि जग्गा चाहिएमा मन्त्रिपरिषद्को स्वीकृति चाहिन्छ।

यस्ता कानुनी गाँठा फुकाउन बोर्डले सहजीकरण गर्नुपर्ने हो। तर, बोर्डका वरिष्ठ प्रबन्धक बस्न्यात भन्छन्, "हामी फाइल बोकेर विभिन्न निकाय धाउन सम्भव छैन।" ऐनको दफा-४ मा भने बोर्डको काम, कर्तव्य र अधिकार अन्तर्गत 'स्वीकृत लगानीका लागि प्रचलित कानुनबमोजिम आवश्यक सरकारी जग्गा उपलब्ध गराउने वा जग्गा प्राप्त गरिदिने' किटेरै लेखिएको छ। यसका साथै सरकारी निकायबीच समन्वयकारी भूमिका निर्वाह गर्ने व्यवस्थासमेत ऐनमा छ। तर, बोर्ड कहीँकतै समन्वयकारी देखिएको छैन, एउटा सरकारी निकायसरहको भूमिका मात्र उसले निर्वाह गरिरहेको छ। ◆

■ गोकर्ण गौतम

तस्बिरहरू : रवि मानन्धर

प्लस टूसम्म त परिवारकै खर्चमा जसोतसो पढे, युवराज गुरुङ, २३, ले। उनको जागिर थिएन, घरको आर्थिक अवस्था कमजोर थियो। त्यसैले स्नातक पढ्न न अभिभावकले प्रेरित गरे, न आफैंले पैसा माग्न सके। खान-लाउनै धौ-धौ थियो। पढाइ त्यत्तिकै रोकियो। दुई वर्षपछि चितवन कालिका नगरपालिकाबाट काठमाडौं आए, काम गर्दै पढ्ने सपना बोकेर। तर, यो महानगरमा पनि सहजै कहाँ त्यस्तो मौका मिल्थ्यो र ? आफ्नो योग्यता अनुसारको जागिर खोज्दै वर्ष दिन भौतारिए, परिणाम शून्य। ती तीता पलहरू सम्झँदै युवराज भन्छन्, “सुरुमा रेस्टुराँमा भाँडा माझ्नेबाहेक अरू काम पाइएन। त्यही गर्न थालें। किनभने, मलाई जसरी पनि पढ्नु थियो।” दरबारमार्गको रोयल ड्र्यागन चाइनिज रेस्टुराँमा काम सुरु गरे। तलब थियो, तीन हजार रुपियाँ। र, तीन वर्षअगाडिको कुरा हो यो। यतिबेला युवराज प्रदर्शनीमार्गस्थित आरआर क्याम्पसमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत छन् अनि वेटरका रूपमा लाजिम्पाटस्थित वेलनेस अर्ग्यानिक क्लबमा कार्यरत छन्। पढाइलाई त पैसा पुगेकै छ, गाह्रोसाह्रो पर्दा घरतिर पनि खर्च पठाइदिन्छन्। राजनीति संकायका विद्यार्थी युवराज भन्छन्, “काम नगरेको भए न पढिन्थ्यो, न त वेटर बनिन्थ्यो।”

युवराजझैं बाध्यता भएर मात्र होइन, नयाँ सीप सिक्ने र स्वावलम्बी हुने चाह राखेर कलेजसँगै रोजगारी सुरु गर्ने विद्यार्थी जमात पनि उस्तै छ। सविना खनाल उदाहरण हुन्। काठमाडौंमै हुर्किएकी सविनालाई पढाइकै लागि पैसाको अभाव थिएन। तापनि, काम थालिन्- दरबारमार्गको कफी पसलमा। त्यहाँ उनको मुख्य काम हो, वेटर। समय मिल्दा आफैं कफी बनाएर ग्राहकलाई ‘सर्भ’ गर्छिन्। जबकि, उनी कलिनरी आर्ट्स (सेफ)मा स्नातक गर्दै छिन्, सिल्भर माउन्टेन स्कुल अफ होटल म्यानेजमेन्टमा। अर्थात्, पढाइचाहिँ कुक, कामचाहिँ वेटर। धेरैले यही आशयका प्रश्न राख्छन्। उनको जवाफ छ, “ग्राहकले कस्ता

पढ्दै, कमाउँदै, सिक्दै

स्वावलम्बी र आत्मविश्वासी युवा

परिकार रुचाउँछन् भन्ने कुरा सेफभन्दा वेटरलाई बढी थाहा हुन्छ । त्यसैले आजको मेरो अनुभव भोलि सेफ हुँदा र आफैंले व्यवसाय सुरु गर्दा उपयोगी हुन्छ ।" परिवारसँगको परनिर्भरताबाट उम्कन पनि कलेज

मधु भण्डारी

जीवनमा आफैंले आयस्रोत जुटाउनु उत्तम लाग्छ उनलाई ।

एकातिर पढाइको चटारो, अर्कातिर ड्युटीको । यसलाई व्यवस्थापन गर्नु साँच्चै कठिन हुन्छ । तर, तन्नेरीहरू यही चुनौतीमा रमाउने र व्यावहारिक दक्षता हासिल गर्न अभ्यस्त हुन थालेका छन् । अझ विपन्नताको पीडा भोगिरहेकाका लागि पढाइको निम्ति काम गर्नुको विकल्प नै हुन्न । अनि, कफी सप र रेस्टुराँ उनीहरूको पहिलो रोजाइ हो । युवराज र सविना भइहाले । रेडमडकी मधु भण्डारी, ब्रिक्स क्याफेका मनोज श्रेष्ठ अनि कफी पसलकी सरिता माझी उदाहरण हुन्, जो अध्ययन र जागिरलाई समानान्तर रूपमा अगाडि बढाइरहेका छन् । र, सबैमा एक दिन आफैं व्यवसाय गर्ने र अरूलाई रोजगारी दिने इच्छाशक्ति छ । लाग्छ, वर्तमानमा स्वावलम्बी र भोलि उद्यमी बन्न उद्यत छन् उनीहरू । रेडमड कफी सपको बानेश्वर शाखामा कार्यरत मधु

युवराज गुरुङ

भण्डारी भन्छिन्, "पैसा त कमाएकै छौं, त्यसभन्दा महत्त्वपूर्णचाहिँ सीप र अन्य व्यावसायिक कौशल सिक्न पाइएको छ । अहिले सबै भोगियो भने भोलि आफैंले कफी सप चलाउँदा हन्डर खानु पर्दैन ।"

मधुकै कुरा गरौं न ! पद्मकन्या क्याम्पसमा सोसल वर्कमा स्नातक तहको तेस्रो वर्ष अध्ययरत छिन् तर रेडमडमा उनको काम वारिस्टा अर्थात् कफी बनाउने हो । उनको पनि पढाइ र जागिर अलग छ । तैपनि, कफी बनाउने गहिरो मोह जागिसकेको छ । कतिसम्म भने आफैं कफी सप खोल्ने सपनासमेत बुन्न थालेकी छन् । खाना पकाउन आए पनि कफीबारेमा उनलाई कत्ति पनि ज्ञान थिएन । तर, दुई वर्षअगाडि बारिस्टाको तालिम लिने मौका जुर्‍यो, लगत्तै रेडमडबाट अफर आयो । जबकि, त्यतिबेला उनी स्वास्थ्यसम्बन्धी एक संस्थामा काम गर्थिन् । त्यहाँ काम गर्दा सधैं जागिरे मात्रै भइन्थ्यो तर कफीको काम गर्दा एक दिन आफ्नै व्यवसाय चलाउन सकिन्छ भन्ने आँट आयो । त्यसैले पढाइ नमिले पनि रेडमडसँग जोडिइन् । १३ भदौमा रेडमडमा नेपालीकानो बनाउँदै गर्दा मधुले भनिन्, "ग्राहकको चाह अनुरूप कफीमा नयाँ-नयाँ प्रयोग गर्न पाइन्छ । यसले आत्मविश्वास र उत्साह बढाउँदो रहेछ ।"

मधु बिजुलीबजार बस्छिन् । बिहान ६ बजे बागबजारस्थित कलेज पुगिसक्छिन् । १० बजे अफिस आइपुग्नु पर्छ । यसका लागि कलेजको अन्तिम पिरियड छोड्नुपर्छ । पाँच बजेसम्म अफिसमै हुन्छिन् । पढाइमा असर गर्दैन त ? भन्छिन्, "परीक्षा आउन थालेपछि दुई-तीन घन्टा कम ड्युटी गर्छु । त्यही बेला छुटेको विषय पढ्नुपर्छ । अरू बेला साथीहरूसँग नोट लिने गर्छु ।" त्यसो त उनी रेडमडमा कफी मात्र बनाउँदिनन्, समय मिल्नासाथ कफी सर्भ पनि गर्छिन्, ग्राहकको अर्डर लिन्छिन्, काउन्टरमा बस्छिन्, अन्य परिकार पनि बनाउँछिन् । अर्थात्, रेडमड एकोहोरो जागिर खाने थलो मात्र होइन, बहुआयामिक सिकाइ पनि हो उनका लागि । आखिर भोलि आफ्नै कफी सप/रेस्टुराँ चलाउनु जो छ ।

मधुको भन्दा थोरै भिन्न छ, मनोज श्रेष्ठ, १९, को कथा । एसएलसी दिएपछि झापाको तोपगाछीबाट काठमाडौं घुम्न आएका थिए । उनको पनि घरमा आम्दानीको बाटो थिएन, कहाँ पढ्ने, के पढ्ने ? पूरै अन्योल । त्यसैले काठमाडौंमै पढ्ने निधो गरें । काम नगरी पढ्नु त के, टिक्न

पनि मुस्किल थियो यहाँ। त्यही सेरोफेरोमा बखुन्डोलको एक रेस्टुराँमा जागिर खाए। भर्खरै एसएलसी पास गरेका मनोजसँग के सीप हुनु र ? सोही कारण रेस्टुराँमा उनको जिम्मेवारी थियो, भाँडा र टेबल सफा गर्ने। अप्ठ्यारो त लाग्थ्यो तर विकल्प थिएन। जसोतसो सिक्दै गए। यो अढाइ वर्षको बीचमा उनले १२ कक्षाको पढाइ सके। वेटर बने, प्रशिक्षणको जरूरत नै परेन। कमाइ पनि राम्रै छ। कुपन्डोलको ब्रिक्स क्याफेमा कार्यरत लजालु स्वभावका मनोज भन्छन्, "तर, यसभन्दा खुसीचाहिँ घरको बोझ बन्नु परेन। बरू, बेलाबेला आफैं खर्च र सामान पठाउने गर्छु।" रेस्टुराँको तलब जम्मा गरेरै उनी पाटन क्याम्पसमा भर्ना भएका थिए, त्यो पनि होटल म्यानेजमेन्ट विषयमा। बिहान कलेज जान्थे, दिउँसो अफिस। पढाइमा कहिल्यै बाधक बनेन काम। भन्छन्, "बरू, पढाइ र कामको क्षेत्र मिल्ने भएकाले व्यावहारिक र सैद्धान्तिक ज्ञान एकैपटक पाइयो। अर्कातिर, जागिरले परिपक्व पनि बनाउँदो रहेछ।" गतिलो अवसर पाए होटल लाइनमा काम गर्न विदेश जाने वा यहीं अलि पछि आफ्नै रेस्टुराँ खोल्ने योजना छ उनको।



तस्बिर : भास्कर ओझा

दुई वर्षअघि दरबारमार्गको कफी पसलमा जागिर खाँदा सरिता माझीको एउटै अभिलाषा थियो, पढाइ र पकेट खर्च जुटाउने तर अहिले कफीप्रतिको लगाव यति बढेको छ कि, सिर्जनात्मक शैलीको कफी सप आफैंले खोल्ने आत्मविश्वास जागेको छ। जबकि, अखबारमा विज्ञापन देखेर कफी पसलमा जागिरका लागि आवेदन दिँदा उनलाई कफी र यसको मेनुबारेमा छिपछिपे जानकारी पनि थिएन। भलै, त्यतिबेला होटल म्यानेजमेन्टमा प्लस टू सकाइसकेकी थिइन्। पब्लिक युथ क्याम्पसमा वाणिज्य संकायमा स्नातक अध्ययनरत सरिता अनुभव सुनाउँछिन्, "पढेर भन्दा गरेर धेरै सिकियो। अनि, स्वावलम्बी भएपछि आत्मविश्वास र इच्छाशक्ति बढ्दो रहेछ।" यसको कारण छ, नयाँ मान्छेसँगै बोल्न संकोच लागेर 'नर्भस' हुन्थिन्। तर, कफी पसलमा आबद्ध भएपछि प्रत्येक पल ग्राहकसँग प्रत्यक्ष संवाद गर्नुपर्थ्यो, त्यो पनि सामान्य भलाकुसारी होइन, कफी र खानेकुराका लागि उनीहरूलाई उच्च आदरका साथ 'कन्भिन्स' गराउनुपर्थ्यो। त्यसैले सुरु-सुरुमा ग्राहकको अगाडि पर्नासाथ हातगोडा काँप्थे। तर, निरन्तर अभ्यासले अहिले नयाँ परिकारबारे ग्राहकलाई ढुक्कले मनाउन सक्ने भएकी छन्। नवीन 'फ्लेभर'का कफी बनाउन पनि माहिर भएकी छन्। हाँस्दै भन्छिन्, "मुख्य कुरा त आफैं अनुशासित भइँदो रहेछ। अर्कातिर, सीपसँगै मेरो व्यक्तित्व विकास भएको महसुस गरेकी छु।" अनि, २० वर्ष नपुग्दै परिवारलाई आर्थिक सहायता गर्न पाउँदा दंग पर्नु त स्वाभाविक भइहाल्यो।

वेटर भनेको खाना 'सर्भ' गर्ने मात्र होइन, ग्राहक र किचेनबीचको सेतु पनि हो। वारिस्टा भनेको कफी बनाउने मात्र होइन, कफी सपको नेतृत्वकर्ता पनि हो। रेस्टुराँ/कफी व्यवसायमा रमाइरहेका सरिताहरूको पुस्ताले यो तथ्यलाई व्यवहारमा उतारिरहेको छ, जसले पढाइ र जागिरलाई एकसाथ अगाडि लगेका छन्। न पढाइमा जागिर अवरोध भएको छ, न जागिरमा पढाइ। फेरि उनीहरू कुनै एक निश्चित काममा मात्र सीमित छैनन्। किनभने, आजको सिकाइ भोलि उद्यमी बन्ने आधार हो। अनि, उद्यम त उनीहरूको साझा सपना।

वेलनेस अर्ग्यानिक क्लबमा दैनिक करिब तीन सय ग्राहकलाई प्रत्यक्ष सेवा दिने युवराज भन्छन्, "धेरैले ख्याल नगरेको पक्षचाहिँ पढाइ र जागिर सँगसँगै गर्दा व्यस्त भइन्छ। त्यसैले गलत बाटोमा हिँड्ने सम्भावना नै हुँदैन। कसरी अगाडि बढ्ने भन्ने ध्याउन्न मात्र हुन्छ।" ◆

KMG
KANTIPUR MEDIA GROUP

एक कर्म तीन धर्म

एक पिन्ट रक्तदान गरी तपाईं
तीन अमूल्य जीवन
जोगाउन सक्नु हुन्छ ।

हरेक दिन देशभरका अस्पतालमा रगत अभाव हुँदा बिरामी गहन समस्या भेल्न बाध्य छन् ।

आउनुहोस् उनीहरूको जीवन बचाऔं ।



KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

त्यो गलैँचा काण्ड

पञ्चायती व्यवस्थाको मध्यखण्डमा देखा परेको थियो गलैँचा काण्ड, जसलाई ऐतिहासिक काण्डका रूपमा लिइन्छ । ०३५ मा राजनीतिक सतहमा देखा परेको यो काण्डमा डा तुलसी गिरी प्रमुख अभियुक्त बने । यो प्रकरण सार्वजनिक हुँदा उनी प्रधानमन्त्रीको कुर्सीबाट झरिसकेका थिए । मन्त्री, सचिव, गभर्नर हुँदै शाखा अधिकृतसमेत यसमा मुछिए ।

अख्तियारले मन्त्रीद्वय पीताम्बरध्वज खाती र भेषबहादुर थापा, वाणिज्य राज्यमन्त्री हर्क गुरुङका साथै तत्कालीन सचिवहरू नरकान्त अधिकारी, ईश्वरीलाल श्रेष्ठ, देवेन्द्रराज उपाध्याय, नेपाल राष्ट्र बैंकका गभर्नर कुलशेखर शर्मा र डेपुटी गभर्नर गणेशबहादुर थापा, भन्सार विभाग प्रमुख दुर्गाप्रकाश पाण्डेयलगायतलाई मुख्य अभियुक्त बनायो । मुलुकमा गनिएका व्यापारीविरुद्ध भ्रष्टाचारको अभियोग लाग्यो । मुद्दा चल्यो, त्यो पनि एउटै काण्डमा ९१ जना अभियुक्तविरुद्ध । तिनमा चार राजनीतिकर्मी, १९ कर्मचारी र बाँकी व्यापारी परेका थिए ।

बहुचर्चित बुद्धिजीवी गुरुङ त्यही कारण भ्रष्टाचारको सन्दर्भ आउँदा आफूहरूलाई अख्तियारले 'गिनी पिग' बनाएर परीक्षण गरेको टिप्पणी पछिसम्म सुनाइरहन्थे । उनी प्रजातन्त्रकालमा भ्रष्टाचारविरोधी अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको अध्यक्षसमेत बनेका थिए ।

२६ मंसिर ०३२ मा पञ्चायती संविधानमा दोस्रो संशोधनसँगै अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था भयो । १ मंसिर ०३४ मा आयोग गठन भएपछिको पहिलो बहुचर्चित प्रकरण गलैँचा काण्ड नै थियो । त्यतिखेरको अख्तियारलाई अनुसन्धान गर्ने र पुनरावेदन तहको फैसला गर्ने अधिकार प्राप्त थियो । अर्थात्, अनुसन्धान गर्ने, अभियोग लगाउने र फैसलाकर्ता पनि अख्तियार नै थियो ।

सरकारले निर्यात प्रवर्द्धन गरी डलर आम्दानी गर्ने योजनामुताबिक बढी सामान निर्यात गर्नेलाई बोनस भौचर दिने आकर्षक 'स्किम' ल्याएको थियो । तत्कालीन राजा वीरेन्द्रकै उपस्थितिमा सरकारले गलैँचा निकासीमा बोनस दिने निर्णय गर्‍यो ।



गलैँचा काण्ड हुँदा भन्सार प्रमुख थिए दुर्गाप्रकाश पाण्डेय, जसले 'देशले यस्तो काम गर्नु र गराउनु हुँदैन, यो रोकिनुपर्छ' भनी टिप्पणी लेखेका थिए । तर, उनी पनि अभियुक्त हुनबाट जोगिएनन् । गलैँचा निर्यातबारे दरबारमै छलफल भएको थियो । पाण्डेयका अनुसार निर्णयपूर्व राजा वीरेन्द्रकै सामु वाणिज्य राज्यमन्त्री गुरुङले भनेका थिए, 'डलर आएर राम्रो भइरहे पनि व्यापारमा विश्वास भएन । यो हुनु हुँदैन । हाम्रो विश्वास घटेर जान्छ ।'

सबैको मन्तव्य सुनेपछि राजा वीरेन्द्रले भनेका थिए, 'हाम्रो व्यापार भइरहेको र डलर आइरहेको छ, अरू कुरा किन ?' राजाको खण्डन गर्ने आँट कसले गर्ने ? आशय बुझेपछि सबै मौन रहे । नीति, नियम र कानुनभन्दा माथिका मान्छेको 'मुड'मा चल्ने शासनमा जे हुने हो, त्यही भयो ।

अर्थात्, अन्तिम निर्णयकर्तामाथि कसैबाट प्रश्न उठ्न सकेन ।

गलैँचा काण्डमा वाणिज्य विभागका महानिर्देशक राधारमण उपाध्याय भने बचेका थिए । झेली खेलको आभास पाएपछि उनी आफैं सरुवा मागेर वाणिज्य विभागबाट बाहिरिए । उनको तर्क थियो, 'ठीक वस्तु निर्यात भएको भए त्यसलाई प्रवर्द्धन गर्नु त ठीकै थियो तर गलत वस्तु निर्यात भइरहेको देखेपछि गलतै भन्नुपर्छ भन्ने लाग्यो । धेरै सामानका नाममा गलत काम भए र कार्पेटचाहिँ ती सामानको प्रतिनिधि बन्न पुगेको हो । जाँदै नगएको र गएकामा पनि थोरै सामानको विदेशी बजारबाट विदेशी मुद्रामा मूल्य चुकाउन कालो धन अगाडि आयो ।'

बेलायती उपनिवेशकालमा भारतीय व्यापारीहरू उनीहरूकै पछि लागेर अफ्रिका पुगेका थिए । मुलुकहरू स्वतन्त्र हुने क्रमसँगै बेलायतीहरू खुम्चिँदै गए । सँगै भारतीयहरू अफ्रिकी मुलुकहरू स्वतन्त्र भएपछि त्यहाँबाट विस्थापित हुँदै थिए । तिनीहरू व्यापारमार्फत सम्पत्ति भित्र्याउन खोज्दै थिए । भारतले नियन्त्रित समाजवादी ढाँचाको प्रजातन्त्र अपनाएको थियो । त्यहाँ विदेशबाट विलासिताका सामान आयातमा चर्को भन्सार महसुल लगाइएको थियो ।

उपाध्यायका अनुसार उपनिवेशवादको जमानामा औपनिवेशिक शक्तिहरूले संसारको बजारलाई कब्जामा लिएका थिए । प्रतिबन्धित अथवा दुरुत्साहित सामानको खरिद गर्ने विदेशी मुद्रा कालो धन बन्यो । त्यस्तो कालो धनको प्रयोग भएर बोनस भौचर 'स्किम'को विकृतिमार्फत नेपालमा सामान आउने तरिकाकै कारण गलैँचा काण्ड बन्यो । नेपालका नाममा सामान ल्याएको कागज बनाएर भारतमा बिक्री गरी धन भित्र्याइयो ।

हुन पनि त्यतिखेर एक सय रुपियाँको सामानलाई एक हजारमा निर्यात गरेको पत्र तयार गरियो । गलैँचा काण्डताका नेपाल राष्ट्र बैंकको गभर्नरमा कुलशेखर शर्मा थिए, जो इमानदार सरकारी कर्मचारीमा गनिन्थे । उनी पनि संकटमा परे । उनले 'नेपाली गलैँचाको वास्तविक अन्तर्राष्ट्रिय

मूल्यभन्दा बढी विदेशी मुद्रा यहाँ ल्याई त्यसबाट बढी बोनस लिने प्रयत्न भएको' भनाइ सार्वजनिक गरेका थिए ।

उनका अनुसार गलैंचा निर्यातमा अधिक बीजकीकरणको क्रियाकलाप जेठ र असार ०३४ मा बढ्ता भएको थियो । राष्ट्र बैंकलाई प्राप्त हुने प्रज्ञापनपत्रहरूबाट अधिक बीजकीकरणको उग्र रूप देखिएपछि यसलाई १६ असार ०३४ मा रोकियो । दुई महिनामा ६ लाख २६ हजार ४ सय ९० अमेरिकी डलर आर्जन भएको थियो, जसमा अधिक बीजकीकरण २ लाख ५० हजार ६ सय १२ डलर देखियो । २४ साउन ०३४ मा त्यस्तो काम नियन्त्रण गर्ने निर्णय भयो ।

त्यो प्रकरणले उचाइ लिने क्रमसँगै दरबारले संलग्न पदाधिकारीहरूको राजीनामा माग्न थाल्यो । त्यही क्रममा गभर्नर शर्माले २५ मंसिर ०३५ मा राजीनामा दिए । राजा वीरेन्द्र पूर्वाञ्चल भ्रमणमा थिए । सबै मन्त्री त्यतै थिए । त्यही दिन तीन जना मन्त्रीलाई राजीनामा दिन लगाउन र स्वीकृत गर्न भ्रमण बीचैमा थाती राखेर वीरेन्द्र काठमाडौं फर्किए । उनले थापा, खाती र गुरुङलाई दरबारमा बोलाएर साँझ राजीनामा मागेका थिए ।

थापाका अनुसार 'राजाको भनाइ थियो, हेर ! यो परिबन्दको कुरा हो । मलाई अख्तियारबाट यो पत्र आयो । तिम्रो र हर्क गुरुङबारे शंका होइन । तर, तिमीहरूलाई नतानीकन मुद्दा चल्न सक्दैन । दोषी को हो भनी ठहर्‍याउन पनि दायराभित्र सबैलाई तान्नुपर्‍यो । अलि दिन तिमीलाई दुःख हुने भयो । तीन महिनामा यो मुद्दा सकिन्छ, त्यसपछि तिमी आफ्नै पदमा फर्कन्छौ ।'

अझ अदालतमा बयान दिने बखत रमाइलो दृश्य देखिएको थियो । पाण्डेयका अनुसार 'हर्क गुरुङले यो काम प्रधानमन्त्रीले गरे/गराएको होइन, प्रधानमन्त्रीभन्दा माथिलाई जानकारी भएको हो, अब त्यो माथि को हो, त्यो पनि म भन्न तयार छु भनेर के भनेका थिए, बयान सुनिरहेका मुख्य न्यायाधीशले रोके, गुरुङलाई बोल्न दिएनन् । हुकुमको तामेली गर्ने परम्परामा न्यायाधीशले पनि आफ्नो जागिर बचाए ।'

त्यो मुद्दा चलिरहँदा सरकारी वकिल थिए, भैरवप्रसाद लम्साल । उनले बहसकै क्रममा दरबारको पत्र प्रस्तुत गरे, जसमा 'महाराजाधिराजबाट हुकुम बक्सेबमोजिम यो मुद्दा चलाइएको' उल्लेख थियो । यो सुनेपछि अभियुक्त गिरी, थापा, गुरुङ, खातीलगायत सबै सुरुमा त अवाक् भए, पछि आक्रोशित बनेका थिए ।

यो प्रकरणमा अभियुक्तहरूले आफूहरू दोषमुक्त रहेको बयान दिए । फरक बयानचाहिँ थापाबाट आयो । उनले भने, 'यी सबै कार्य आफू अन्तर्गत भएकाले त्यसको नैतिक र भौतिक जिम्मेवारी म आफैं लिन्छु ।' अदालतबाट सफाइ पाइसकेपछि पनि डा गिरीले त्यो प्रकरण उच्चारण गर्न छाडेनन् । उनले फागुन ०३८ मा भएको पञ्चभेलामा सार्वजनिक तहमै भनेका थिए, 'गलैंचा काण्डमा कुनै व्यापारीले मलाई घूस दिएको कुरा बताएमा मलाई फाँसी दिइनुपर्छ ।'

> **हर्क गुरुङले यो काम प्रधानमन्त्रीले गरे/गराएको होइन, प्रधानमन्त्रीभन्दा माथिलाई जानकारी भएको हो, अब त्यो माथि को हो, त्यो पनि म भन्न तयार छु भनेर के भनेका थिए, बयान सुनिरहेका मुख्य न्यायाधीशले रोके, गुरुङलाई बोल्न दिएनन् ।**

राजा वीरेन्द्रले तीन महिनामा मुद्दा किनारा लाग्छ भने पनि त्यसमा झन्डै दुई वर्ष लाग्यो । अख्तियारको इजलासले पूर्वप्रधानमन्त्री र मन्त्रीहरूका हकमा भन्यो, 'गिरीसमेत चार जवान मन्त्रीज्यूहरूको हकमा मातहतका कार्यालयमा प्रचलित नेपाल कानुनको उल्लंघन भई अनियमित भएको काम बेलैमा रोकथाम नगरी आफ्नो स्पष्ट अधिकारक्षेत्रभित्रको कुरा नहेरी अख्तियार दुरुपयोग नियमावलीको नियमबमोजिम अनुचित गरी अख्तियारको दुरुपयोग भएको छ ।'

अर्थसचिव नरकान्त अधिकारीसहित १९ कर्मचारीका हकमा अख्तियारको निर्णय थियो, 'सरकारी कर्मचारीहरूले कानुन उल्लंघन गरी बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधि अपनाई कानुनविपरीत काम गरी अख्तियार दुरुपयोग गरेको ।' अदालतले व्यापारीबाट बिगो असुल गर्न पाँच-पाँच हजार जरिवाना गर्ने फैसला गरेको थियो ।

थापाका अनुसार 'अख्तियारले बदनियत कसैको पनि देखाएन तर हेलचेक्र्याइँ भएको पाइयो भन्यो । उसले हेलचेक्र्याइँ शब्द प्रयोग गरी छुटकारा दियो । कसैको नियतमा खोट लगाउन सकेन र दण्ड दिन पनि सकेनन् । तर, अमूर्त शैलीमा हेलचेक्र्याइँ गरेको भनेपछि अप्ठ्यारो हुने नै भयो । त्यही हेलचेक्र्याइँ शब्द पुष्टि गर्न हामीले पुनरावेदन अपिल गरेका थियौं ।'

त्यो काण्ड ०३५ मा सुरु भएर २३ पुस ०३७ मा किनारा लागेको थियो । अख्तियार आफैंले अनुसन्धान गरी दायर गरेको मुद्दामा पुनरावेदन अदालतले फैसला बदर गरेपछि गलैंचा काण्ड टुंगिएको थियो ।

मुद्दा किनारा नलाग्दै थापा अमेरिकाका निम्ति राजदूत भए । अधिकारी महालेखापरीक्षक र गुरुङ अन्तर्राष्ट्रिय परामर्शदाता बने ।

त्यो काण्डसँगै पञ्चायतका धरोहर डा गिरीमा निराशा उत्पन्न भयो र उनी राजनीतिबाट पाखा लागे । उनी दरबारसँग टाढिएनन् मात्रै, ०४२ मा विदेशै पलायन भए । राजा ज्ञानेन्द्रले १९ माघ ०६१ मा शासनसत्ता हातमा लिएपछि र पञ्चायती शैलीकै शासकीय व्यवस्था लागू हुने छाँटकाँट देखा परेपछि उनी नेपाल फर्के ।

डा गिरीले आफूहरूलाई फसाइएको बताइरहे । 'मैले त्यति बेला राजासँग भनेको हुँ, सरकार ! हामीलाई फसाउन खोजियो । त्यतिबेलाको हरेक दोषको जवाफदेही राजालाई जान्छ ।' उनी भन्छन्, 'मैले कार्पेट काण्ड हुन नदिने निर्णय लिएको हुँ । तर, हामीलाई नै फसाइयो । मैले राजासँग भनेको थिएँ, राजनीतिकर्मीलाई मुद्दा लगाएर उसको छवि खस्कँदैन र उसको व्यक्तित्व तल जाँदैन ।'

गलैंचा काण्डमा अनाहकमा मुछिएको कटु अनुभवपछि गुरुङ बेलाबखत भनिरहन्थे, 'नेपालमा राजनीति होइन, षड्यन्त्र हुन्छ । पहिलाका षड्यन्त्रमा भारदार काटिन्थे, आधुनिक षड्यन्त्रमा गलैंचा काण्ड जस्तोमा झुन्ड्याइन्छ । जिउँदो रहन्छ तर चरित्रहत्या भएर जान्छ ।' ◆

(हरिबहादुर थापाको १३ भदौमा सार्वजनिक पुस्तक *रजगजबाट*)

संस्मरण

॥ टंक चौलागाई

आफैंमाथि एक पटकथा

स्मृतिमा छाएका दृश्यहरू फिल्मझैं भित्र हृदयको कुनामा मीठो स्पर्श दिइरहन्छन् । यी दृश्य धुलाउने ल्याब आफ्नै हृदयको एक कुनामा हुनुपर्छ । विगतको स्मृति र निद्राको सपनाबीचमा धमिलो दृश्य खिचिएर छापिँदो रहेछ ! भोगाइको दृश्यजस्तो पनि लाग्ने, सपनाको दृश्यजस्तो पनि लाग्ने । हामीले यही दृश्य छपाइलाई नोस्टाल्जिया भनेका हौं कि !

दृश्यमा काठमाडौं अनौठो लाग्थ्यो । अनौठा लाग्थे यहाँका गाडीहरू, मानिसहरू, घरहरू अनि सबै सबै कुरा । स्वादिला लाग्थे, यहाँका हरेक पकवान । आनन्द दिन्थ्यो यहाँका हरेक स्पर्शले । कर्णप्रिय थिए, यहाँ गुन्जिने हरेक ध्वनिहरू । सुगन्धित थियो काठमाडौंको बास्ना । भर्खरै काठमाडौंको 'फ्रेम'भित्र प्रवेश पाएको बालकले नरुचाउने कुरा केही हुँदो रहेनछ ! फिल्मजस्तै रोमाञ्चक रहस्यमयी लाग्थ्यो काठमाडौं सहर ।

♦♦♦

स्कुलको पाइन्ट लगाएँ । उठ्नेबित्तिकै सबैभन्दा सफा र नयाँ लुगा समाउँदा स्कुलको नीलो सर्ट-पाइन्टबाहेक अरू के हुनु ! बिदाको दिन थियो । ओछ्यानमै मन-मस्तिष्कको पर्दाभित्र चलचित्रका दृश्यहरू नाच्न थाले ।

स्कुलको लुगा लगाएकामा भात खाँदा भातसँगै एक चरण गाली पनि खाएँ आमाको ।

कोटेश्वरको डाँडोमा उक्लिएँ । काठमाडौं देख्न त्यही डाँडो नै पर्याप्त थियो । त्यहीँबाट हामी पैदलै काँडाघारी पुग्थ्यौं । पेप्सीकोलादेखिको नयाँ बाटो खेतैखेतको बीचबाट भर्खरै खनेको थियो । सबैतिर फाँट, कहिले सबैतिर धानैधान, कहिले सबैतिर गहुँ, कहिले सबैतिर मकै र कहिले सबैतिर तरकारी खेतीको दृश्य झुल्किन्थ्यो । सहरतिर छिट्टै रोपाइँ गर्दा रहेछन् ! कतैकतै खेतमा रोपाइँका दृश्य देख्न पाइन्थ्यो । फिल्ममा झैं काँठको दृश्य मौसम अनुसार बदलिइरहन्थ्यो ।

अहिले सहरको दृश्य असाध्यै 'मोनोटोनस' छ । नजान्ने निर्देशकले बनाएको फिल्मजस्तै ।

काँडाघारीमा हाम्रो घर निर्माणाधीन अवस्थामा थियो । पेप्सीदेखि नै नयाँ बनेका घरहरू गन्ती गर्ने हो भने दुवै हातका औंलाहरूलाई भाग पुग्दैनथ्यो ।

बनिरहेको हाम्रो घरको छेउमा ठूलो कुलो थियो । बाटो भने पनि त्यही, कुलो भने पनि त्यही । बर्खामा त्यो कुलो बढेर खहरे खोला भइजान्थ्यो । कुलोको शिर ढुंगेधारा थियो, पाउ मनहरा खोला । घरछेउमा बाँकी रहेको जग्गामा सेफ्टी ट्यांकी खनिएको रहेछ ! सेफ्टी ट्यांकीको दुईवटा भाग थिए । बीच भागमा पर्खाल लगाइएको थिएन ।

सेफ्टी ट्यांकीमा आधाजति पानी जम्मा भएको रहेछ । त्यही पानीमा पौडिने विचार आयो । सेफ्टी ट्यांकीमा पसेपछि त्यस दिन दोस्रो चरणको गाली हजुरआमाको खाएँ । नजिकै मामाहरूको घर थियो । जिद्दीका अगाडि कसैको केही लाग्दैनथ्यो । निकैबेर सेफ्टी ट्यांकीभित्र 'एकुरियम'मा कैद माछा भई पौडिएँ । कट्टु लगाउने चलन थिएन । पाइन्ट लगाएरै सेफ्टी ट्यांकीभित्र पसेको थिएँ ।

फेर्ने लुगा थिएन । चिसोले ढाडिने भो भन्दै हजुरआमाको तेस्रो चरणको गाली पनि खाएँ ।

खेलेर अघाएपछि बाहिर निस्किएँ । सर्ट कम्मरमा बाँधेर हिँडें ।

चिसो पाइन्ट फुकाल्न हजुरआमाले बोलाउनुभयो । उहाँको हातमा पछ्यौरा थियो, मेरो कम्मरमा बेर्न ठिक्क पारेको । मैले हजुरआमाको मायाले बेर्न सकिनँ ।

बाँसघारीको उकालैउकालो हिँडेपछि गोठाटार डाँडामा पुगें । जहाँबाट एयरपोर्टको मनोरम दृश्य देखिन्थ्यो । एयरपोर्टमा राखेका जहाजहरू देख्दा फिल्म हेरेभन्दा पनि आनन्द आउँथ्यो । हेर्दैहेर्दै केहीबेर तेर्सो हिँडेर ओरालो लागें । वाग्मती तरेपछि पुगिहालियो जोरपाटी । सर्ट लगाएँ । पाइन्टको पानीले भिजेछ !

जोरपाटी पुग्दासम्म पाइन्टबाट पानी चुहिँदै थियो । पाइन्टको मोतामा माटैमाटो लागिहाल्यो । तीनपटक हेरिसकेको *भाउजू* फिल्म चलेको थियो

आराधना हलमा । 'राजेश हमाल भगवान्‌भन्दा पनि शक्तिशाली छ ।' मैले यो कुरा भन्दा एक दिन स्कुलमा केटाहरूसँग झगडा नै पऱ्यो ।

'हिरो' उडेको देखेँ । भगवान् उडेको कहाँ देख्नू ?

फिल्म हेर्न एक सुको थिएन । मागे पनि पैसा दिने कोही थिएनन् । एउटै आश थियो, बिनाटिकट भित्र पस्न पाइन्छ कि ! छक्याउन पाए कहिलेकाहीँ फिल्म सुरु भइसकेपछि त्यस्तो मौका पाउँथेँ ।

त्यो दिन म हान्निएर जोरपाटी आराधना हल पुगेँ । फिल्म सुरु भइसकेछ । दर्शकहरू निस्कने ढोकापट्टिको भित्तामा लाजै पचाएर माउसुलीजस्तै टासिरहेँ । चिया पसलबाट छड्के हानिरहेका हुन्थे हलका 'गुन्डा'हरू । कोही 'गुन्डा' लखेट्न आए भने सुइँकुच्चा ठोकिहाल्थेँ । 'हिरो'जस्तो लड्न सक्दैनथेँ । लाग्थ्यो, त्यही फिल्मको 'हिरो' डाकेर भकुर्न पाए पनि हुन्थ्यो यी 'गुन्डाहरू'लाई ! तर, त्यो कल्पनाको कुरा !

त्यही ढोकामै सुनिन्थे फिल्मका संवाद र गीत । फाइटको आवाज सुन्दा पनि मज्जा आउँथ्यो । हेरिसकेको फिल्मका दृश्य कन्ठै हुन्थ्यो ।

एक जना हलको 'गुन्डा' आयो । नडराई उभिएँ । भागिनँ । प्रायःले मलाई चिन्थे, म पनि उनीहरूलाई चिन्थेँ । भित्र पस्नलाई हात जोडेँ । ऊ बोलेन । यसपटक आँखा मात्रै तरेर गयो ।

व्यर्थ भयो मेरो अभिनय ! खेर गयो मेरो अनुनय !

हलका 'गुन्डा'हरू फिल्ममा जस्तै लामो कपाल पालेका, कानमा मुन्द्री अनि घाँटीमा मोटा सिक्री लगाएका, मोटामोटा पाखुरामा 'ट्याटु' बनाएका डरलाग्दा हुन्थे । उनीहरू ठूलठूलो जुत्ता र च्यातिएको पाइन्ट लगाउँथे ।

बाहिरै ढोकाछेउमा बसेर फिल्मको संवाद-गीत सुनिरहेको थिएँ । कताबाट हलको एउटा 'गुन्डा' आइपुगेछ ! नदेखेको हुनाले भाग्नै पाइनँ । उसले एक लात बजाऱ्यो मेरो ढाडमा, 'मा... खाते, भाग् यहाँबाट !' म भकुन्डोजस्तै गुल्टेर पर पुगेँ । तुरुक्क पिसाबै चुहियो । चर्पी गएँ ।

'गुन्डा'को जति लात खाए पनि 'हिरो'ले हार मान्दैन थियो । फिल्म आधा सकिएपछि ढोका खोलेर एक-दुई जना बाहिर निस्किए । 'गुन्डा'हरूको आँखा छलेर माउसुलीजस्तै भित्तामा टाँसिँदै फेरि ढोकाछेउ पुगेँ । जे हुन्छ, होस् ! हिम्मत गरेरै म भित्र पसेँ । छेलिएर भुइँमा बसेँ । आधा नै सही, फिल्म हेर्न पाए मन अघाउँथ्यो ।

फिल्म सुरु भयो । सबैतिरका ढोका बन्द भएपछि एउटा 'गुन्डा' चेक गर्न आयो । मेरो मुटुमा ढ्यांग्रो ठोक्यो । अर्को लात खान तयार भएँ । हलको 'गुन्डा'ले हातमा भएको टर्च एयरपोर्टको राडार घुमेजसरी फनफनी घुमायो । माउसुलीझैँ भुइँमै लम्पसार परेँ म । सबैभन्दा ठूलो कोसिस हलको 'गुन्डा'को दृश्यमा नपर्नु थियो । उसको टर्च अर्कातिर फर्कियो । अनि, मन अलि शान्त भयो ।

सिट कतै पनि खाली थिएनन् । उभिँदाखेरि कसैले देख्ला भन्ने डरले भुइँमै टास्सिइरहेँ । राजेश हमालको फिल्म जतिपटक हेरे पनि रमाइलो लाग्थ्यो । त्यो दिन चिसोको जित भयो । एक त चिसो पाइन्ट, अर्को चिसो भुइँको बसाइ !

ओहो ! पिसाबले च्याप्यो । बल्लबल्ल भित्र पसेको थिएँ । बाहिर कसरी जाने ? भित्रै एउटा कुनामा सुइँक्याइदिउँ भन्ने नलागेको होइन तर घुमिरहेका 'गुन्डा'हरूले च्याप्प समाते भने ? देख्नेबित्तिकै लात बजारिहाल्थे । टिकट नमागी गेटबाहिर हुत्याइदिन्थे । पिसाबलाई बिर्सिएर फिल्ममा हराउन कोसिस गरिरहेको थिएँ । जीउ जाँतोजस्तो भारी भयो चिसोले । उठेँ । भित्तामा टाँसिएर फिल्मतिरै आफ्नो ध्यान खिचेँ ।

फिल्म हेर्ने धुनमा कसैले टिकट फालेका छन् कि भनेर यताउता हेरेँ । देखिनँ । पिसाबले सहनै नसक्ने गरी च्याप्यो । पिसाबको थैलो भरियो । फुट्न बेर छैन । पेटसम्म दुख्न थाल्यो । जाडोले मेरो जीउभरि काँडा उम्रियो । पिसाब चुहिएला चुहिएलाजस्तो भयो ।

फिल्मको लोभले बाहिर निस्किन आँट आएन । 'गुन्डा'ले 'हिरो'लाई एक लात हान्यो फिल्ममा । पाइन्टमा पिसाब तुरुक्कै चुहिएछ ! रोक्नै सकिनँ । अनि, बरू पाइन्टमै सुइँक्याउने कुबुद्धि पलायो । सँगसँगै अर्को डर पनि छायो । एकैचोटि सुइँक्यायो भने बगेर अगाडिसम्म पुग्छ, कसैले देख्यो भने त्यसपछि के होला !

जेजे हुन्छ होस् । औषधिको दुई बिर्कोजति तुर्क्याएँ । तिघ्रामा तातो भयो । त्यो तातोले आनन्द बनायो । अर्को लटमा फेरि दुई बिर्कोजति छोडेँ । तातो घुँडासम्म पुग्यो । अडिन नसकेर थोपाथोपा झरिरहेकै थियो ।

जति पिसाब गऱ्यो, त्यति नै पिसाबले च्यापेझैँ भयो । यसो अनुमान लगाएँ, हलको 'गुन्डा' नआएको धेरै समय भइसकेको थियो । आधा भइसकेपछि चेक गर्न हलका 'गुन्डा' कहिले आउँथे, कहिले आउँदैनथे । आँट गरेर बिस्तारैबिस्तारै पिसाब गरेँ । यति धेरै पिसाब आयो कि सेफ्टी ट्यांकीको सबै पानी मेरै पेटभित्र रहेछजस्तो लाग्यो । पिसाबको तातो तिघ्रा, पिडुँला हुँदै पैतालासम्म पुग्यो । भुइँमा पुगेर सुलुलु अगाडितिर बग्यो । कसैले देख्ला भन्ने ठूलो डर भयो मनमा । फिल्ममा नाच आयो । नाचमै भुलेर पाइन्टमा तुर्क्यासक्दा आनन्द भयो । नाच सकियो । आफ्नो पिसाब आफैँलाई ठुसठुसी गन्हाउन थाल्यो । तिघ्रामा चिलायो । चिसो भयो । सिकसिक लाग्यो ।

> 'गुन्डा'को जति लात खाए पनि 'हिरो'ले हार मान्दैन थियो । फिल्म आधा सकिएपछि ढोका खोलेर एक-दुई जना बाहिर निस्किए । 'गुन्डा'हरूको आँखा छलेर माउसुलीजस्तै भित्तामा टाँसिँदै फेरि ढोकाछेउ पुगेँ ।

फिल्म सकिन लाग्दा ढोका खोल्न हलको 'गुन्डा' आयो । नबोली बारीको मुला निमोठेजसरी मेरो कान बेस्सरी निमोठ्यो । मैले हत्तपत्त दुवै हातले आफ्नो कान छामेँ । धन्न ! मेरो कान त्यहीँ थियो । सोचेको थिएँ, हलको 'गुन्डा'ले आफूसँगै लिएर गयो होला ! कानको रन्को मुटुमै पुग्यो । एउटा आँखाबाट तुरुक्क आँसु झऱ्यो ।

उज्यालो भित्र छिर्नुअगाडि नै भाग्छु भन्ने योजना बनाइसकेको थिएँ । पर्दामा छलिएर हलको 'गुन्डा'ले ढोका खोल्यो । र, बाहिरियो । ऊ बाहिर जाँदा पर्दाको छिद्रबाट अलिकति उज्यालो भित्र पस्यो । त्यो उज्यालोले मेरो पिसाबको दर्शन पाएन । ऊ बाहिर गएको एकछिनपछि म ढोकाको पर्दामा माउसुली बनेर टासिएँ । ढोकाको एउटा फग्लेटो खोलेर बाहिरतिर चिहाएँ । हलका 'गुन्डा'हरू वरिपरि थिएनन् ।

फिल्म सकिनुअगावै फुत्त बाहिर निस्किएँ । धेरै मान्छेहरूको चहलपहल हुनुअगाडि नै गेटबाहिर आइपुगेँ । हात्तीछाप चप्पल पड्काउँदै कतै नरोकिई बानेश्वर कोठामा आएँ । कान रन्किरहेकै थियो । चिसो पाइन्टमा पिसाब गनाएकै थियो । पाइन्ट प्लास्टिकको झोलामा हाली फोहोरको थुप्रोमा फालिदिएँ ।

भोलि स्कुल जाने बेलामा स्कुल पाइन्ट खोजी हुँदा के भन्ने होला ?

'हिरो' उडेर मेरो कोठामा आइदिए हुने, मलाई स्कुल जाने नयाँ नीलो पाइन्ट ल्याइदिए हुने ! धेरै बेरसम्म मेरो हृदयले यही आग्रह गरिरह्यो । तर, राजेश हमालजस्तो उडेर कुनै 'हिरो' आएन । ◆

लन्च हुनुअघि नै लिक

सामसुङको नयाँ स्मार्टफोन ग्यालेक्सी नोट एट आधिकारिक रूपमा रिलिज हुनुअघि नै यसका फिचरहरू लिक भएका छन् । हुन त यसका कतिपय फिचर केही महिनाअघि नै लिक भएका थिए । आधिकारिक रूपमा सामसुङले यो स्मार्टफोन ७ भदौमा रिलिज गरेको हो । सामसुङ ग्यालेक्सी नोट एट ३० भदौपछि मात्रै बजारमा आइपुग्ने बताइएको छ ।

नोट एटमा दुईवटा १२ मेगापिक्सेलका रियर क्यामेरा छन् । सेल्फीका लागि पनि छुट्टै आठ मेगापिक्सेलको क्यामेरा राखिएको छ । यो स्मार्टफोन पानी र धूलो प्रतिरोधी पनि छ । फिंगरप्रिन्ट र आइरिस स्क्यानर दुवै हुनु यसको अर्को राम्रो पक्ष हो । फिङ्गरप्रिन्ट पछाडि क्यामेरासँगै राखिएको छ । आइरिस स्क्यानरले प्रयोगकर्ताको आँखाको नानी स्क्यान गरेर फोनलाई अनलक गर्छ ।

नोट एटमा ६.३ इन्चको सुपर एमोलेड इन्फिनिटी डिस्प्ले छ । र, यो स्मार्टफोनसँगै सामसुङको एस पेन पनि आउँछ । यो पेन प्रयोग गरेर प्रयोगकर्ताले इमेज वा एनिमेटेड जीआईएफ पनि बनाउन सक्नेछन् । ग्यालेक्सी नोट एट ६४, १२८ र २५६ जीबी स्टोरेज क्षमतामा आउनेछ । र, यसको मूल्य ९ सय ३० डलरबाट सुरु हुनेछ ।

नेपाली सडकमा टाटाको हेक्सा

यूट्युबमा परिवर्तन

यूट्युबले आफ्नो डेस्कटप र मोबाइल एप सबैको डिजाइनमा परिवर्तन ल्याउने तयारी गरेको छ । यो परिवर्तनका लागि यूट्युबले महिनौँदेखि परीक्षण गरिरहेको जनाएको छ । यो परिवर्तनपछि यूट्युब डेस्कटप र एप सबै भर्सनमा एकै किसिमको लोगो देखिन्छ ।



त्यस्तै डिजाइनलाई पनि यूट्युबले सरल र आकर्षक बनाउने प्रयास गरेको छ । अब यूट्युबको पृष्ठभूमिमा सेतो रङको बढी प्रयोग हुनेछ, जसबाट यो हेर्दा पनि निकै सफा र सरल देखिनेछ । तर, प्रयोगकर्तालाई पृष्ठभूमिको सेतो रङलाई कालोमा परिवर्तन गर्ने सुविधा पनि हुनेछ । यसलाई डार्क मोड पनि भनिन्छ । अँध्यारोमा भिडियो हेर्दा पृष्ठभूमि कालो रङको भए आँखाका लागि पनि राम्रो हुने भएकाले यस्तो फिचर ल्याइएको हो ।

प्रयोगकर्ताले ताजा समाचार पनि यूट्युबबाटे पाउन सक्नेछन् । यसका लागि यूट्युबले डेस्कटप र एप सबैमा ब्रेकिङ न्युज खण्ड थप्ने तयारी पनि गरिरहेको छ ।

नाडा अटो सोमार्फत टाटाको हेक्सा एसयूभी कार नेपाल भित्र्याइएको छ । नाडा अटो सोमा यो कारलाई प्रदर्शनीमा राखिएको भए पनि बजारमा भने केही समयपछि मात्र आइपुग्ने बताइएको छ ।

यो कार २ हजार २ सय सीसीको इन्जिनबाट सञ्चालित छ । र, यो इन्जिनले निकाल्ने अधिकतम शक्ति १५३.८ ब्रेक हर्सपावर हो । एसयूभी वर्गमा पर्ने भएकाले अफरोडका लागि उपयुक्त हुने थुप्रै फिचर यो कारमा छन् । जस्तै : हिल होल्ड कन्ट्रोल, हिल डिसेन्ट कन्ट्रोल र ट्र्याक्सन कन्ट्रोल सिस्टम । यी फिचरहरू उकालो, ओरालो र चिप्लो बाटोमा निकै उपयोगी हुन्छन् । यो कारमा ६ वटा एयर ब्याग पनि छन् ।



वाट्सएपमा पनि भेरिफाइड ब्याज

वाट्सएपले पनि अबदेखि भेरिफाइड ब्याज सुरु गर्दैछ । वाट्सएपले भेरिफाइड ब्याजका लागि हरियो पृष्ठभूमिमा सेतो रङ टिक साइन प्रयोग गर्नेछ । तर, व्यापारिक संघ-संस्थाका अकाउन्टलाई मात्र वाट्सएपले भेरिफाइड गर्ने बताइएको छ ।

वाट्सएपमार्फत व्यापारिक कारोबार बढाउनका लागि उसले यस्तो निर्णय गरेको हो । प्रयोगकर्ताले पनि वाट्सएपमा कारोबार गर्दा ती व्यापारिक संस्था विश्वसनीय भए/नभएको पनि भेरिफाइड ब्याजबाट चिन्न सक्नेछन् । वाट्सएपमा भेरिफाइड हुनका लागि त्यस अकाउन्टको नम्बर उक्त संस्थाका नाममा दर्ता भएको र त्यो उसको आधिकारिक सम्पर्क नम्बर हुनु अनिवार्य छ । भेरिफाइड संस्थासँग प्रयोगकर्ताले च्याट वा म्यासेज गर्न पनि सक्नेछन् । तर, यी म्यासेजहरू डिलिट गर्न भने मिल्दैन । किनभने, वाट्सएपले यस्ता संस्थासँग सम्पर्क भएका हरेकको रेकर्ड प्रयोगकर्तासँगै हरबखत सुरक्षित हुनु उचित ठानेको छ ।

पालो अब अग्मेन्टेड रियालिटीको

अहिले *गुगल* र एप्पलले आफ्नो स्मार्टफोनका अपरेटिङ सिस्टममा अग्मेन्टेड रियालिटी फिचर थप्ने तरखर गरिरहेका छन् । अग्मेन्टेड रियालिटी एउटा यस्तो प्लेटफर्म हो, जसबाट हाम्रो वरिपरि भएका वास्तविक वस्तुसँगै अन्य भर्चुअल वा काल्पनिक वस्तु जोडेर हेर्न सकिन्छ ।

यसै प्लेटफर्ममार्फत हाम्रा वरिपरि रहेका वस्तुबारे थुप्रै भौतिक गुणहरू पनि पत्ता लगाउन सकिन्छ । जस्तै : अग्मेन्टेड रियालिटी सपोर्ट गर्ने क्यामेराबाट कुनै एउटा वस्तुको फोटो वा भिडियो खिच्दा त्यसको वास्तविक लम्बाइ, चौडाइ, उचाइ आदिबारे जानकारी लिन सकिन्छ । र, यसरी फोटो खिच्दा क्यामेराबाट नै वरिपरि काल्पनिक वस्तु राखेर फोटो खिच्न सकिन्छ । पोकेमन गो अग्मेन्टेड रियालिटीमा आधारित गेम थियो, जसमा वास्तविक संसारमा नभएका वस्तु देखिन्थे र प्रयोगकर्ताले ती समात्नुपर्थ्यो ।

एप्पलले अब आउन लागेको आईओएस ११ मा अग्मेन्डेट रियालिटी फिचर थप्न लागेको छ, जसलाई उसले एआरकिट भनेको छ । हालै *गुगलले* पनि अग्मेन्टेड रियालिटी (एआर)तर्फ हात हालेको छ । *गुगलले* पनि आउँदा पिक्सेल स्मार्टफोनमा यो नौलो फिचर (एआरकोर) थप्दैछ । एआर फिचर आएपछि ती स्मार्टफोनमा एआरमा आधारित अन्य एपहरू पनि आउने अनुमान छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

स्वदेश फर्केको केटो

शब्द/तस्बिर : विमल खतिवडा

गत साउन अन्तिममा आएको बाढीले चितवन राष्ट्रिय निकुञ्जका आधा दर्जनभन्दा बढी गैँडा बगायो । गैँडा बगेर भारत पुगे । अहिलेसम्म भारतबाट ६ वटा गैँडाको उद्धार गरिएको छ । चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र सौराहाको टोलीले हालै दुई महिनाका गैँडाको बच्चा उद्धार गरेर नेपाल फिर्ता ल्याएको छ । गैँडाका बच्चालाई केटो भनिन्छ । दुईमहिने केटोलाई अहिले जुनियर वन्यजन्तु प्राविधिकको रेखदेखमा राखिएको छ । नवलपरासीको त्रिवेणीस्थित दुई नहरबीचबाट उद्धार गरिएको केटो आत्रामक छ । आक्रमण गर्ने भएकाले केटोको नजिक जान खतरापूर्ण छ । अहिले सुसारेहरू यसलाई मानवमैत्री बनाउनतिर लागेका छन् । केटोलाई दिनमा पाँचपटकसम्म आहारा खुवाइन्छ । सुरुमा यसलाई टाढैबाट फलफूल, मकैका च्याँख्ला, दूध खुवाउने गरिएको थियो भने अहिले लामो बाँसमा सेतो कपडा बाँधेर दूध भिजाउँदै खुवाउन थालिएको छ । ◆

पूजाको ध्यान कता ?

प्रेमगीत व्यावसायिक रूपमा अब्बल साबित भयो । हिरोइन पूजा शर्मा आमदर्शकमाझ परिचित भइन् । तर, डेढ वर्ष लाग्यो, उनको अर्को फिल्म *म यस्तो गीत गाउँछु* रिलिज हुन । पल शाहसँग पूजाको 'केमेस्ट्री' रूचाइयो । तर, फेरि उनी अन्य फिल्ममा अनुबन्ध भएकी छैनन् । जबकि, हामीकहाँ हिट मात्र होइन, फ्लप फिल्मका हिरोइनलाई पनि भ्याइनभ्याई हुन्छ । पूजाचाहिँ बिलकुल भिन्न । कतै अफर नै नआएको त होइन ? चर्चा चल्न थालेको छ । तर, यसलाई नकार्छिन् । चुलबुले भूमिकामा रूचाइएकी यी हिरोइन भन्छिन्, "आफ्नै प्रोडक्सन हाउस खोल्दै छु । मेरो फोकस त्यसमै छ । त्यसैले अरू प्रोजेक्टमा जोडिन सकेकी छैन । तैपनि, चित्तबुझ्दो स्क्रिप्ट र टिमसँग भने काम गर्न तयार छु ।"

आफ्नैमाथि आक्रोश

शिल्पा पोखरेल अभिनीत फिल्म *हामी शरणार्थी* ८ भदौमा प्रदर्शन भयो । फिल्ममा चिनिएकी अनुहार उनीबाहेक कोही थिएन । दुर्भाग्य ! फिल्मले पैसा त कमाएन नै, आए/गएको सम्म पत्तो भएन । एक त *हामी शरणार्थी*सँगै अन्य तीन नेपाली फिल्म रिलिज भए, त्यसमाथि यस फिल्मको प्रचार-प्रसार करिब शून्य थियो । जसको प्रत्यक्ष असर पर्‍यो, बक्स अफिसमा । अनि, शिल्पाको छविमा । सायद यही कारण हुनुपर्छ, आफ्नै निर्माण युनिटसँग उनले आक्रोश पोखिन्, *फेसबुकमा* । उनले लेखेकी छन्, 'फिल्म बनाउनु ठूलो कुरा होइन । फिल्म चलाउनु सबभन्दा गाह्रो कुरा हो भनेर सबै निर्माताले बुझ्नुपर्ने हो । फिल्म बनाउनूस् तर दर्शकको कानसम्म पनि पुर्‍याइदिनूस् कि फिल्म यति गते चल्दैछ भनेर ।' तर, शिल्पालाई हेक्का होला त, राम्रो ब्यानरसँग काम नगर्दाको परिणाम हो यो भन्ने कुरा ।

बल्ल उत्साही

*स्वर*बाट केकी अधिकारीसँगै फिल्मी करिअर सुरू गरेकी थिइन्, बेनिशा हमालले । केकी लोकप्रियता र व्यस्तताको शिखरमा पुगिन् तर डेढ दर्जन फिल्म रिलिज भइसक्दा पनि बेनिशाले सफलताको स्वाद चाख्नै पाएकी छैनन् । एकाध फिल्म व्यावसायिक रूपमा सफल हुंदासमेत सफलता उनको श्रेयमा परेन । पछिल्लोपटक *किङ* फ्लप भएर मर्माहत भएकी बेनिशा यतिबेला दंग छिन् । नहून् कसरी, दुई प्रतीक्षित फिल्ममा मुख्य भूमिका निर्वाह गर्न पाएपछि । *ब्लाइन्ड रक्स*मा दृष्टिविहीन श्रृष्टि केसीको भूमिकामा देखिँदै छिन् भने *झ्यानाकुटी*मा सौगात मल्लसँग स्क्रिन सेयर गरेकी छन् । दुवै फिल्मको प्रचार-प्रचारको केन्द्रमा उनी नै छिन् । अन्य फिल्मबाट पनि अफर आइरहेको छ । बेनिशाको दिन आएकै हो त ?

दुई रूपियाँका नायक

गायन र म्युजिक भिडियो निर्देशनमा सफलता चुमेपछि आशिफ शाहले फिचर फिल्म निर्देशन गरे, *कर्कश* । दयाहाङ राई, सुरजसिंह ठकुरीजस्ता गिनेचुनेका हिरोलाई खेलाए पनि *कर्कश*ले न पैसा कमायो, न त प्रशंसा । फिल्मको लगानीसमेत 'रिकभर' भएन । त्यसपछिका चार वर्ष त्यत्तिकै बिते । गायनमा समेत सक्रिय देखिएनन् । उनै आशिफ नायकका रूपमा देखा परेका छन्, फिल्म *दुई रूपियाँ*बाट । त्यसो त यसअगाडि *लभ साशा*मा पनि अभिनय गरेका थिए तर 'केमियो' मात्र । *दुई रूपियाँ*को प्रमुख पात्र नै आशिफ हुन् । निर्देशनको कमान्ड सम्हालेका छन्, उनकै भाइ अशिम शाहले । 'कुटुमा कुटु...' गीत र ट्रेलरले काफी चर्चा बटुलेको छ तर बक्स अफिसमा कत्तिको कमाल मच्चाउने हो, त्यो भने २३ भदौमा फिल्म रिलिज भएपछि नै थाहा हुनेछ ।

पुरानै क्यानभासमा नयाँ रङ

गोकर्ण गौतम

कुनै समयको हिट फिल्म हो, *ए मेरो हजुर*। निर्देशक थिए, शिव रेग्मी। हिरो श्रीकृष्ण श्रेष्ठ अनि हिरोइन झरना थापा। शिव र श्रीकृष्ण दिवंगत भए। झरना निर्देशक बनेकी छन्, *ए मेरो हजुर २* बाट। तर, नामका पछाडि २ झुन्ड्याए पनि यो फिल्म *ए मेरो हजुर*को सिक्वेल होइन। झरनाले नयाँ पुस्ताको प्रेम कथा भन्ने प्रयास गरेकी छन्, साम्राज्ञीराज्यलक्ष्मी शाह र सलिनमान बानियाँको साथ लिएर। हिजो उनले खेल्नेभन्दा निर्देशन गरेको फिल्म बेग्लै छ, प्रस्तुति र माहोलमा। तर, कथा भने आफैँमा ताजा या तिलस्मी होइन। पुरानै कथामा नयाँ चरित्र र तिनका केही प्रवृत्ति घुसाएर 'कलरफुल' बनाइएको छ। कलात्मक कथ्य संरचनामा होइन, मनोरञ्जनका विद्यमान मसला राखेर 'टायमपास' फिल्म बनाउनेमा जोड छ निर्देशकको।

पोखरामा स्कुल पढ्दा सानैमा प्रेम (सलिनमान)को माया (साम्राज्ञी)सँग माया बसेको हुन्छ। माया पनि उनलाई औधी माया गर्थिन्। बाबुको जागिरका कारण प्रेमले पोखरा छोड्नुपर्छ। तर, मायाको सम्झनाले कहिल्यै छोड्दैन। त्यसैले त लक्काजवान भइसकेपछि पनि माया खोज्दै पोखरा पुग्छ। संयोगवश भेट हुन्छ। तर, मायाले चिन्दै-चिन्दिनन्। अस्ट्रेलियाबाट फर्केको केटासँग मायाको बिहे पक्कापक्की भइसकेको हुन्छ। तैपनि, मायाको मन जित्न प्रेमले अनेक यत्न गर्छ। के उसले मायालाई पाउला त ? क्लाइमेक्सले दर्शकलाई झस्काउँछ।

बाल्यकालकी प्रेमिका खोज्न निस्कने प्रेमीको कथा पर्दामा पटक-पटक हेरिएको छ। यो दृष्टिले फिल्मको मूल कथा एकदम बासी हो भन्न कत्ति पनि अनकनाउनु पर्दैन। रसिलो प्रस्तुतिको आडमा ताजगी दिलाउनचाहिँ सकिन्थ्यो। तर, निर्देशकले गुदीभन्दा आवरणलाई बढी प्राथमिकता दिँदा फिल्म अब्बल हुन सकेको छैन। कथा अघि बढाउने सन्दर्भमा पुरानै सूत्रलाई आत्मसात् गरिएको छ। तैपनि, सहायक पात्र र केही 'ट्रिटमेन्ट'ले फिल्मको साख बचाएको छ। फिल्ममा त्यस्तो कुनै दृश्य छैन, जुन कथानकको कोणबाट 'वाह' भन्न सकियोस्। र, त्यस्तो दृश्य पनि छैन, जसले दर्शकको कन्पारो तताओस्। यसको पटकथा सामीप्यराज तिमल्सिना र हरिहर अधिकारीले लेखेका हुन्। उनीहरूको पटकथामा जसोतसो 'इन्गेज' त भइन्छ तर कथामा चुस्तता महसुस हुन्न। लामा दृश्य त छँदैछन्। झिनामसिना लाग्ने पुराना दृश्य पनि पटक-पटक दोहोर्‍याइएको छ, जसले कथाको बहाव बिथोलेको छ।

फिल्मको मुख्य कमजोरी नै सम्पादन चुस्त नहुनु हो। सुरुआतदेखि क्लाइमेक्ससम्मै यो समस्याले आक्रान्त बनेको छ, फिल्म। करिब २५ मिनेटको बोझिलो दृश्य काटेको भए फिल्म अर्कै तहमा पुग्थ्यो। फुच्चे प्रेम र मायाको सम्बन्ध स्थापित गर्ने, काठमाडौँदेखि पोखरासम्मको यात्रा, अन्तिमतिरको बिहेको प्रसंगदेखि क्लाइमेक्सको दृश्यसमेत जबर्जस्ती तन्काइएको छ। अझ अटोमै फोटो हुँदाहुँदै केही नभएझैँ मायाको स्केच कोर्न लगाउनु त हास्यास्पद छ। यस्ता दृश्यले निर्देशकको अपरिपक्वता झल्काउँछ। न त प्रेमले 'माया' भनेर चिच्याएको र गीत गाएको दृश्यले नै दर्शकको मन जित्छ। बरू, पुरानो स्कुले गाडी प्रतीकात्मक छ।

रमाइलो त पटकथाभन्दा संवाद अनि मूल पात्रभन्दा सहायक पात्र बढी सम्झनालायक छन्। सलिनमानको 'सिग्नेचर' संवाद मात्र होइन, मायाका अधिक संवाद प्रेमिल छन्। साम्राज्ञी र बुद्धि तामाङका कतिपय संवाद उत्तिकै चोटिला छन्। फिल्मको मेरुदण्ड हुन्, सहायक भूमिकामा देखापरेका सलोन बस्नेत र उनको अभिनय। सलोनको चरित्रले मूल कथालाई मूर्त बनाउन उल्लेखनीय योगदान गरेको छ। यसको पहिलो जस पटकथाकारद्वयलाई जान्छ। बरू, झरनाले यतिविघ्न भद्दा चुट्किला र द्विअर्थी संवादलाई किन महत्त्व दिइन्, अचम्म लाग्छ। भलै तिनले दर्शकलाई सतही मनोरञ्जन प्रदान गर्छ। फिल्ममा समलिङ्गी पुरुषभित्रको भावलाई मर्मस्पर्शी शैलीमा पोखिएको छ।

पृष्ठभूमि संगीत फिल्मको वजन घटाउने अर्को कारक हो। तर, लोकेसन र सिनेमाटोग्राफी साँच्चै तारिफयोग्य छ। सञ्जय लामाले तिलिचो ताललाई जादुई शैलीमा कैद गरेका छन्। मनाङका दृश्य देख्दा जो कोहीको आँखा शीतल हुन्छ। कलाकारको वेशभूषा, सेट पनि त्यस्तै चमकदार छ। गीत-संगीत श्रुतिमधुर त छ नै, कथानकलाई थप जीवन दिएका छन्। कोरियोग्राफी पनि 'रिच' छ। शङ्कै छैन, निर्माता सुनिलकुमार थापाले दिल खोलेर खर्च गरेका छन्। सुन्दर मुहारको धनी सलिनमानको अभिनय औसत छ। उनका सुरुआती संवाद कृत्रिम लाग्छन्। निखारता ल्याए अभिनयमा उनको भविष्य उज्ज्वल छ। साम्राज्ञीमा भने अपेक्षाकृत 'ग्रोथ' छैन। अन्तिममा चर्को नारीवादी भाषण चरित्रको ग्राफभन्दा बाहिरको लाग्छ। बरू, सलोनको चरित्र उनकै लागि लेखिएझैँ लाग्छ। उनी दर्शकलाई 'होल्ड' गर्न सफल छन्। श्रीकृष्ण श्रेष्ठको 'ट्रिब्युट क्यारेक्टर' हुन्, बुद्धि तामाङ। यही फिल्मबाट मन खोलेर तारिफ गर्ने मौका नमिले पनि निर्देशकको रूपमा झरनाको प्रवेश स्वागतयोग्य नै छ।

प्रेमिल फिल्मका पारखी र सलिन-साम्राज्ञी-सलोनका प्रशंसक दंग पर्ने अनि कलात्मकता र नवीनता खोज्नेचाहिँ खिस्रिक्क हुने फिल्म हो, *ए मेरो हजुर २*। हेरुन्जेल पट्यारैचाहिँ लाग्दैन। ♦

'गिद्ध देखेर अनुहार खुम्च्याउने होइन, आनन्दित हुनुपर्छ'

कृष्ण भूसाल, ३२, लोपोन्मुख पन्छी गिद्धका अध्येता एवं संरक्षणकर्मी हुन् । गिद्धको अनुसन्धान गर्न मुलुकका ५६ जिल्ला पुगेका भूसालले प्राणीशास्त्रमा स्नातकोत्तर गरेका छन् । गिद्धप्रति सचेतना जगाउन नौ वर्षअघिदेखि बर्सेनि सेप्टेम्बर महिनाको पहिलो शनिबार अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाइन्छ । यसै सन्दर्भमा भूसालसँग गरिएको कुराकानी :

किन यतिपछि आएर मात्र गिद्ध सचेतना दिवस मनाउन थालिएको हो ?

गिद्धको महत्त्वबारे सीमित व्यक्तिबाहेक धेरैलाई थाहा थिएन । गिद्ध हराउँदै गएपछि बिस्तारै पर्यावरणीय चक्र र सनातन खाद्यशृंखला असन्तुलित हुँदै जान थाल्यो । दुर्गन्ध बढ्यो । रोग-व्याधिको त्रास भयो । यसरी पारिस्थितिकीय प्रणाली असन्तुलित बनेपछि सरोकारवाला सचेत भए र ढिलै भए पनि यो दिवस मनाउन थालियो ।

दिवस मनाएपछि गिद्ध संरक्षणमा के फरक आएको छ ?

यस्ता कार्यक्रमले समाजको तल्लो तहसम्म गिद्धको महत्त्वबारे सन्देश प्रवाह हुन्छ । आफूलाई फाइदा गर्ने भएपछि सामाजिक एकाइहरू स्वत: संरक्षणमा जुट्ने वातावरण बन्न सक्छ ।

तपाईंचाहिँ गिद्ध संरक्षणमा कसरी लाग्नुभयो ?

मेरो घरनजिकै गिद्धको बासस्थान थियो । गिद्धले सिनोमा लुछाचुँडी गरेको देख्थेँ । सायद त्यतिबेलैदेखि गिद्धबारे उत्सुकता जाग्यो, मेरो अवचेतनमा । त्यसपछि मैले प्राणीशास्त्र पढेँ । त्यही भएकाले गिद्धबारे अध्ययन गर्नु मेरा लागि सहज र कौतूहल दुवै थियो ।

गिद्धको नाम सुन्दै धेरैले राम्रो मान्दैनन्, तपाईंचाहिँ यसकै पछाडि लाग्नुभएको छ, किन ?

सिकारी चरा समूह अन्तर्गत पर्ने गिद्ध ठूलो मांसाहारी पन्छी हो । यसले सिनो खाएर वातावरण प्रदूषित, दुर्गन्धित र रोगमुक्त बनाउँछ । त्यसैले गिद्ध देखेर अनुहार खुम्च्याउने होइन, आनन्दित हुनुपर्छ भनेर म गिद्ध संरक्षणमा लागेको हुँ । गिद्धको धार्मिक र सांस्कृतिक महत्त्व पनि छ ।

धार्मिक र सांस्कृतिक महत्त्व भन्नाले ?

हिन्दु धर्ममा गिद्धलाई शनि देवताको वाहनका रूपमा पुजिन्छ । *रामायण*मा रावणले सीतालाई हरण गरी लंका लैजाँदा सीतालाई बचाउन गिद्ध अन्तिम श्वास रहुन्जेल लडेको उल्लेख छ । नेपालको हिमाली क्षेत्रमा बस्ने तिब्बती मूलका लामा समुदायले गिद्धलाई मृत आत्मा स्वर्ग पुऱ्याउने दूतका रूपमा पुज्ने गर्छन् । उनीहरूले शव गिद्धलाई खुवाउने कारण यही हो ।

गिद्ध लोप हुनुको मुख्य कारण के हो ?

सन् १९९० को मध्यदेखि दक्षिण एसियाका नेपाल, भारत र पाकिस्तानमा गिद्धको संख्यामा ह्रास आएको हो । यसको कारक घरपालुवा जनावरको उपचारमा प्रयोग गरिने औषधि 'डाइक्लोफेनेक' हो ।

कसरी ?

सुन्निएको र दुखेको निको पार्न पशुलाई डाइक्लोफेनेक नामक औषधि दिइन्छ । यो औषधि खुवाएको पशुको सिनो गिद्धले खायो भने औषधिको विषाक्तपनले गिद्धको रगतमा युरिक एसिडको मात्रा बढाउँछ । र, 'भिसरल गाउट' गराउँछ । त्यसपछि मिर्गौलाले 'युरिक एसिड' छान्न सक्दैन र गिद्ध मर्छ । गिद्धले समूहमा खाने हुँदा डाइक्लोफेनेक प्रभावित एउटै सिनोबाट ठूलो संख्यामा मर्छन् ।

तर, यो औषधि त प्रतिबन्धित छ नि ?

हो, सरकारले विसं ०६३ देखि यो औषधिमा प्रतिबन्ध लगाएको छ । तर, बासस्थान विनाश, आहारा अभाव, विषादीको बढ्दो प्रयोग, बासस्थान वरपर विद्युतीय तार लैजानुले सानो संख्यामा रहेका गिद्धलाई अझै संकटमा पारिरहेको छ ।

नेपालमा गिद्धको अवस्था कस्तो छ ?

डेढ दशकअघिसम्म हाम्रो हिमालदेखि तराईसम्म गिद्धका थुप्रै समूह देखिन्थे । तर, आज त्यो दृश्य दुर्लभ बनेको छ । सन् २००२ देखि २०१० सम्मको राजमार्ग ट्रान्सेक्ट सर्भेबाट डङ्गर प्रजातिको गिद्ध ९१ प्रतिशतले घटेको छ । तर, सन् २०१३ देखि २०१७ को सर्भेमा भने गिद्धको संख्या घट्ने दरमा स्थिरता देखिएको छ । नेपालमा पाइने सानो खैरो, डङ्गर, लामो ठुडे र सुन गिद्धलाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले अति सङ्कटापन्न र सेतो गिद्धलाई सङ्कटापन्न सूचीमा राखेको छ ।

यस्तो सूचीको अर्थ के हो ?

अतिसङ्कटापन्न सूचीमा परेका प्रजाति अब १० वर्षभित्र लोप हुने सम्भावना ५० प्रतिशत हुन्छ । तर, सचेतनाकै कारण हालका वर्षमा भने गिद्धको विनाशदरमा कमी आएको छ ।

गिद्धको पखेटामा स्याटेलाइट लगाएर अध्ययन भइरहेको छ । यसबाट कुन कुरा अध्ययन गर्न खोजिएको हो ?

गिद्धबारे यसरी काम भएको विश्वमै पहिलो हो । चितवन राष्ट्रिय निकुञ्जको 'भल्चर ब्रिडिङ सेन्टर'मा हुर्काइएका ६ वटा गिद्धका पखेटामा 'स्याटेलाइट ट्याग' लगाइएको छ । यसबाट गिद्धको चाल, उसको खानपिनलगायतका गतिविधिको सूचना लिइन्छ । यसले गिद्धको संरक्षण र अनुसन्धानमा थप सहयोग पुग्ने आशा छ ।

मनोज पौडेल

मनबहादुर बस्नेत

झन्डै पदकको पासो

"हेलो ! फलानो सर बोल्नुभएको होइन ?"

"हो," निश्चित भएपछि आफ्नो परिचयसहित फोन गर्नुको उद्देश्य बताएँ ।

निकै ध्यान दिएर सुनेपछि उनले मैले खोजेको सूचना दिनुअगावै अचानक सोधे, "पत्रकारिता गर्नुभएको कति भो ?"

"भयो पाँच-सात वर्ष," सामान्य सोधपुछ होला भनेर टिपनटापन शैलीमा जवाफ फर्काइदिएँ ।

"ओहो ! त्यत्रो भइसकेको रहेछ !" उनले आश्चर्यबोधक शैलीमा भने, "अलि अस्ति नै हाम्रो सम्पर्क भएको भए हुन्थ्यो । अब त केही गर्न सकिँदैन ।" गर्नुपर्ने के थियो ? अनि, नसकिनेचाहिँ के हो ? म रनभुल्ल परेँ र सोधेँ, "किन र ?"

"होइन, बेलैमा भएको भए पदक पाउने सूचीमा तपाईंको नाम चढाउन सकिन्थ्यो, यत्रो वर्ष काम गरिसक्नुभएको रहेछ," उनको भनाइले म एकछिन त अलमलमा परेँ ।

प्रसंग हो, सरकारले बर्सेनि दिने विभिन्न मानपद्वी र विभूषणहरूको । गणतन्त्र दिवसका दिन यसपालि पनि थुप्रै विवादास्पद व्यक्तिहरूलाई पदक बाँड्ने सूची निस्कियो । अधिकांशले 'अपग्रेड' भएर

उपल्लो स्तरको पदक एवं विभूषण पाए भने केही विवादास्पद व्यक्ति पनि विभूषित भए । यही विषयमा रिपोर्टिङका सिलसिलामा गृह मन्त्रालयका उल्लेखित व्यक्तिसँग सम्पर्क गरेको थिएँ । उनी मन्त्रालयमा विभूषण शाखाका उपल्ला तहका कर्मचारी हुन्, जसले 'आपसमा मिलाएर पदक पाउने सूचीमा चढाउन' सम्भव हुने अलौकिक कुरा हाकाहाकी सुनाए । ताज्जुबको कुरा त यो हो कि यी व्यक्तिसँग मेरो सामान्य चिनजानसमेत थिएन । पहिलोपटकको सम्पर्क, त्यसमाथि देखादेख पनि होइन । तर, ठाडै 'पदक दिइने' प्रस्ताव पो राखे । "यसपालि यस्तै भयो, अब भेटघाट गर्नुपर्छ अनि अर्कोपालि मिलाऔँला नि !" उनले निर्धक्कै भने । आफूलाई केही सूचना हात लगाउनु थियो र अर्को साता भेट्ने वाचा गरेँ । भेटेँ र आफ्नो काम फत्ते गरेँ । विभूषण र पदक सम्मान यो हदसम्म गिरेकामा भने लाग्नु चिन्ता लागिरह्यो । तर, हामीले चिन्ता गरेर के हुन्छ र ? चिन्ता गर्ने जिम्मेवारी पाएकाले गरिदिए पो !

चकलेटी सिंहदरबार

सामान्य प्रशासन मन्त्रालयका एक जना हितैषी कर्मचारीको कार्यकक्षमा छिर्नासाथै चकलेटको झोला टक्र्याउँदै टिप्न भने । वरिपरि हेरेँ, कसैको मुखमा त कसैको हातमा चकलेट । भर्खरै जापान भ्रमणबाट फर्किएको उपलक्ष्यमा उनले चकलेट बाँडेका रहेछन् । त्यसपछि प्रधानमन्त्रीको कार्यालयमा पुगियो, त्यहाँ पनि चकलेटकै स्वागत पाइयो । अनि, गृह मन्त्रालयमा पनि चकलेटले नै मुख गुलियो पार्न पाइयो । अझ कतिपय ठाउँमा त बालबच्चाका लागि समेत बोक्ने व्यवस्था रहेछ ।

शिक्षा, सामान्य, प्रधानमन्त्रीको कार्यालय, गृह, रक्षा, अर्थ मन्त्रालयमा

साउनको अन्तिम साता पुग्दा चकलेटी स्वागत गज्जबको पाइयो । हो, साउन जाँदो र भदौ लाग्दोमा सिंहदरबार बर्सेनि यसरी नै चकलेटमय बन्दो रहेछ । तर, गुलियोपनको जरोमा पुगेपछि भने स्वादचाहिँ तीतो बन्दो रहेछ । बजेट सक्काउन राज्यकोषको करोडौँ रूपियाँ स्वाहा पारेर विदेश भ्रमणमा जाने कर्मचारीहरूले ल्याएको चकलेटले सिंहदरबारलाई यति गुलियो बनाउँदो रहेछ । आखिर यस्तै प्रवृत्तिले त हो, सिंहदरबारसँग जनताको सम्बन्ध जहिल्यै तीतो भएको ।

अस्पतालमा धामी !

एक जना अधबैंसे व्यक्ति बालकलाई काँधमा बोकेर दौडिरहेका थिए । बालकले आँखा चिम्लिएजस्तो देखिन्थ्यो । केहीअगाडि पुरानो बसपार्क छेउमा काठमाडौं महानगरपालिकाको स्वास्थ्य चौकी थियो । सोचेँ, बिरामी बालकलाई त्यहीं लगेको होला । के रोग लागेछ भन्ने उत्सुकता जागेपछि स्वास्थ्य चौकीतिर गएँ । अचम्म ! बालकलाई स्वास्थ्य चौकीसँगै जोडिएको धामीकहाँ लगिएको रहेछ, झारफुकका लागि । बिरामी बालकको हालत यति नाजुक देखिन्थ्यो कि आँखा खुलेको थिएन । अइया, आथ्था केही थिएन । पूरै बेहोस । भेला भएका मानिसले बालकलाई अस्पताल लैजान भनिरहेका थिए । तर, उनी चुपचाप फुक्ने पालो पर्खिरहेका थिए, अरूको सुझाव मानिरहेका थिएनन् । एक जनाले बेहोस बालकलाई तुरून्त अस्पताल नलगे प्रहरी बोलाइदिन्छु भनेपछि चाहिँ नजिकैको मोडल अस्पतालतिर दौडाए । घटना झन्डै एक महिनाअघिको हो ।

धामीको थलो र महानगरपालिकाको स्वास्थ्य चौकी आपसमा जोडिएका छन् । धामीकहाँ टनाटन मानिस छन् तर स्वास्थ्य चौकी सधैं सुनसान । कुनै नामी अस्पतालमा उपचार गराउन आएसरी धामीकहाँ मेची-महाकालीका मानिस ओइरिन्छन् । धामी बसेको निसाना दिने साइनबोर्ड छैन । सोधीखोजी गर्दै पुग्छन् । यो विश्वास कि अन्धविश्वास ? सोच्दासोच्दै बिरामी बालकलाई बोक्ने अघिको मानिस पुनः धामीकहाँ नै टुप्लुक्क झुल्किए ।

बालकलाई अस्पतालको आकस्मिक कक्षमा छोडेर धामी डाक्न आएका रहेछन्, उनी । "लौन बा अस्पतालमै गएर भए पनि फुकिदिनुपर्‍यो," उनी धामीलाई भनिरहेका थिए । धामी पनि के कम, अक्षता र पात बोकेर जान तयार भइहाले । त्यहीं भएकामध्ये कसैले अस्पतालमा फुकफाक गरे प्रहरीले समात्छ भनिदिएपछि धामी हच्किए । तैपनि, उनले मन्त्र पढेर अक्षता र पाती दिंदै भने, "यो बालकको शिर र पेटमा राखिदिनु, ठीक हुन्छ ।"

केही दिनपछि सोधीखोजी गर्दा थाहा भयो, बालकलाई चिकित्सकले 'मास हिस्टेरिया' भएको पत्तो लगाएछन् । साँच्चै ती हठी अधबैंसेले चिकित्सकको कुरा पत्याए होलान् वा धामीको अक्षता-मन्तरले बिरामी ठीक भएको ठाने होलान् ? ♦

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Dominar 400	Pulsar RS 200	Pulsar AS 200	Pulsar AS 150	Pulsar 200NS	Pulsar NS160	Pulsar 220F DTS-i	Pulsar 180 DTS-i	Pulsar 150 DTS-i	Avenger Cruise 220	Avenger Street 220	Avenger Street 150	V	Discover 150	Discover 125 Disc	Discover 125 Drum	Platina ES
Rs. 4,69,900/-	Rs. 3,99,900/-	Rs. 2,86,900/-	Rs. 2,51,900/-	Rs. 2,92,900/-	Rs. 2,59,900/-	Rs. 2,89,900/-	Rs. 2,51,900/-	Rs. 2,39,900/-	Rs. 3,04,900/-	Rs. 2,92,900/-	Rs. 2,58,900/-	Rs. 2,11,900/-	Rs. 2,01,900/-	Rs. 1,84,900/-	Rs. 1,76,900/-	Rs. 1,53,900/-

SOLE DISTRIBUTOR FOR NEPAL:
Hansraj Hulaschand & Co. Pvt. Ltd., Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 520974, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520316, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Parasi 520048, Bhairahawa 521855, Butwal 544549, Jeetpur (4 No.) 550249, Palpa 521349, Tamghas 520419, Arghakhanchi 420288, Rampur 400480, Waling 9856055684, Chandruata 540457

MID-WESTERN REGION:
Lamahi 540647, Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 522753, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055